नी.अ.प्र प्रकाशन सङ्ख्या १०९

# नीति अनुसन्धान प्रतिष्ठानको वार्षिक प्रतिवेदन

## आ.व. २०८१/८२

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

नारायणहिटी, काठमाडौं

नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेश २०७५ को दफा २४(१) र (२) बमोजिम नेपाल सरकारसमक्ष पेस गरिएको

# नीति अनुसन्धान प्रतिष्ठानको वार्षिक प्रतिवेदन आ.व. २०८१/८२

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

**नारायणहिटी, काठमाडौं**

**भदौ, २०८२**

नीअप्र वार्षिक प्रतिवेदन: ००५

**लेआउट** : सुविन उलक

**फोटो** : विमल चन्द्र शर्मा र सुविन उलक

**प्रकाशन मिति** : भदौ, २०८२

**प्रकाशन प्रति** : ३००

**नीति अनुसन्धान प्रतिष्ठान**

नारायणहिटी, काठमाडौँ, नेपाल

इमेल: info@pri.gov.np

वेब: www.pri.gov.np

फोन: +९७७-१-४५३०५१७/४५३४९७९

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)

प.सं. :–
चनं. :–

मिति :– २०८२/०५/२०

**विषय: वार्षिक प्रतिवेदन**

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं

नीति अनुसन्धान प्रतिष्ठानले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेश २०७५ को दफा २४(१) र (२) बमोजिम नेपाल सरकारसमक्ष पेस गरेको छु ।

भवदीय,

(प्रा.डा. लेखनाथ शर्मा)
कार्यकारी अध्यक्ष

नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९

Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979

Email: info@pri.gov.np
Website: www.pri.gov.np

# नीति अनुसन्धान प्रतिष्ठान विकास समिति

## कार्यकारी अध्यक्ष



**प्रा.डा. लेखनाथ शर्मा**
(जेठ १६, २०८१ देखि)

## सदस्यहरू



**डा. पुष्पराज राजकर्णिकार**
(असोज ११, २०७९ देखि)



**प्रा.डा. अरबिन्द कुमार केशरी**
(असोज ११, २०७९ देखि)



**डा. श्यामु थापा मगर**
(असोज ११, २०७९ देखि)



**डा. इन्द्र कुमारी अधिकारी**
(असोज ११, २०७९ देखि)

# सल्लाहकार समिति

| | | | |
|---|---|---|---|
| १ | डा. जगदिशचन्द्र पोखरेल | ५ | प्रा.डा. मीन बहादुर बिष्ट |
| २ | डा. डिल्लीराज खनाल | ६ | डा. रबिना जी. रसाईली |
| ३ | प्रा.डा. बिपिन अधिकारी | ७ | प्रा.डा. राम प्रसाद चौधरी |
| ४ | श्री मधुरमण आचार्य | ८ | श्री लीलामणि पौड्याल |

# प्राक्कथन

प्रतिष्ठानले यो प्रतिवेदन नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेश २०७५ को दफा २४(१) र (२) को प्रावधान अनुसार तयार गरेको हो । यस प्रतिवेदनमा २०८१ साउन १ देखि २०८२ असार ३२ सम्म प्रतिष्ठानले सम्पन्न गरेका अध्ययन अनुसन्धान र सम्बन्धित कार्यहरू लगायत यस अवधिमा हासिल गरेका उपलब्धिहरू समावेश छन् । मुख्यगरी, प्रतिष्ठानको परिचय, सङ्गठन र संरचना, यस अवधिमा प्रतिष्ठानले सम्पन्न गरेका क्रियाकलापहरू, आर्थिक प्रतिवेदनहरूको विवरण र प्रतिष्ठानले विभिन्न विषयमा नेपाल सरकारसमक्ष प्रस्तुत गरेका नीति पृष्ठपोषणहरू यस प्रतिवेदनमा छन् । साथै, प्रतिष्ठान विकास समितिले गरेका नीतिगत निर्णयहरू एवम् विभिन्न संघ-संस्थाहरूसँग गरिएका समझदारीपत्रहरूका विवरण पनि यसमा समावेश छन् ।

अघिल्ला आर्थिक वर्षहरूमा जस्तै यस आर्थिक वर्षमा पनि प्रतिष्ठानले नीति अनुसन्धानका क्षेत्रमा निरन्तर सिकाइसहित आफूलाई थप जिम्मेवार, पेशागत र अनुभवी बनाउँदै आएको छ । प्रतिष्ठानले गर्ने नीति अध्ययन अनुसन्धानहरूलाई राज्यले लिएका आवधिक सोच, लक्ष्य र रणनीतिसँग मिलान गरी प्राथमिकीकरण गर्दै आवश्यकता अनुसार द्रुत र लामा दुवै खाले अध्ययन अनुसन्धानहरू यस अवधिमा पनि अभ्यासमा रहे । विश्वसनीय प्रमाण र जानकारीहरूका आधारमा नीति सिफारिस गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी कार्य सम्पादन गर्नुपर्ने केही कार्यहरू यस अवधिमा भएका छन् भने प्रतिष्ठानका आगामी क्रियाकलापहरू सोही अनुसार निर्देशित हुनुपर्ने महसुस गरेको छु । साथै, प्रतिष्ठानले गरेका नीति सिफारिसहरूको कार्यान्वयन खासगरी ती सिफारिसहरू प्रमाण-सुसूचित नीतिनिर्माण र परिमार्जनमा कसरी प्रयोग भएका छन् भन्नेबारे प्रतिष्ठानले चासो लिने र त्यसतर्फ केन्द्रित भई कार्य सम्पादन हुनुपर्ने बेला आएको लागेको छ ।

यस अवधिमा सम्पन्न कार्यहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निरन्तर सहयोगका लागि नीति अनुसन्धान प्रतिष्ठान परिवार हार्दिक आभार व्यक्त गर्दछ । साथै, प्रतिष्ठानले यस आर्थिक वर्षमा सम्पन्न गरेका र यस अवधिमा हासिल भएका उपलब्धिहरूका लागि सम्बन्धित विभिन्न मन्त्रालय, विश्वविद्यालय, प्राज्ञिक संस्था, अनुसन्धानकर्ता, प्रतिष्ठानका कर्मचारी र अन्य सरोकारवालाहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । उहाँहरूको प्रत्यक्ष एवम् परोक्ष संलग्नता, सहयोग र योगदानले प्राप्त उपलब्धिहरू सम्भव भएका हुन् । साथै, प्रतिष्ठानले गर्ने अध्ययन अनुसन्धानहरू र नेपाल सरकारलाई गर्ने नीति सिफारिसहरूलाई थप वस्तुगत, प्रमाणमा आधारित, समयसामयिक र उपयोगी बनाउनेतर्फ आगामी दिनमा पनि सम्बन्धित सबैको सुझाव, सहयोग र संलग्नताको निरन्तरता समेत अपेक्षा गरेको छु ।

प्रतिवेदनका लागि आवश्यक सामाग्रीहरूको सङ्कलन कार्यमा सहयोग गर्नुहुने प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराई, अनुसन्धान विभाग प्रमुख डा. हरि शर्मा न्यौपाने, लेखा अधिकृत मचा भाइ महर्जन, सहअनुसन्धानकर्ता गोपाल आचार्य, प्रतिष्ठानको सार्वजनिक नीति स्रोत केन्द्रका संयोजक विमल चन्द्र शर्मा र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यस प्रतिवेदन तयारीका विभिन्न चरणहरूमा संलग्न प्रतिष्ठानका सबै अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरू हार्दिक धन्यवादका पात्र हुनुहुन्छ ।

प्रतिवेदनलाई यस स्वरूपमा तयार गर्नका लागि आवश्यक विषयवस्तुहरू जुटाउने कार्यमा समन्वय गरी प्रतिवेदनको सम्पादन कार्यमा प्रमुखरूपमा संलग्न प्रतिष्ठानका सहअनुसन्धानकर्ता दिपेन्द्र प्रसाद पन्त र सम्पादन लगायत प्रतिवेदन परिष्कृत गर्ने कार्यमा संलग्न प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्मा, विश्लेषकद्वय सोनिया बस्याल र प्राञ्जल रिजाल र इन्टर्न आशिष भण्डारी प्रति आभार व्यक्त गर्दछु । साथै, अत्यन्त मेहनतका साथ यस प्रतिवेदनको ग्राफिक-डिजाइन गर्नुहुने सुविन उलकलाई विशेष धन्यवाद दिन चाहन्छु ।

प्रा.डा. लेखनाथ शर्मा
कार्यकारी अध्यक्ष
२० भदौ २०८२

# सारसङ्क्षेप

१. नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश २०७५ अनुरूप २०७५ कार्तिक २८ गते विशेषज्ञ समूह (थिङ्क ट्याङ्क) को रूपमा नेपाल सरकारद्वारा स्थापना भएको नीति अनुसन्धान प्रतिष्ठानले नेपाल सरकारबाट प्राप्त बृहत् कार्यादेश र कार्यक्षेत्र अनुसार राष्ट्रले विविध विषयमा अपनाएका/अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना र कार्यक्रमको अनुसन्धान गर्दैआएको छ ।

२. नीति अनुसन्धान प्रतिष्ठानका विषयगत र प्रशासनिक कार्यहरूका लागि रणनीतिक नेतृत्व र मार्गदर्शन प्रदान गर्न पाँच सदस्यीय नीति अनुसन्धान प्रतिष्ठान विकास समिति रहने व्यवस्था अनुसार यस अवधिमा प्रा.डा. लेखनाथ शर्मा, कार्यकारी अध्यक्ष र डा. पुष्पराज राजकर्णिकार, प्रा.डा. अरबिन्द कुमार केशरी, डा. श्यामु थापा मगर र डा. इन्द्र कुमारी अधिकारी सदस्य रहेको प्रतिष्ठान विकास समितिले जम्मा आठ वटा बैठक बसी विभिन्न नीतिगत विषयहरूमा मार्गदर्शन गरेको थियो ।

३. यस अवधिमा नीति अनुसन्धान प्रतिष्ठानमा रहेका तीन विभागहरू (अनुसन्धान विभाग, सूचना तथा ज्ञान व्यवस्थापन विभाग र व्यवस्थापन विभाग) र अन्तर्गतका केन्द्रहरू मार्फत प्रतिष्ठानको स्वीकृत पदहरूमध्ये यस आर्थिक वर्षमा तत्काल कायम रहेका ६ जना वरिष्ठ अनुसन्धानकर्ता, ६ जना अनुसन्धानकर्ता, ६ जना सहअनुसन्धानकर्ता, ४ जना विश्लेषक, कार्यालय प्रबन्धकसहित १६ जना प्रशासनिक कर्मचारी र ९ जना इन्टर्न परिचालन गरी विभिन्न विज्ञ परामर्शदाताहरू समेतको योगदानमा प्रतिष्ठानले आफ्ना क्रियाकलापहरू सञ्चालन गरेको हो ।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट उपशीर्षकहरू ३०१०००१२३ र ३०१०००१२४ बाट प्रतिष्ठानलाई बजेट प्राप्त हुने व्यवस्थाबमोजिम यस आर्थिक वर्षमा प्रतिष्ठानलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सुरु बजेटको रूपमा रु. ७ करोड २१ लाख ८१ हजार (चालु: रु. ७ करोड १ लाख ५६ हजार + पुँजीगत: रु. २० लाख २५ हजार) अख्तियारी भएको थियो । उक्त रकममध्ये रु. ३४ लाख ७४ हजार ३ सय ८९ रोक्का राखिएकोमा प्रतिष्ठानले अख्तियारी भएको रकममध्ये जम्मा रु. ५ करोड ६३ लाख ४८ हजार ५ सय ५९ यस आर्थिक वर्षमा खर्च गऱ्यो ।

५. यस अवधिमा प्रतिष्ठानले अनुसन्धानसँग सम्बन्धित जम्मा ६ वटा निम्नानुसारका प्रतिवेदनहरू प्रकाशित गऱ्यो ।

**अनुसन्धान प्रतिवेदन**

- जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाहरूको सेवाग्राही सन्तुष्टि विश्लेषण
- सामाजिक सुरक्षा नीतिहरूको समीक्षात्मक अध्ययन

**सोचपत्र**

- Socialism-Oriented Policies at the Local Level in Nepal: Ideas, Challenges and Way Forward

**परियोजना समीक्षा प्रतिवेदन**

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समीक्षा

**छलफलपत्र**

- Improving Public Expenditure System in Nepal: Critical Areas of Reform

**स्रोत पुस्तिका**

- नेपालमा बौद्धिक सम्पत्ति अधिकार संरक्षणसम्बन्धी व्यवस्था

६. सम्पन्न हुन बाँकी ४७ वटा अनुसन्धान परियोजनाका मस्यौदा प्रतिवेदनहरू यस अवधिमा तयार भई तीमध्ये केही प्रतिवेदनहरू आन्तरिक तथा वाह्य समीक्षाका चरणमा रहे भने केही प्रतिवेदनहरू प्रकाशनको चरणमा रहे ।

७. मुलुकमा आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता वा सुशासन कायम गर्न अपनाउनुपर्ने नीति र उपायका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने, निजामती वा सार्वजनिक सेवालाई थप प्रभावकारी, जबाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन त्यस्तो सेवामा गर्नुपर्ने सुधार लगायतका सम्बन्धमा अध्ययनबाट प्राप्त निष्कर्षमा आधारित भई नेपाल सरकार तथा मातहतका विभिन्न मन्त्रालय र निकायहरूलाई सुझाव दिने कार्यलाई निरन्तरता दिई प्रतिष्ठानले यस आर्थिक वर्षमा निम्नानुसारका मस्यौदा नीति, ऐन र नियमावली सुधारका लागि जम्मा सात वटा पृष्ठपोषण सिफारिस गर्‍यो:

- पर्यटन नीति २०८१ को मस्यौदामा थप सुधार तथा परिमार्जनका लागि सुझाव
- ई-गभर्नेन्स ब्लुप्रिन्ट (मस्यौदा) मा सुधार तथा परिमार्जनका लागि सुझाव
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा सुधारका लागि सुझाव तथा पृष्ठपोषण
- प्रतिलिपि अधिकार ऐन, २०८१ (मस्यौदा) मा थप सुधार तथा परिमार्जनका लागि सुझाव
- राष्ट्रिय संस्कृति नीति, २०८१ (मस्यौदा) मा सुधार तथा परिमार्जनका लागि सुझाव
- श्रम आप्रवासन नीति (मस्यौदा), २०८१ मा थप सुधार तथा परिमार्जनका लागि तयार गरिएको सुझाव
- वातावरण संरक्षण नियमावली, २०७७ (पहिलो संशोधन, २०८१) को मस्यौदामा थप सुधारका लागि राय तथा सुझावहरू

८. नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा ९ जनाको नीति प्रयोगशाला निर्देशक समिति रहने व्यवस्थाबमोजिम उक्त समितिमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष पनि सदस्य रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो समितिको चार वटा बैठकमा सहभागी भई १० वटा नीति मस्यौदाहरू (मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति २०८२, राष्ट्रिय विज्ञापन नीति २०८२, राष्ट्रिय यातायात नीति २०८२, राष्ट्रिय आपूर्ति नीति २०८२, राष्ट्रिय जनसङ्ख्या नीति २०८२, राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८२, राष्ट्रिय युवा नीति २०८१, राष्ट्रिय खेलकुद नीति २०८१, पर्यटन नीति २०८१ र श्रम आप्रवासन नीति २०८१) मा राय सुझाव प्रदान गर्‍यो ।

९. प्रतिष्ठानले नीति अनुसन्धानसँग सम्बन्धित साझा चासोका मुद्दाहरूमा नीतिनिर्माता, अनुसन्धानकर्ता, विश्लेषक, आम नागरिक र अन्य सरोकारवालाहरूलाई संवाद र अन्तरक्रियामा संलग्न गराई आफूले गर्ने नीति अध्ययन तथा विश्लेषणमा सुझाव लिने उद्देश्यले यस आर्थिक वर्षमा स्थलगत नीति संवादहरू समेत गरी जम्मा २७ वटा नीति संवादहरू आयोजना गर्‍यो ।

उक्त नीति संवादहरू व्यक्तिगत डाटा संरक्षण नीति २०८२, नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वय, अन्तरभाषिक शिक्षण पद्दति र नेपालमा कृषि बीमा कार्यक्रम कार्यान्वयन र यसको प्रभावकारितासम्बन्धी थिए । त्यसैगरी, संवादका विषय वस्तुहरूमा प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षण, नेपालमा राइड सेयरिङको नीतिगत व्यवस्था र चुनौती, गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकार, भूमिसम्बन्धी विद्यमान समस्याहरू तथा समाधानका उपाय, गभर्नेन्स ब्लुप्रिन्टको मस्यौदामा पृष्ठपोषण र पर्यटन नीति २०८१ को मस्यौदामा पृष्ठपोषण थिए । साथै, प्रतिलिपि अधिकार ऐन २०८१ (मस्यौदा) मा पृष्ठपोषण, राष्ट्रिय संस्कृति नीति २०८१ को मस्यौदा, श्रम आप्रवासन नीति २०८१ को मस्यौदा, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदा, वातावरण संरक्षण (पहिलो संशोधन) नियमावली, २०८१ को मस्यौदा र माध्यमिक शिक्षा परीक्षाको नतिजा र विद्यालय शिक्षा प्रणालीका विषयमा विज्ञहरूको राय सुझावका लागि संवादहरू आयोजना गरिएका थिए । त्यसैगरी, यस अवधिमा प्रतिष्ठानले  नौ वटा स्थलगत नीति संवादहरू पनि अयोजना गर्‍यो ।

१०. नीति अध्ययन अनुसन्धानमा समन्वय र सहकार्यका साथै सहयोग समेतको प्रायोजनको लागि यस आर्थिक वर्षमा पाँच वटा संस्थाहरू (सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके, चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी, नेपाली एकेडेमिक्स इन अमेरिका, नेपाल उद्योग परिसंघ र नेपाल विकास अनुसन्धान प्रतिष्ठान) सँग समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो । यी समझदारीहरू समेत गरी हालसम्म प्रतिष्ठानले जम्मा १८ वटा विविध क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरका संघ-संस्था र निकायहरू सँग यस किसिमका समझदारीहरू गरेको छ ।

११. प्रतिष्ठानले सार्वजनिक नीतिसम्बन्धी अवधारणागत तथा सैद्धान्तिक लगायत अनुसन्धान योजनामा परेका नीति अनुसन्धानसँग सम्बन्धित ६ विषयहरू (श्रम आप्रवासन र विप्रेषण, नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ र नेपालका जलाधार क्षेत्रहरूमा प्रतिस्पर्धात्मक, व्यावसायिक कृषिको पुनर्स्थापना, गुणात्मक शोधविधि तथा तथ्याङ्क विश्लेषण र मिश्रित शोधविधि) मा नीति प्रवचन आयोजना गर्‍यो ।

१२. यस आर्थिक वर्षमा तीन वटा तालिम तथा अभिमुखीकरणहरू (क्षेत्रगत सार्वजनिक नीतिको तर्जुमा र परिवर्तनको सिद्धान्तको प्रयोग, नवनियुक्त अनुसन्धानकर्ता र इन्टर्नहरूको अभिमुखीकरण, विभिन्न विश्वविद्यालयहरूमा अध्ययनरत कानुन विद्यार्थीहरूका लागि सार्वजनिक नीतिका व्यावहारिक पक्षहरू) आयोजना भए ।

१३. नीति अनुसन्धान प्रयोजनका लागि स्वतन्त्र र विधागत विशेषज्ञता भएका विज्ञलाई सार्वजनिक रूपमा वा व्यक्तिगत तवरले समेत सूचीकृत हुन आह्वान गरी प्रतिष्ठानले विज्ञहरूको सूची तयार

गर्दै आएकामा यस आर्थिक वर्षमा अद्यावधिक भएको सूची विवरण अनुसार जम्मा १ हजार ६ सय ४२ विज्ञ सूचीकृत छन् ।

१४. प्रतिष्ठानले नीतिसँग सम्बन्धित सामग्रीहरूको पहुँचलाई सहज बनाउन र यस्ता सामग्रीहरूको एकीकृत सङ्ग्रह व्यवस्थित गर्ने उद्देश्यले सार्वजनिक नीति स्रोतकेन्द्र (पुस्तकालय) को स्थापना गरी सो केन्द्र संस्थागत गर्दै आएकामा यस आर्थिक वर्षमा नीतिसँग सम्बन्धित पुस्तक, जर्नल, नीति/ऐन/नियमावली, श्रव्य-दृष्य सामग्री, मन्त्रिपरिषद्का निर्णयहरू र सम्बन्धित प्रतिवेदन, विज्ञप्ति आदि गरी जम्मा ३ हजार ७ सय ९४ नीति अध्ययन सामग्रीहरू सङ्ग्रह गऱ्यो ।

१५. प्रतिष्ठानले यस अवधिमा अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरू समेत गरी जम्मा २५ जना नयाँ नियुक्ति गऱ्यो ।

१६. प्रतिष्ठानको आफ्नो छुट्टै ऐन निर्माण गर्ने कार्यलाई प्रतिष्ठानले चुनौतीको रूपमा लिएको छ र सो कार्य पूरा गर्नेतर्फ प्रतिष्ठान प्रायसरत छ । अनुसन्धानको बजेट प्रशस्त नभएका कारणले प्रतिष्ठानले ठुला र विस्तारित किसिमका अनुसन्धान कार्यहरू गर्न सकिरहेको छैन । प्रतिष्ठानले गरेका नीति सिफारिसहरूले सरकारी नीतिहरूलाई प्रभावकारी रूपमा के-कसरी प्रमाण-सुसूचित गरेका छन् र नीतिगत सुधारमा प्रतिष्ठानका सुझाव र सिफारिसहरू कसरी कार्यान्वयनमा आएका छन् भन्ने मूल्याङ्कन गर्ने पद्दतिको विकास गर्ने विषयलाई प्रतिष्ठानले चुनौतीको रूपमा लिएको छ। त्यसैगरी, योग्य र अनुभवी अनुसन्धानकर्ताहरूलाई आकर्षित गर्नु तथा प्रतिष्ठानमा टिकाइराख्नु चुनौतीपूर्ण बन्दै गएको छ ।

१७. नेपाल सरकारले स्थापना गरेको नीति प्रयोगशाला (Policy Lab) को निर्देशक समितिको सदस्यको रूपमा प्रतिष्ठानले सम्बन्धित सबै निकायको समन्वय र सहकार्यमा कार्य गर्ने अवसर पनि प्राप्त गरेकाले मुलुकको नीति निर्माण प्रक्रियालाई प्रमाणमा आधारित बनाउने कार्यमा प्रतिष्ठानलाई थप अवसर प्राप्त भएको छ । अन्तर्राष्ट्रिय तहसम्मका सार्वजनिक नीतिमा कार्य गर्ने संस्थाहरूले प्रतिष्ठानसँग समझदारीमा हस्ताक्षर गरी सहकार्यका केही क्रियाकलापहरू सुरु समेत गरेकाले यसले प्रतिष्ठानको संस्थागत विकास र विस्तारमा सहयोग पुगी संस्थाको उद्देश्यमा थप योगदान दिने देखिन्छ। विभिन्न कानुन वा नेपाल सरकारले स्थापना गरेका संयन्त्र एवम् आयोगहरूमा प्रतिष्ठानको भूमिका थप स्पष्ट हुँदै गई प्रतिष्ठानको थप भूमिकालाई प्रतिष्ठानले अवसरको रूपमा लिएको छ ।

# विषय सूची


**प्राक्कथन** iii

**सारसङ्क्षेप** v

**परिच्छेद १**

**नीति अनुसन्धान प्रतिष्ठानको सङ्क्षिप्त परिचय** **१**

१.१ गठन तथा कार्य क्षेत्र १

१.२ दूरदृष्टि, ध्येय र लक्ष्य २

१.३ नीति अनुसन्धान प्रतिष्ठान विकास समिति ३

१.४ सल्लाहकार समिति ४

१.५ प्रतिष्ठानको अनुसन्धान कार्यशैली ५

**परिच्छेद २**

**प्रशासनिक संरचना, अनुसन्धान प्रक्रिया तथा संयन्त्र र वित्तीय स्थिति** **७**

२.१ सङ्गठनात्मक संरचना ७

२.२ प्रतिष्ठानको नियमित कर्मचारी (अनुसन्धान तथा प्रशासन) १६

२.३ विद्यार्थी र इन्टर्न अनुसन्धानकर्ता १७

२.४ विज्ञसूची १७

**परिच्छेद ३**

**आय र खर्च विवरण** **१९**

३.१ प्रतिष्ठानको आ.व. २०८१/८२ को खर्च विवरण १९

**परिच्छेद ४**

**सम्पादित कार्य तथा उपलब्धिहरू** **२१**

४.१ सम्पन्न भएका अध्ययनहरू २१

४.२ नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष नीति सिफारिस २६

४.३ मस्यौदा तयार भई आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययन प्रतिवेदनहरू ३२

४.४ प्रतिष्ठानको जर्नल 'Nepal Public Policy Review' को प्रकाशन ३२
४.५ समझदारीपत्रमा हस्ताक्षर ३२
४.६ सार्वजनिक नीति संवाद ३४
४.७ नीति प्रवचन ४८
४.८ तालिम तथा अभिमुखीकरण ५१
४.९ सरकारका मन्त्रालयहरू र अन्य निकायहरूसँगको अन्तरक्रिया तथा समन्वय ५३
४.१० सार्वजनिक नीति स्रोतकेन्द्रको विस्तार ५८
४.११ संस्थागत निर्देशिका र मापदण्डहरूको संशोधन ५९
४.१२ कर्मचारी तथा इन्टर्नहरूको नियुक्ति ५९
४.१३ नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू ६०
४.१४ बोर्ड बैठकका निर्णयहरूका सङ्क्षिप्त विवरण ६१
४.१५ नीतिगत मामिला पहिचान समितिको बैठकका निर्णयहरूको सङ्क्षिप्त विवरण ६३
४.१६ अध्ययन अनुसन्धान कार्यान्वयन अनुगमन समितिको बैठकहरूका निर्णयहरूको सङ्क्षिप्त विवरण ६४
४.१७ तथ्याङ्कमा समग्र कार्यसम्पादन तथा उपलब्धिहरू ६५

**परिच्छेद ५**

**चुनौती र अवसर** **६७**
५.१ चुनौती ६७
५.२ अवसर ६८

**अनुसूचीहरू** **६९**

# परिच्छेद १

# नीति अनुसन्धान प्रतिष्ठानको सङ्क्षिप्त परिचय

## १.१ गठन तथा कार्य क्षेत्र

नीति अनुसन्धान प्रतिष्ठान २०७५ असोज १० गते स्थापना[१] भएको विशेषज्ञ समूह (थिङ्क ट्याङ्क) हो । नीति अनुसन्धान प्रतिष्ठानले नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेशको दफा ६ मार्फत बृहत् कार्यादेश र कार्यक्षेत्र प्राप्त गरेको छ। प्रतिष्ठानले आफ्ना अध्ययनका मुद्दा र विषयवस्तुका लागि संविधानका निर्देशक सिद्धान्तहरू (धारा ५०) र राज्यका नीतिहरू (धारा ५१) लाई आत्मसात् गरेको छ । धारा ५१ प्रत्यक्ष रूपमा नीति अनुसन्धान प्रतिष्ठानको कार्यादेशसँग सम्बन्धित रहेको छ ।

राष्ट्रले अख्तियार गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने, मुलुकले कुनै खास विषयमा अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना र कार्यक्रमको अनुसन्धान गर्ने, नेपालको सामरिक मामिला, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति एवम् परराष्ट्र नीतिको अध्ययन तथा अनुसन्धान गरी त्यसमा अपनाउनुपर्ने उपायका बारेमा नेपाल सरकारलाई नीतिगत सुझाव दिने कार्य नीति अनुसन्धान प्रतिष्ठानले गर्दछ ।

मुलुकमा आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शिता वा सुशासन कायम गर्न अपनाउनुपर्ने नीति र उपायहरूका सम्बन्धमा र निजामती वा सार्वजनिक सेवालाई थप प्रभावकारी, जबाफदेही, मर्यादित, कुशल तथा व्यावसायिक बनाउन त्यस्तो सेवामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र नेपाल सरकारको अनुरोधमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी कुनै खास विषयमा अपनाउनुपर्ने नीतिको मस्यौदा गरी कारबाहीको लागि सम्बन्धित मन्त्रालय पठाउने प्रतिष्ठानका अन्य कार्यहरू हुन् ।

प्रतिष्ठानले सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति तर्जुमाका लागि आवश्यक प्रमाणहरू जुटाउने कार्य गर्ने भएकाले प्रतिष्ठानले गर्ने अनुसन्धान अन्य अनुसन्धानहरूभन्दा फरक छन् ।

प्रतिष्ठानका अनुसन्धानले राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनमा योगदान गर्दछन् । प्रतिष्ठानले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान

१ विकास समिति ऐन २०१३ को धारा ३ ले दिएको अधिकार प्रयोग गरी गठन भएको प्रतिष्ठानको 'नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५' को सूचना भने नेपाल सरकारले २०७५ कार्तिक २८ मा नेपाल राजपत्रमा प्रकाशित गरेको थियो ।

परिषद्हरूसँगको निकट सम्बन्धमा रहेर 'विकास र परिवर्तनका लागि अनुसन्धान' भन्ने नारा अङ्गीकार गरी कार्य गर्दछ ।

नीति अनुसन्धान प्रतिष्ठानको संस्थागत विकास र सञ्चालनका लागि नेपाल सरकारबाट विभिन्न समयमा आवश्यक नियमावलीहरू - नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (कार्य सञ्चालन) नियमावली २०७५, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (कर्मचारीको सेवा, सर्त र सुविधासम्बन्धी) नियमावली २०७६, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (आर्थिक प्रशासनसम्बन्धी) नियमावली २०७५, नीति अनुसन्धान प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन २०७५ पारित भई कार्यान्वयनमा रहेका छन् ।

## १.२ दूरदृष्टि, ध्येय र लक्ष्य

नीति अनुसन्धान प्रतिष्ठानका दूरदृष्टि, ध्येय र लक्ष्यहरू प्रतिष्ठान विकास समितिको ३४औँ बैठकले जेठ २५, २०७८ मा पारित गरेको नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक योजना (२०७७ - २०८२) मा आधारित छन् ।

### दूरदृष्टि

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि राष्ट्रिय समृद्धिको लागि प्रभावकारी र उत्तरदायी सार्वजनिक नीति तर्जुमाको लागि योगदान पुर्‍याउनु हुनेछ ।

### ध्येय

नीति अनुसन्धान प्रतिष्ठानलाई प्रमाणमा आधारित (सुसूचित) नीति निर्माणमा अब्बल संस्थाको रूपमा स्थापित गर्नु यसको ध्येय हुनेछ ।

### लक्ष्य

नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक उद्देश्य सार्वजनिक नीतिका लागि विश्वसनीय, तथ्यमा आधारित तथा परिवर्तनकारी ज्ञान सिर्जना गर्नु हुनेछ ।

### मूल मान्यताहरू

**गुणस्तरीयता**: नीति अनुसन्धान प्रतिष्ठानले प्रतिष्ठानका कर्मचारी तथा शोधकर्ताहरूले तयार गर्ने शोधकार्यहरू एवम् अन्य विज्ञहरू मार्फत सम्पन्न गरिने सामग्रीहरू तथा प्राप्त हुने सेवाहरूमा गुणस्तरीयता कायम हुने गरी कार्य गर्दछ ।

**वस्तुपरकता**: कुनै मुद्दा, विचार र विषयवस्तुलाई प्रमाणहरूको कसीमा राखेर आलोचनात्मक ढङ्गले हेर्ने प्रतिष्ठानको अभ्यास रहँदै आएको छ । व्यक्तिगत पूर्वाग्रह तथा भावनात्मक अनुभूतिका कारण वस्तुपरकता कायम हुन नसक्ने अवस्था आउन नदिन प्रतिष्ठान सजग रहन्छ ।

**सत्यनिष्ठा**: प्रतिष्ठान आपसी सम्मान र सहयोग, इमानदारी र सत्यताजस्ता आधारभूत नैतिक सिद्धान्तहरूप्रति प्रतिबद्ध रहँदै आएको छ। संस्थागत व्यावसायिकता कायम गर्ने, समूहगत कार्य र द्वन्द्व व्यवस्थापनमा जोड दिने तथा कृपावाद र स्वार्थको टकराबजस्ता विषयलाई रोक्ने सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सत्यनिष्ठाको दृढतापूर्वक पालना गर्दछ।

**विविधता**: फरक सिद्धान्त, ज्ञान, अनुभव, संस्कृति, जातीयता, लिङ्ग, धर्म तथा शारीरिक क्षमताको सम्मान गर्दै समावेशी कार्य वातावरण निर्माण गर्नेतर्फ प्रतिष्ठान कार्यरत छ। यस प्रयोजनको लागि आवश्यक पूर्वाधार निर्माणमा प्रतिष्ठान इमानदारीका साथ योग्यतामा आधारित प्रणालीको अभ्यासमा प्रयत्नशील रहन्छ।

**पारदर्शिता**: नीति अनुसन्धान प्रतिष्ठानका क्रियाकलापहरू पारदर्शी रहन्छन्। पारदर्शिताले आफ्ना कामहरू र सोबाट प्राप्त नतिजाहरूबारे आम जनतालाई सुसूचित गराउनुका साथै उनीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी उपयोगी सूचना खोज्न र प्राप्त गर्न प्रोत्साहित गर्दछ भन्ने मान्यतामा प्रतिष्ठानको विश्वास रहेको छ।

**जबाफदेहिता**: प्रतिष्ठानका क्रियाकलापहरू जबाफदेहितामा आधारित रहन्छन्। आफ्ना अनुसन्धानकर्ता तथा कर्मचारीहरू उनीहरूका कामप्रति जबाफदेही रही कार्य गर्ने वातावरण कायम गर्नुपर्ने विषयमा प्रतिष्ठान अत्यन्त सजग रही कार्यरत छ। आफ्ना स्रोत-साधनहरूको विवेकशील, मितव्ययी र प्रभावकारी प्रयोगको लागि प्रतिष्ठानले सम्भव भएसम्म आवश्यक सबै उपायहरूको अवलम्बन गर्दछ।

**सहभागिता**: नीति अनुसन्धान प्रतिष्ठानले आफ्ना कार्यहरूलाई विभिन्न उपाय र विचारहरू मार्फत थप गहन बनाउन सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई विशेष महत्त्व प्रदान गर्दछ। अध्ययन अनुसन्धानमा रहेका कुनै पनि विषयवस्तु वा मुद्दाको बारेमा पूर्ण जानकारी प्राप्त गर्न र सम्बन्धित विषयमा जतिसक्दो धेरै क्षेत्रहरूबाट अधिकतम सुझाव सङ्कलन गर्न सरोकारवालाहरूको सहभागिता आवश्यक पर्ने विषयलाई प्रतिष्ठानले आत्मसात् गर्दछ।

## १.३ नीति अनुसन्धान प्रतिष्ठान विकास समिति

नीति अनुसन्धान प्रतिष्ठानको पाँच सदस्यीय नीति अनुसन्धान प्रतिष्ठान विकास समिति रहने व्यवस्था छ, जसमा एक जना कार्यकारी अध्यक्ष र चार जना सदस्यहरू रहन्छन्। वैज्ञानिक अनुसन्धान, नीति नवप्रवर्तन, रणनीतिक नेतृत्व र सामाजिक परिवर्तनमा उत्कृष्ट छवि बनाएका राष्ट्रिय व्यक्तित्वमध्येबाट मन्त्रिपरिषद्ले समितिको गठन गर्दछ। विकास समिति गठनका क्रममा समावेशिता र विविधताको सिद्धान्त पालना गरिन्छ (यस आर्थिक वर्षमा कायम नीति अनुसन्धान प्रतिष्ठान विकास समितिको विवरणको लागि पृष्ठ i र बोर्डले गरेका निर्णयहरूका सङ्क्षिप्त विवरणका लागि परिच्छेद ४.१४ हेर्नुहोस्)।

प्रतिष्ठान विकास समितिको मुख्य काम 'थिङ्क ट्याङ्क' को रूपमा काम गर्नु हो । समितिले नीति अनुसन्धान प्रतिष्ठानका विषयगत र प्रशासनिक कार्यहरूका लागि रणनीतिक नेतृत्व र मार्गदर्शन प्रदान गर्दछ । प्रतिष्ठानका विषयगत र प्रशासनिक कार्य अन्तर्गत नीति अनुसन्धान गर्ने, सरकारको कार्यान्वयनका लागि नीति सिफारिस तयार पार्ने, प्रतिष्ठानको वार्षिक योजना, कार्यक्रम र बजेटको समीक्षा गर्ने तथा पारित गर्ने र प्रतिष्ठानका योजना एवम् प्रतिबद्धता प्रभावकारी ढङ्गले पूरा गर्न सहज वातावरण निर्माण गर्ने कामहरू पर्दछन् । यी प्रयोजनका लागि आवश्यकताअनुरूप निर्णयहरू लिन नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेशको प्रावधानअनुरूप विकास समितिको बैठक नियमित रूपमा बस्दछ ।

कार्यकारी अध्यक्षको जिम्मेवारीभित्र व्यवस्थापनको समग्र नेतृत्वका साथै योजनाहरू बनाउने, वार्षिक बजेट तथा कार्यक्रमहरू तर्जुमा गर्ने, अनुसन्धानका क्षेत्रहरू पहिचान गरी कार्यान्वयन गर्ने, मानवस्रोतको योजना एवम् व्यवस्थापन गर्ने र वित्तीय प्रशासनको सुपरीवेक्षण लगायत प्रतिष्ठानको समग्र कार्य सञ्चालन पर्दछन् ।

नीति अनुसन्धान प्रतिष्ठानको व्यवस्थापन सहभागितामूलक बनाउन वरिष्ठ अनुसन्धानकर्ता र विभागीय प्रमुखहरू समेतको संयन्त्र सक्रिय छ । यसले दैनिक व्यवस्थापनका विषयमा कार्यकारी अध्यक्षलाई परामर्श सहयोगीको रूपमा काम गर्दछ ।

कार्यकारी अध्यक्ष नीति अनुसन्धान प्रतिष्ठान विकास समिति र प्रशासनबिचको सम्पर्क विन्दुको रूपमा रहन्छन् । दुवै कार्यको प्रमुखको हैसियतमा अध्यक्षबाट विकास समितिलाई सबै खालका व्यवस्थापकीय निर्णयहरू र तिनीहरूको कार्यान्वयनबारे जानकारी गराउनुका साथै प्रतिष्ठानको रणनीतिक मार्गदर्शनको लागि विकास समितिको सहयोगलाई परिचालन गरिन्छ । अध्यक्षबाट नियमित रूपमा विकास समिति र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रिपोर्ट गर्ने, व्यवस्थापनले पालना गर्नुपर्ने सल्लाह, सुझाव र नीतिनिर्देशन सङ्कलन गर्ने र प्रतिष्ठान एवम् सरकारी निकायहरूबिच सेतुको भूमिका खेल्ने कार्य हुँदैआएको छ ।

## १.४ सल्लाहकार समिति

नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेश २०७५ को दफा १८(१) अनुसार प्रतिष्ठानले राष्ट्रिय रूपमा ख्यातिप्राप्त व्यक्तित्वहरू रहने सल्लाहकार समितिको व्यवस्था गरेको छ । सल्लाहकार समितिबाट कर्मचारीतन्त्र, उच्चशिक्षा, प्राज्ञिक अनुसन्धान र संस्थागत विकासका क्षेत्रमा अर्जित बृहत् ज्ञान र अनुभव प्राप्त हुने एवम् प्रतिष्ठानको लक्ष्य प्राप्त गर्न थप बल प्रदान हुन्छ (यस आर्थिक वर्षमा नवनियुक्त सल्लाहकारहरूको विवरणको लागि पृष्ठ i हेर्नुहोस्) ।

## १.५ प्रतिष्ठानको अनुसन्धान कार्यशैली

नीति अनुसन्धान प्रतिष्ठानले आफैँ वा विश्वविद्यालयहरू, नीति प्रतिष्ठानहरू र अन्य 'थिङ्क ट्याङ्क' जस्ता सार्वजनिक प्राज्ञिक संस्थाहरूसँगको सहकार्यमा अनुसन्धान गरी नेपाल सरकारसमक्ष नीति सिफारिस गर्दछ। आपसी सहमतिअनुसार नीति अनुसन्धान प्रतिष्ठानले सरकारका मन्त्रालयहरू र विभागहरू, प्राज्ञिक निकायहरू, प्रतिष्ठानहरूजस्ता संस्थाहरूसँग मिलेर काम गर्दछ। प्रतिष्ठानले गर्ने अध्ययन-अनुसन्धानका करिब ७० प्रतिशत विषय तथा क्रियाकलापहरू सरकारका मन्त्रालय तथा विभागहरू र अन्य सरकारी निकायहरूबाट प्राप्त हुन्छन् भने बाँकी ३० प्रतिशत आवश्यकताको आधारमा प्रतिष्ठानले निर्धारण गर्दछ। सार्वजनिक बहसका विषय, विज्ञ, सामाजिक अगुवा तथा निजी क्षेत्रले गरेका अनुरोधहरू अनुसन्धान छनोटका स्रोतहरू हुन्। प्रतिष्ठानले नवीन किसिमका नीति सिफारिस दिनसक्ने उच्च गुणस्तरका अनुसन्धान परियोजना कार्यान्वयन गर्नका लागि बहुक्षेत्र तथा विधाका विज्ञ र अनुसन्धानकर्तासम्म पुग्नका लागि सामूहिक प्रयास गर्दै आएको छ (हालसम्म प्रतिष्ठानले अध्ययन अनुसन्धान गरेका प्रमुख क्षेत्र/विषयहरू र यस आ.व. मा प्रकाशित प्रतिवेदनहरू परिच्छेद ४.१ मा हेर्नुहोस)।

प्रकाशन प्रतिष्ठानका महत्त्वपूर्ण कामहरूमध्ये एक हो। यस प्रतिष्ठानबाट सम्पन्न भएका गुणस्तरीय अनुसन्धानहरूलाई अनुसन्धान प्रतिवेदन, बहसपत्र, कार्यपत्र, सोचपत्र, मार्गदर्शन, नीति सङ्क्षेप, इन्फोग्राफिक्स, पुस्तक, विशेषाङ्क प्रकाशनको रूपमा प्रकाशन गरिन्छ। नेपाल र नेपालबाहिर रही नेपाली प्राज्ञ, विज्ञ तथा अनुभवी, अनुसन्धानकर्ता, नीति पैरवीकर्ताहरूबाट योगदान रहने नीतिसम्बन्धी लेखहरू पनि Nepal Public Policy Review (NPPR) जर्नल मार्फत प्रतिष्ठानले सूचना तथा ज्ञान व्यवस्थापन विभागको संयोजनमा प्रकाशन गर्दै आएको छ।

# परिच्छेद २

# प्रशासनिक संरचना, अनुसन्धान प्रक्रिया तथा संयन्त्र र वित्तीय स्थिति

## २.१ सङ्गठनात्मक संरचना



यस आर्थिक वर्षमा प्रतिष्ठानले निम्नानुसारको संरचना अन्तर्गत रही कार्य सम्पादन गरेको थियो । विगतमा प्रतिष्ठानले विधागत पाँच क्षेत्रका १६ उपक्षेत्रमा तय गरेको नीति अनुसन्धान चक्र, प्रक्रिया र मानकबाट निर्देशित भई नीति अनुसन्धान गर्दै आएकोमा प्रतिष्ठानको २०८२ वैशाख ३१ गतेको ६२औं बोर्ड बैठकले अनुसन्धान विभाग अन्तर्गत यसअघि अभ्यासमा रहेका पाँच वटा नीति अध्ययन केन्द्रहरूलाई एकापसमा समाहित तथा पुनर्सङ्गठित गरी चार अनुसन्धान केन्द्रहरू कायम गरेको छ । प्रतिष्ठानले केन्द्रहरू अन्तर्गत तत्काल कायम रहेका एकाइहरूलाई सम्बन्धित केन्द्रहरूका कार्यक्षेत्रको मुख्य विषयवस्तुका रूपमा समावेश गरी अध्ययन परियोजनाहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको नीति प्रयोगशालाको मोडेल अनुसार हुने गरी कार्यान्वयन गर्ने उद्देश्यले अध्ययन केन्द्रहरूको विद्यमान सङ्गठन संरचना र कार्यक्षेत्र परिवर्तन गरेको हो ।

### २.१.१ प्रतिष्ठानका विभाग र केन्द्रहरू

नीति अनुसन्धान प्रतिष्ठानमा तीन विभागहरू- (१) अनुसन्धान विभाग, (२) सूचना तथा ज्ञान व्यवस्थापन विभाग र (३) व्यवस्थापन विभाग रहेका छन् । प्रतिष्ठानले आफ्ना कार्यादेशमा परेका विषयहरूमाथि अनुसन्धान विभाग अन्तर्गतका चार वटा अध्ययन केन्द्रहरू तथा मातहतका एकाइहरू र सूचना तथा ज्ञान व्यवस्थापन विभाग अन्तर्गत रहेका चार वटा केन्द्रहरू मार्फत अनुसन्धान र सम्बन्धित कार्यहरू सञ्चालन गर्दछ । प्रशासन विभाग अन्तर्गत दुई एकाइहरू रहेका छन् ।

#### २.१.१.१ अनुसन्धान विभाग

प्रतिष्ठानको अनुसन्धान विभागको काम नीति अनुसन्धान गर्ने हो । विभागले सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति तर्जुमाका लागि आवश्यक प्रमाणहरू जुटाउने कार्य गर्ने भएकाले प्रतिष्ठानले गर्ने अनुसन्धानहरू अन्य अनुसन्धानभन्दा फरक छन् । प्रतिष्ठानका अनुसन्धानले राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनमा योगदान गर्दछन् । विभागले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान परिषद्हरूसँगको निकट सम्बन्धमा रहेर 'विकास र परिवर्तनका लागि अनुसन्धान' भन्ने नारा अङ्गीकार गरी कार्य गर्दछ । यसरी गरिएका अनुसन्धानअनुसार बुलेटिन, नीति सङ्क्षेप, प्रतिवेदन र पुस्तकका रूपमा ज्ञान सामग्रीहरू प्रकाशित हुन्छन् । अनुसन्धान विभागमा विषयगत विधामा विशिष्ट ज्ञान र विज्ञता भएका वरिष्ठ अनुसन्धानकर्ता, अनुसन्धानकर्ता, सहअनुसन्धानकर्ता र विश्लेषकहरू रहने व्यवस्था छ । अनुसन्धान विभाग अन्तर्गतका केन्द्र र तिनका कार्य क्षेत्रहरू निम्नानुसार रहेका छन्:

## केन्द्र १- आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र (Center for Economic and Infrastrucrure Development Policy)

आर्थिक तथा पूर्वाधार नीति अध्ययन केन्द्रले नेपाल सरकारका सम्बन्धित क्षेत्रका नीतिहरू, साझा सरोकार र हितका विषयहरूमा सरकारलाई सहयोग गर्दछ । सम्बन्धित विषयहरूमा प्रश्न गर्ने, प्रमाण सङ्कलन गर्ने, विश्लेषण गर्ने र अध्ययन मार्फत प्राप्त हुने निष्कर्षहरू व्यापक रूपमा प्रसार पनि गर्ने गर्दछ । यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) आर्थिक विकास, ख) वाणिज्य, उद्योग, वित्तीय, मौद्रिक तथा सहकारी क्षेत्र, ग) पूर्वाधार विकास

## केन्द्र २- शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र (Center for Governance, Federalism and Social Affairs Policy)

नेपाल सरकारका लागि आवश्यक सुसूचित, सुविचारित र सान्दर्भिक नीतिका विकल्प र सुझावहरू जुटाउने उद्देश्यले सङ्घीय मामिला, सुशासन र सार्वजनिक सेवाप्रवाह क्षेत्रका मौजुदा सार्वजनिक नीति, कार्यक्रम तथा रणनीतिहरूको अनुसन्धान, समीक्षा र विश्लेषण गर्ने यस केन्द्रको समग्र उद्देश्य रहेको छ । बहुविषयलाई समेट्ने यस नीतिअध्ययन केन्द्रका क्रियाकलापहरू यसका क्षेत्र अन्तर्गत समेटिने व्यापक विषयका नीति अनुसन्धान र संवादमा केन्द्रित रहन्छन् । आम नागरिकहरू सार्वजनिक नीति प्रक्रियाको केन्द्रमा रहनु पर्दछ भन्ने मान्यतामा आधारित भई यस केन्द्रले कार्य गर्दछ । यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) शासकीय प्रबन्ध, ख) सार्वजनिक सेवाप्रवाह, ग) सङ्घीय मामिला, घ) कानुनी मामिला,
ङ) सार्वजनिक संस्थाहरू, च) शिक्षा, स्वास्थ्य, समाज कल्याण तथा सामाजिक सुरक्षा

## केन्द्र ३- परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र (Center for Foreign and Strategic Affairs Policy)

परराष्ट्र, सुरक्षा, वैदेशिक सम्बन्ध तथा रणनीतिक मामिलासँग सम्बन्धित मौजुदा सार्वजनिक नीति र क्रियाकलापहरूको समीक्षा र अध्ययन गर्नु यस केन्द्रको समग्र उद्देश्य रहेको छ । यस केन्द्रसँग सरोकार राख्ने अन्तर्राष्ट्रिय क्षेत्रमा घटेका घटना र विकास भएका परिस्थितिसँग सम्बन्धित रही अनुसन्धान, समीक्षा र विश्लेषण मार्फत सुसूचित, सुविचारित तथा सान्दर्भिक नीति विकल्पहरू तय गरी सरकारलाई सिफारिस गर्नु पनि यस केन्द्रको उद्देश्य हो । यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति तथा रणनीतिक मामिला, ख) राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा तथा सुरक्षा निकाय/संयन्त्र, ग) मानव अधिकार र अन्तर्राष्ट्रिय सन्धि-सम्झौता

**केन्द्र ४- प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र (Center for Natural Resources and Technology Policy)**

कृषि, चिकित्सा क्षेत्र, उद्योग, प्राकृतिक स्रोत, वातावरण, जैविक विविधता लगायतका क्षेत्रहरूमा नवप्रवर्तन, प्रविधि र विज्ञानको प्रयोग मार्फत प्रतिस्पर्धात्मक, दिगो र तीव्र वृद्धि तथा विकासमा सहयोग पुऱ्याउनु यस केन्द्रको समग्र उद्देश्य रहेको छ। यस केन्द्र अन्तर्गत निम्नानुसारका कार्य क्षेत्रहरू रहेका छन्:

क) कृषि, वन तथा अन्य प्राकृतिक स्रोतहरू, ख) पर्यावरण, वातावरण तथा जलवायु परिवर्तन, ग) विज्ञान, प्रविधि तथा नवप्रवर्तन, घ) सूचना प्रविधि तथा कृतिम बौद्धिकता (artificial intelligence)

### २.१.१.२ सूचना तथा ज्ञान व्यवस्थापन विभाग

प्रतिष्ठानका सूचना तथा ज्ञानका सामग्रीलाई सूचना तथा ज्ञान व्यवस्थापन विभागले ज्ञान सामग्रीको रूपमा अन्तिम रूप दिई तिनीहरूको सङ्ग्रह गर्छ र सम्बन्धित सबैसम्म प्रसार गर्दछ। धेरैजसो ज्ञान सामग्रीहरू अनुसन्धान विभागबाट प्राप्त हुन्छन् भने सार्वजनिक चासोका विषयमा बहुसरोकारवालाहरूको सहभागितामा आयोजना हुने सार्वजनिक नीति संवादहरू, उच्चतहका बहालवाला र पूर्वसरकारी कर्मचारीहरू, प्राज्ञ, अनुसन्धानकर्ता लगायतका विचार र सोचपत्रहरू ज्ञान सामग्रीका अन्य स्रोतहरू हुन् ।

विभागले ज्ञान सामग्रीहरू डिजिटल र छापा दुवै स्वरूपमा विकास गरी ती सामग्रीहरू विभाग अन्तर्गत रहेको सार्वजनिक नीति स्रोतकेन्द्रमा सङ्ग्रह गर्दछ। सूचना तथा ज्ञान व्यवस्थापन विभाग अन्तर्गत वरिष्ठ अनुसन्धानकर्ता, सहअनुसन्धानकर्ता, विश्लेषक, वरिष्ठ सहायक र अन्य कर्मचारीहरू तथा इर्न्टनहरू कार्यरत छन् ।

**सार्वजनिक नीति संवाद केन्द्र (Public Policy Dialogue Center)**

सार्वजनिक नीति संवाद केन्द्रले नीति अनुसन्धानसँग सम्बन्धित साझा चासोका मुद्दाहरू पहिचान गर्ने प्रयोजनका लागि नीतिनिर्माता, अनुसन्धानकर्ता, विश्लेषक, आम नागरिक र अन्य सरोकारवालाहरूलाई संवाद र अन्तरक्रियामा संलग्न गराउँद छ। केन्द्रले तुरुन्त संवाद आवश्यक भएका विषय पहिचान गरी ती विषयका अनुसन्धान मार्फत सम्बोधन गरिनुपर्ने सवाल सुल्झाउनेतर्फ योगदान गर्ने, सार्वजनिक नीतिमा सम्बन्धित सबैको स्वामित्वको भावना वृद्धि गर्ने उपायहरूको खोजी गर्ने र अनुसन्धान निष्कर्षहरूमा सम्बन्धित सरोकारवालाहरू र विषयका विज्ञहरू संलग्न गराई निष्कर्षको वैधता कायम गर्ने कार्य गर्दछ। त्यसैगरी, अनुसन्धानबाट प्राप्त निष्कर्षहरू नीतिनिर्माता र सरोकारवालाहरूबिच पुऱ्याई समीक्षा गर्ने, अनुसन्धान गर्ने निकायहरू र विशेषज्ञ समूहहरूलाई उनीहरूका अनुसन्धानसँग सम्बन्धित विचार, विषय र निष्कर्षहरूमा छलफल गर्ने मञ्च प्रदान गर्ने, नीति अनुसन्धान प्रतिष्ठानका सूचना तथा जानकारीहरू नेपाल सरकार, नीति सरोकारवालाहरू र आम नागरिकलाई उपलब्ध गराउने पनि यस केन्द्रका अन्य कार्यहरू हुन् । आवधिक रूपमा राष्ट्रिय सम्मेलन, सेमिनार, छलफलहरूको

आयोजना गर्ने, नेपाल भ्रमणमा रहेका विदेशी विशिष्ट महानुभावहरूलाई संलग्न गराई नीतिसम्बन्धमा उच्चस्तरीय प्रवचन र छलफल सञ्चालन गर्ने लगायतका राष्ट्रिय संवाद/बहसका सबै पक्षहरू पनि सार्वजनिक नीति संवाद केन्द्रका कार्यहरूभित्र पर्दछन् ।

## सार्वजनिक नीति स्रोत केन्द्र (Public Policy Resource Center)

सार्वजनिक नीतिसँग सम्बन्धित आधारभूत स्रोतहरूको सङ्ग्रह गर्ने केन्द्रको रूपमा सार्वजनिक नीति स्रोत केन्द्र सञ्चालन भइरहेको छ । नीति अनुसन्धानसँग सम्बन्धित स्रोतहरूको सङ्कलन तथा अभिलेखीकरण गर्ने, स्रोतकेन्द्रलाई स्तरोन्नति गर्ने, केन्द्र व्यवस्थापनका लागि आवश्यक विद्युतीय र अन्य प्रणालीहरू जस्तै डाटाबेस तथा सान्दर्भिक तथ्याङ्क र सूचना सङ्कलन एवम् भण्डारण प्रणालीको खरिद, विकास र अद्यावधिक गर्ने सार्वजनिक नीति स्रोतकेन्द्रका प्रमुख जिम्मेवारीहरू हुन् । त्यसैगरी, सङ्ग्रहित सामग्रीहरूको आवश्यक विद्युतीय प्रतिहरू विकास गर्ने, नेपाल सरकारका सम्बन्धित निकायहरू, अनुसन्धान निकायहरू, नीति विश्लेषण र अध्ययन अनुसन्धान गर्ने विज्ञ एवम् संस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्यको सम्बन्ध विकास र विस्तार गर्ने कार्य पनि सार्वजनिक नीति स्रोत केन्द्रको हो ।

## प्रकाशन तथा प्रसार केन्द्र (Publication and Dissemination Center)

नीति अनुसन्धान प्रतिष्ठानले आयोजना गर्ने रणनीतिक महत्त्वका बैठक तथा छलफलहरूको निष्कर्षको आधारमा सूचना-सामग्री तयार गरी प्रतिष्ठानको वेबपेज तथा सामाजिक सञ्जाल मार्फत प्रसार गर्ने, प्रतिष्ठानले तयार गरेका सबै सूचना तथा सामग्रीको गुणस्तर र तथ्यपरकता सुनिश्चित गर्न विज्ञ-समीक्षा लगायतमा आवश्यक पहल गर्ने, अङ्ग्रेजी र नेपाली दुवै भाषामा प्रतिष्ठानको वेबसाइट सञ्चालन गर्ने र तिनलाई नियमित रूपमा अद्यावधिक गर्ने तथा प्रतिष्ठानको आफ्नै संस्थागत प्रकाशन निर्देशिका (institutional style guide) तयार गर्ने र सोहीअनुसार प्रतिष्ठानका प्रकाशनहरू प्रकाशित गर्ने प्रकाशन तथा प्रसार केन्द्रका कार्यहरू हुन् ।

प्रकाशन तथा प्रसार केन्द्रले नीति प्रतिष्ठानको काममा आधारित रेडियो तथा टेलिभिजन कार्यक्रम तयार गर्न र प्रसार गर्न सहयोग गर्ने, प्रतिष्ठानका कार्यकारी अध्यक्षको सम्पादनमा प्रतिष्ठानको प्रमुख प्रकाशन - नेपाल पब्लिक पोलिसी रिभ्यू (Nepal Public Policy Review) को तयारी, प्रकाशन र वितरणसम्बन्धी सम्पूर्ण कामको संयोजन गर्ने तथा प्राविधिक नेतृत्व प्रदान गर्ने काम पनि गर्दछ ।

## सूचना तथा सञ्चार केन्द्र (Information and Communication Center)

यस केन्द्रले प्रकाशन तथा प्रसार केन्द्रसँग नजिकबाट समन्वय गरी आमसञ्चारका माध्यम (विद्युतीय तथा प्रिन्ट) र सम्बन्धित संस्थासँग संयोजन गरी प्रतिष्ठानको काम, उपलब्धि र ज्ञानसामग्रीहरूको प्रचारप्रसार गर्ने, प्रतिष्ठानका लागि आवश्यक सूचना, सञ्चार तथा प्रविधिसम्बन्धी संरचना तयार गर्ने, सञ्चालन गर्ने र आवश्यकताअनुसार अद्यावधिक गर्ने कार्य गर्दछ । यसैगरी, प्रतिष्ठानले खरिद गर्ने

विद्युतीय उपकरणहरूको प्राविधिक विश्लेषण गरी खरिद प्रक्रियालाई सहयोग गर्ने, प्रतिष्ठानद्वारा उत्पादित सबै ज्ञानसामग्रीहरू सम्बन्धित सबै पक्षसमक्ष वितरण गर्ने, वितरण भएको सुनिश्चितता कायम गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय थिङ्क ट्याङ्क, विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूबिच सहकार्य विस्तार गरी प्रतिष्ठान र ती संस्थाहरूबिच सिर्जनशील साझेदारी कायम गर्ने कार्य केन्द्रले गर्दछ। त्यसैगरी, नियमित रूपमा आन्तरिक साथै बाह्य सिकाइ तथा ज्ञान आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने गराउने, प्रतिष्ठानको प्रवक्ताको रूपमा स्वस्थ र सिर्जनशील सार्वजनिक सम्बन्ध कायम गर्ने, प्रतिष्ठानको काम र सूचना सम्बन्धित पक्षको जानकारीका लागि प्रेषित गर्ने र प्रतिष्ठानको नाम, प्रतिष्ठा र हैसियत प्रवर्धन र विस्तार गर्न आवश्यक काम गर्ने गराउने समेत यस केन्द्रका कार्यहरू हुन्।

### २.१.१.३ व्यवस्थापन विभाग

व्यवस्थापन विभागले प्रतिष्ठानको दैनिक कार्यालय प्रशासन, कर्मचारी प्रशासन, व्यवस्थापन र सञ्चारको समन्वय एवम् सञ्चालन गर्दछ। यस विभागको अर्को महत्त्वपूर्ण काम प्रतिष्ठान विकास समितिको सचिव तथा सचिवालयको कार्य हो। त्यसैगरी, यसले छुट्टै एकाइ मार्फत वित्तीय व्यवस्थापनको रेखदेख गर्दछ। प्रतिष्ठानले आयोजना गर्ने अनुसन्धान र ज्ञान व्यवस्थापनसम्बन्धी सम्पूर्ण कामको सहजीकरण गर्नु पनि व्यवस्थापन विभागको मूल जिम्मेवारी हो। यसका अतिरिक्त, यस विभागले वार्षिक कार्य योजना निर्माणको संयोजन गर्ने, आवधिक प्रगति प्रतिवेदनको निर्माण गर्ने तथा प्रशासनिक र वित्तीय विषयको सहजीकरणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बन्धित अन्य मन्त्रालयहरूसँग समन्वय गर्ने गर्दछ।

अन्य परम्परागत संस्थाको व्यवस्थापनभन्दा फरक कार्यशैली तथा कार्यादेश भएको यो विभाग कार्यालय प्रबन्धकको नेतृत्वमा सहव्यवस्थापक (प्रशासन), सहव्यवस्थापक (लेखा), वरिष्ठ सहायक (प्रशासन) कार्यालय सहायक र सवारी चालकहरू मार्फत परिचालित हुन्छ।

### २.१.२ नीतिगत मामिला पहिचान समिति

राष्ट्रले अख्तियार गर्नुपर्ने विभिन्न नीतिका सम्बन्धमा अध्ययन र अनुसन्धान गर्ने तथा मुलुकले कुनै खास विषयमा अपनाउनुपर्ने दीर्घकालीन, अल्पकालीन वा तत्कालीन नीति तथा सञ्चालन गर्नुपर्ने योजना र कार्यक्रम सम्बन्धमा वैज्ञानिक अनुसन्धान गरी नेपाल सरकारलाई सुझावहरू उपलब्ध गराउने भएकाले प्रतिष्ठानबाट गरिने अनुसन्धानात्मक कार्यहरूले राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्दछन्। त्यसैले, यसरी हुने अनुसन्धानका लागि नीतिगत मामिलाहरूको पहिचान महत्त्वपूर्ण हुन्छ। यसै वास्तविकतालाई मध्यनजर गर्दै नीतिगत क्षेत्रको सुधार तथा विकासका लागि प्रतिष्ठानबाट मुलुकको आवश्यकताअनुसार विभिन्न विधाहरूमा गरिने अध्ययन अनुसन्धानलाई आवश्यक सम्बन्धित क्षेत्रभित्रका नीतिगत मामिला तथा विषयवस्तुहरू पहिचान गरी अध्ययन अनुसन्धान कार्य अगाडि बढाउन सिफारिस गर्ने प्रयोजनार्थ प्रतिष्ठानका कार्यकारी अध्यक्षको संयोजकत्वमा एक नीतिगत मामिला पहिचान समिति क्रियाशील रहेको छ।

नीति अनुसन्धान प्रतिष्ठान सङ्गठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन २०७५ ले निर्दिष्ट गरेबमोजिम खासगरी प्रतिष्ठानद्वारा नेपालको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक क्षेत्रमा गरिने अध्ययन अनुसन्धानका लागि सम्बन्धित क्षेत्रभित्रका नीतिगत मामिलाका विषय पहिल्याई अध्ययन अनुसन्धान कार्य अगाडि बढाउने उद्देश्यले यो समिति निर्माण भएको हो । यस आर्थिक वर्षमा समितिले गरेका निर्णयहरू परिच्छेद ४.१५ मा हेर्नुहोस ।

### तालिका २.१: नीतिगत मामिला पहिचान समितिको संरचना

| | |
|---|---|
| कार्यकारी अध्यक्ष | संयोजक |
| अनुसन्धान विभाग प्रमुख | सदस्य |
| सूचना तथा ज्ञान व्यवस्थापन विभाग प्रमुख | सदस्य |
| सबै वरिष्ठ अनुसन्धानकर्ताहरू | सदस्य |
| कार्यालय प्रबन्धक | सदस्य सचिव |

यस समितिले विभिन्न क्षेत्रका समसामयिक अवस्थाको समीक्षा, विश्लेषण तथा मूल्याङ्कन गरी/गराई वर्तमानमा गरिनुपर्ने सुधार र भविष्यको आवश्यकता समेतलाई दृष्टिगत गरी प्रतिष्ठानद्वारा अध्ययन अनुसन्धान गरिनुपर्ने विषयवस्तुको प्रारम्भिक पहिचान गर्ने र सोको अन्तिम स्वीकृतिका लागि सञ्चालक समितिसमक्ष पेस गर्दछ। सञ्चालक समितिबाट निर्णय भएअनुरूपका विषयवस्तुको अनुसन्धान प्रस्ताव तयार गर्न लगाई स्वीकृत गर्ने र उक्त प्रस्तावका आधारमा अध्ययन अनुसन्धान कार्य अगाडि बढाउने तथा अध्ययन अनुसन्धान कार्य सम्पन्न भएपछि प्राप्त मस्यौदा प्रतिवेदनलाई अन्तिम स्वरूप दिन परिष्कृत गर्ने/गराउने यस समितिका प्रमुख कार्यहरू हुन् ।

## २.१.३ अनुसन्धान कार्यान्वयन तथा अनुगमन समिति

नीति अनुसन्धान प्रतिष्ठानले आफ्नो रणनीतिक योजना र वार्षिक कार्यतालिकाअनुरूप सञ्चालन गर्ने अनुसन्धान परियोजनाहरूको योजनाबद्ध र अपेक्षित कार्यान्वयनका लागि नियमित अनुगमन गरेर आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा आवश्यकतानुसार थप निर्णय लिने प्रयोजनका लागि नीति अनुसन्धान प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन २०७५ का आधारमा अध्ययन अनुसन्धान कार्यान्वयन अनुगमन समिति स्थापना गरी क्रियाशील गराएको छ ।

### तालिका २.२: अनुसन्धान कार्यान्वयन तथा अनुगमन समितिको संरचना र कार्यहरू

| | |
|---|---|
| कार्यकारी अध्यक्ष | संयोजक |
| विभागीय प्रमुखहरू (अनुसन्धान विभाग र सूचना तथा ज्ञान व्यवस्थापन ) | सदस्य |
| व्यवस्थापन विभाग प्रमुख | सदस्य सचिव |

समितिको मुख्य जिम्मेवारी तथा कार्य विवरण निम्नानुसार रहेको छ:

(क) प्रतिष्ठानले गरेका र यस मार्फत गराइएका अध्ययन अनुसन्धान कार्यहरू अपेक्षित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने/गराउने अभिप्रायले त्यस्ता अध्ययन अनुसन्धान कार्यको कार्यान्वयन अनुगमन गर्ने,

(ख) अध्ययन अनुसन्धान कार्य अपेक्षित गतिमा भए-नभएको समीक्षा गरी अध्ययन अनुसन्धान कार्यमा आइपरेका बाधा अड्चनहरू पहिल्याएर तिनको समाधान गर्ने तथा लक्ष्यअनुसार कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने ।

समितिले यस आर्थिक वर्षमा गरेका निर्णयहरू परिच्छेद ४.१६ मा हेर्नुहोस् ।

## २.१.४ प्रकाशन पुनरावलोकन तथा सिफारिस समिति

प्रतिष्ठानको विधागत अनुसन्धान केन्द्रहरू र विभागबाट प्रकाशनको लागि सिफारिस गरिएका दस्तावेजहरूको संरचना र अन्तर्वस्तुको अध्ययन गरी ती दस्तावेजहरू प्रतिष्ठानको निर्धारित मापदण्डअनुरूप प्रकाशनयोग्य भए-नभएको बारे निर्णय गर्ने कार्य यस समितिले गर्दछ । प्रकाशन स्वीकृतिको लागि प्राप्त दस्तावेजमा सुधार र परिमार्जनको आवश्यकता देखिएमा कारण र विवरण खुलाई सम्बन्धित अनुसन्धान केन्द्र वा विभागमा राय पठाउने र परिमार्जित भइआएको दस्तावेजउपर पुन: राय दिने वा निर्णय गर्ने पनि यसको कार्य हो । त्यसैगरी, प्रतिष्ठानले प्रकाशन गर्ने दस्तावेजको प्रकाशनयोग्यता लगायत प्रकाशन हुने सामग्रीको माध्यम (डिजिटल, छापा) र ढाँचा र सङ्ख्याको बारेमा समेत राय सुझाव दिने प्रयोजनका लागि प्रकाशन समीक्षा तथा सिफारिस समिति सक्रिय रहँदै आएको छ ।

चित्र २.१: प्रकाशन समीक्षा प्रक्रिया



प्रतिष्ठानका कार्यकारी अध्यक्षबाट अनुसन्धान विभाग प्रमुख संयोजक, कार्यकारी अध्यक्षद्वारा तोकिएका कम्तीमा तीन अनुसन्धानकर्ताहरू र एक जना सदस्य सचिव रहने गरी कम्तीमा पाँच सदस्यीय प्रकाशन समीक्षा तथा सिफारिस समिति गठन हुने व्यवस्था छ ।

नेपाल सरकार र मातहतका निकायहरूबाट समीक्षाको लागि प्रतिष्ठानमा पठाएको नीति मस्यौदाउपर समीक्षा गर्नको लागि चित्र २.३ मा उल्लेख गरिएको प्रक्रिया अवलम्बन गर्दै आएको छ ।

चित्र २.२: प्रतिष्ठानले नीति मस्यौदा समीक्षा गर्दा अपनाउने प्रक्रिया




## २.१.५ विधागत विज्ञ समूह

प्रतिष्ठानको अनुसन्धानका सम्बन्धित केन्द्रहरूलाई सुझाव तथा मार्गनिर्देश गर्ने उद्देश्यले प्रतिष्ठान विकास समितिले एक वरिष्ठ विधागत विज्ञहरूको समूह गठन समेत गरेको छ । वरिष्ठ विधागत विज्ञ सल्लाहकार समूहका सदस्यहरूलाई प्रतिष्ठानले तीन वर्षको कार्यकाल हुने गरी मनोनित गर्दछ र उहाँहरू अवैतनिक हुनुहुन्छ ।

उहाँहरूको चाख, क्षमता र प्रतिष्ठानको आवश्यकताको तालमेल मिलेको क्षेत्रमा सार्वजनिक नीति अनुसन्धानका समग्र प्रक्रियाहरूमा प्रतिष्ठानले आवश्यक सेवा लिँदै आएको छ । यसरी प्राप्त हुने सेवा पनि प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि तथा नियमित रूपमा प्रतिष्ठानमा कार्यरत अनुसन्धानकर्ता र कर्मचारीहरूको कार्यलाई प्रभावकारी, कार्यकुशल र व्यावसायिक बनाउन महत्त्वपूर्ण भएको छ ।

### २.१.६ संस्थागत सहकार्य

प्रतिष्ठानले विभिन्न अनुसन्धान संस्था/निकाय वा विश्वविद्यालयहरूसँग सहकार्य गरी खासखास विधागत क्षेत्रका उक्त संस्थाहरूमा उपलब्ध विज्ञ र विशेषज्ञहरूको परिचालन गर्दछ । खासगरी ठुला अनुसन्धान परियोजनाहरू कार्यान्वयनमा संस्थागत सहकार्य मार्फत ती संस्थाका विज्ञहरू परिचालन हुन्छन् । संस्थागत सहकार्यका लागि यस अर्थिक वर्षमा भएका समझदारीहरूको विवरण परिच्छेद ४.५ मा हेर्नुहोस् ।

## २.२ प्रतिष्ठानको नियमित कर्मचारी (अनुसन्धान तथा प्रशासन)

प्रतिष्ठानले नियमित कायम गर्नुपर्ने गुणस्तर, अनुगमन, मूल्याङ्कन, नीति सिफारिस र निश्चित क्षेत्रको अनुसन्धान तथा नेपाल सरकारका मन्त्रालय र अन्य निकायहरूसँग समन्वय एवम् सम्पर्क लगायतका कार्यहरू सम्पन्न गर्नका लागि सीमित सङ्ख्यामा अनुसन्धान तथा प्रशासनिक कर्मचारी परिचालन गर्दछ (हेर्नुहोस् तालिका २.३) । यस प्रावधानले प्रतिष्ठानलाई चलायमान, नियमित र नेपाल सरकारले चाहेको समयमा चाहेको सवालमा नीति सिफारिसमा सहजीकरण गर्दछ । साथै, यही प्रावधान अन्तर्गत प्रकाशनको गुणस्तर कायम गर्ने र प्रकाशनको नियमितता, ज्ञान प्रसार, नागरिकका सरोकार सङ्कलन र विश्लेषण आदि जस्ता महत्त्वपूर्ण कार्य सम्पन्न गर्दछ ।

### तालिका २.३: स्वीकृत पद तथा सङ्ख्या

| अनुसन्धान समूह | प्रशासन समूह |
|---|---|
| वरिष्ठ अनुसन्धानकर्ता - ६ जना | कार्यालय प्रबन्धक - १ |
| अनुसन्धानकर्ता - ६ जना | सहप्रबन्धक - २ |
| सहअनुसन्धानकर्ता - ६ जना | वरिष्ठ सहायक - ५ |
| विश्लेषक - ४ जना | सवारी चालक - १ |
| | कार्यालय सहयोगी - ३ |

यस आर्थिक वर्षमा प्रतिष्ठानमा रही कार्य गर्ने अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरूको विवरण अनुसूची ३ मा छ ।

## २.३ विद्यार्थी र इन्टर्न अनुसन्धानकर्ता

प्रतिष्ठानले खासखास र विशेषरूपमा केन्द्रित रहनुपर्ने साना अनुसन्धानहरूमा विश्वविद्यालयहरूमा स्नातकोत्तर, एमफिल र विद्यावारिधि गर्दै गरेका विद्यार्थीहरूसँग इन्टर्नको रूपमा वा सिधै अनुसन्धान सहायक वा अनुसन्धानकर्ताको रूपमा सहकार्य गर्ने प्रावधान छ। यस प्रयोजनका लागि प्रतिष्ठानले इन्टर्नशिप कार्यक्रम सञ्चालन निर्देशिका २०७७ तयार गरी लागु गरिसकेको छ।

सार्वजनिक नीतिका सबै विषयगत क्षेत्रहरूमा प्रतिष्ठानले गर्दै आएका अध्ययनहरूमा योगदान लिने प्रयोजनार्थ यस अवधिमा प्रतिष्ठानले सार्वजनिक विज्ञापन मार्फत इन्टर्नहरू छनोट गरी सम्बन्धित केन्द्र तथा विभागहरूमा ६ महिनाको लागि नियुक्त गऱ्यो (हेर्नुहोस् अनुसूची ३)।

## २.४ विज्ञसूची

नीति अनुसन्धान प्रतिष्ठानले अनुसन्धानकार्यका लागि विज्ञहरूको सूची तयार गर्दछ। स्वतन्त्र र विधागत विशेषज्ञता भएका विज्ञलाई सार्वजनिक रूपमा वा व्यक्तिगत तवरले समेत सूचीकृत हुन आह्वान गरी सूची तयार हुन्छ। यसरी सूचीकृत भएका विज्ञलाई विज्ञताको आधारमा अनुसन्धान प्रस्तावनाको मूल्याङ्कन गर्ने, नीति संवादमा सहजीकरण गर्ने, दृष्टिपत्र लेखन, प्रतिवेदन मूल्याङ्कन लगायत जर्नल प्रकाशनमा योगदान गर्ने अवसर प्रदान गरिन्छ। प्रतिष्ठानले निर्माण गरेको विज्ञहरूको सूची मन्त्रालय, विभाग र अन्य निकायलाई पनि उपयोगी हुनेछ।

यस आर्थिक वर्षमा अद्यावधिक भएको विज्ञसूची विवरण अनुसार जम्मा १ हजार ६ सय ४२ विज्ञ सूचीकृत छन्।

# परिच्छेद ३

# आय र खर्च विवरण

## ३.१ प्रतिष्ठानको आ.व. २०८१/८२ को खर्च विवरण

नीति अनुसन्धान प्रतिष्ठान प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको निकाय भएकाले प्रतिष्ठानलाई नेपाल सरकारबाट प्राप्त हुने बजेट उपशीर्षकहरू ३०१०००१२३ र ३०१०००१२४ बाट प्राप्त हुने व्यवस्था छ । प्रतिष्ठानको निरन्तर प्रयासका बाबजुद पनि बजेट पुस्तिका (रातो किताब) मा प्रतिष्ठानकै नामबाट बजेट व्यवस्था भने हालसम्म हुनसकेको छैन ।

प्रतिष्ठानले आय तथा खर्च विवरणको लेखा परीक्षण आन्तरिक र अन्तिम दुवै तरिकाबाट गर्दैआएको छ । आन्तरिक रूपमा आय-व्यय विवरणको परीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुन्छ भने अन्तिम लेखा परीक्षण माहालेखा परीक्षकको कार्यालयबाट हुँदैआएको छ ।

प्रतिष्ठानलाई आ.व. २०८१/८२ मा नेपाल सरकारबाट सुरु बजेटको रूपमा रु. ७ करोड २१ लाख ८१ हजार (चालु: रु. ७ करोड १ लाख ५६ हजार + पुँजीगत: रु. २० लाख २५ हजार) अख्तियारी भएको थियो । उक्त रकममध्ये रु. ३४ लाख ७४ हजार ३ सय ८९ रोक्का राखिएकोमा प्रतिष्ठानले अख्तियारी भएको रकममध्ये जम्मा रु. ५ करोड ६३ लाख ४८ हजार ५ सय ५९ यस आर्थिक वर्षमा खर्च गऱ्यो । यस आर्थिक वर्षमा अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरूको राजीनामा एवम् समयावधि समाप्त भएका कारण फागुन मसान्तसम्म २५ जनाको पद रिक्त रहेकाले तलबका लागि तोकिएको सबै रकम खर्च हुन नसकी समग्र खर्च कम हुन गएको हो ।

अघिल्ला वर्षहरूमा नेपाल सरकारबाट प्रतिष्ठानलाई प्राप्त हुने बजेट प्रतिष्ठानको सञ्चालक समितिबाट विभिन्न खर्च शीर्षकमा बाँडफाँट गरी वार्षिक कार्यक्रम समेत स्वीकृत गरिँदै आएकामा यस वर्ष भने प्रतिष्ठानको बजेट मन्त्रालयगत बजेट सूचना प्रणली (LMBIS) मार्फतनै सञ्चालन भएको थियो । आर्थिक वर्ष २०८१/८२ को खर्च विवरण अनुसूची ४ मा हेर्न सकिन्छ ।

आ.व. २०८०/८१ को खर्चमाथि महालेखा परीक्षकको कार्यालयबाट विगतमा सुरु भई चालु रहेका ४० वटा अनुसन्धान परियोजनाहरू समयमा नै सम्पन्न गर्नुपर्ने, प्रतिष्ठानमा रिक्त पदहरूको पदपूर्ति गर्नुपर्ने, प्रतिष्ठानका केन्द्रहरू अन्तर्गतका सबै उपक्षेत्रहरूमा अनुसन्धान कार्य हुनुपर्ने लगायत प्रतिष्ठानले गरेका अध्ययन तथा अनुसन्धानहरूका आधारमा नेपाल सरकारलाई दिइएका सुझावहरूको प्रभाव अथवा कार्यान्वयन अवस्थाको मूल्याङ्कन समेत हुनुपर्ने टिप्पणी प्राप्त भएकोमा प्रतिष्ठानले ती टिप्पणीहरूउपर आफ्ना प्रतिक्रिया दिएको थियो ।

सोहीअनुरूप प्रतिष्ठानले ठुलो सङ्ख्यामा अनुसन्धानतर्फका अनुसन्धाताहरूको पद रिक्त रही कार्य सम्पादनमा केही कठिनाइ भए तापनि रिक्त पदपूर्ति कार्य अन्तिम चरणमा पुगेकाले बाँकी अपूरा परियोजनाहरू चाँडै सम्पन्न गरिने, जनशक्ति पदपूर्ति २०८१ फागुनसम्ममा पूरा गरिने र सबै उपक्षेत्रहरूमा अनुसन्धान हुने गरी व्यवस्था मिलाइने प्रतिक्रिया महालेखा परीक्षकको कार्यालयमा पेस गरेको थियो । त्यसैगरी, प्रतिष्ठानले दिएका सबै सुझावहरू नेपाल सरकारले कार्यान्वयन गरोस् भन्ने प्रतिष्ठानको अपेक्षा रहँदा रहँदै पनि ती सुझावहरू कार्यान्वयन गर्ने वा नगर्ने जिम्मेवारी नेपाल सरकारमा निहित रहेकाले उक्त विषयमा प्रतिष्ठानको प्रत्यक्ष भूमिका नरहेको तथापि, सिफारिसहरू भए-नभएको तथा सोको प्रभाव अध्ययन र अनुगमनका लागि भने आगामी दिनमा मूल्याङ्कन ढाँचा र संयन्त्र तर्जुमा गरी कार्यान्वयनमा लैजाने प्रतिक्रिया पनि महालेखा परीक्षकको कार्यालयमा पेस गरेको थियो ।

लेखा परीक्षण प्रतिवेदन र लेखा परीक्षणबाट आएका टिप्पणी तथा सुझावहरूको व्यवस्थापकीय टिप्पणी अनुसूची ५ मा दिइएको छ ।

# परिच्छेद ४

# सम्पादित कार्य तथा उपलब्धिहरू

## ४.१ सम्पन्न भएका अध्ययनहरू

नीति अध्ययन अनुसन्धान गर्ने कार्य प्रतिष्ठानको अनुसन्धान विभागको जिम्मेवारी हो । विभागले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सो प्रयोजनको लागि सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान परिषद्हरूसँगको निकट सम्बन्धमा रही कार्य गर्दछ ।

प्रतिष्ठानको स्थापना कालदेखि हालसम्म प्रकाशित प्रमुख अनुसन्धान र अनुसन्धानमूलक ७१ वटा प्रकाशनहरूमध्ये क्षेत्र तथा विधागत आधारमा हेर्दा आर्थिक विकास; सार्वजनिक नीतिका अवधारणा, नीति निमार्ण तथा समीक्षा; कूटनीति सेवप्रवाह, जनस्वास्थ्य तथा महामारी लगायतका विषयहरू प्रमुख अनुसन्धानका क्षेत्रहरू देखिएका छन् ।

चित्र ४.१: प्रकाशित अनुसन्धान प्रतिवेदनका आधारमा प्रतिष्ठानका प्रमुख अनुसन्धान क्षेत्र तथा विषयहरू



आर्थिक वर्ष २०८१/८२ मा प्रतिष्ठानले सम्पन्न गरेका अनुसन्धान परियोजनाहरूमा आधारित भई तयार गरिएका जम्मा ६ वटा अध्ययन प्रतिवेदनहरू सार्वजनिक गऱ्यो ।

### ४.१.१ अनुसन्धान प्रतिवेदन

- जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाहरूको सेवाग्राही सन्तुष्टि विश्लेषण
- सामाजिक सुरक्षा नीतिहरूको समीक्षात्मक अध्ययन

२

#### ४.१.१.१ जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाहरूको सेवाग्राही सन्तुष्टि विश्लेषण

जिल्ला प्रशासन कार्यालयले प्रवाह गर्ने सेवाहरूमा सेवाग्राहीको अनुभवको आकलन गर्ने; भौतिक संरचनाको पर्याप्तता र सेवाग्राहीमैत्री संरचनाको सन्तुष्टि, सेवा प्रदायकका व्यवहारप्रति सेवाग्राहीहरूको सन्तुष्टि, जिल्ला प्रशासन कार्यालयले प्रवाह गर्ने सेवाहरूको जानकारी, नागरिक बडापत्रबारे सेवाग्राहीमा जानकारी र सार्वजनिक सुनुवाइको जानकारी मापन गर्ने; र जिल्ला प्रशासन कार्यालयको सेवाप्रवाहको सम्बन्धमा रहेका चुनौतीहरू सम्बोधन गर्न नीतिगत एवम् व्यवहारिक सुधारका पक्षहरू पहिचान गरी सुधारका लागि सुझाव पेस गर्ने उद्देश्यका साथ गरिएको यो अध्ययन गुणात्मक र गणनात्मक दुबै अनुसन्धान पद्धतिको प्रयोग गरी सम्पन्न गरिएको थियो । अध्ययनका लागि नेपालका १७ वटा जिल्लाहरूलाई समावेश गरी जम्मा ९ सय ८ जना सेवाग्राहीहरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । साथै, अध्ययनको क्रममा २५ वटा केन्द्रित समूह बैठकहरू पनि सञ्चालन गरिएका थिए ।

जिल्ला प्रशासन कार्यालयहरूबाट प्रवाह हुने सेवा प्रणाली केही हदसम्म प्रभावकारी देखिए तापनि सेवा पहुँचमा सामाजिक र भूगोलजन्य असमानता, समावेशीताको कमी, महिला र दलित समुदायको कम सहभागिता, स्थानीय भाषाको प्रयोगको अभाव, तथा कर्मचारी व्यवहार र व्यवस्थापकीय क्षमताजस्ता विषयहरूमा अझै उल्लेखनीय सुधारको आवश्यकता रहेको प्रतिवेदनको सुझाव रहेको छ । प्रतिवेदनमा राहदानी र नागरिकता सेवाहरू तुलनात्मक रूपमा बढी प्रभावकारी देखिए तापनि, अन्य सेवाहरूमा स्पष्ट मापदण्ड, पारदर्शिता र उत्तरदायित्वको कमजोरी रहेको उल्लेख छ । साथै, यस अध्ययनले सेवा प्रवाह सुदृढीकरणका लागि डिजिटल प्रणालीको प्रभावकारी प्रयोग, स्थानीय भाषाको प्रयोग, नागरिकमैत्री जानकारी प्रणाली, कर्मचारीको निरन्तर क्षमता अभिवृद्धि र संस्थागत समन्वय तथा अनुगमन संयन्त्र सुदृढ गर्नुपर्ने सिफारिस गरिएको छ । समग्रमा, अध्ययनले सेवा प्रवाह प्रणालीलाई समावेशी, जबाफदेही र नागरिक केन्द्रित बनाउँदै लैजान आवश्यक रहेको निष्कर्ष पेस गरेको छ ।

#### ४.१.१.२ सामाजिक सुरक्षा नीतिहरूको समीक्षात्मक अध्ययन

यस अनुसन्धानको मूल उद्देश्य नेपालमा कार्यान्वयन गरिएका सामाजिक सुरक्षासम्बन्धी नीतिहरूको कार्यान्वयनको अवस्थाको समीक्षा, समस्याको पहिचान र तिनको समाधानका लागि नेपाल

सरकारलाई नीतिगत सुझावहरू प्रस्तुत गर्नु थियो । मुख्यगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकहरूसम्बन्धी कार्यक्रमहरूलाई केन्द्रमा राखेर समीक्षात्मक अध्ययन गर्नु; सामाजिक सुरक्षाको क्षेत्रमा उत्कृष्ट कार्य गरेका देशहरूको अभ्यासको तुलनात्मक अध्ययन गरी नेपालले अपनाउन सक्ने असल अभ्यासहरूको खोजी गर्नु तथा सामाजिक सुरक्षासम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाको समीक्षा र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा देखिएका समस्याहरूको पहिचान गर्नु यस अध्ययनको उद्देश्य थियो । सामाजिक सुरक्षाको उत्कृष्ट नीतिहरूको अवलम्बन गर्ने नोर्डिक देशहरू, छिमेकी मुलुक भारत तथा अन्य विकसित देशहरूको सामाजिक सुरक्षासम्बन्धी व्यवस्थाहरूको समीक्षा तथा नेपालमा सञ्चालित योगदानमा आधारित योजनाहरूको समीक्षा समेत समेटिएको यस अध्ययनमा मिश्रित विधि (mixed methods) प्रयोग गरिएको थियो ।

यस अध्ययनमा नोर्डिक देशहरू लगायत जर्मनी, अमेरिका र भारतका अभ्यासलाई सन्दर्भ दिँदै नेपालको सामाजिक सुरक्षा प्रणाली अझ व्यवस्थित, समावेशी र दिगो बनाउनुपर्ने आवश्यकता देखाइएको छ । अध्ययनमा हाल नेपालमा सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरू विभिन्न मन्त्रालय र निकाय मार्फत छरिएर कार्यान्वयनमा आएका र यसले कार्यान्वयनमा दोहोरोपन, समन्वयको अभाव र पारदर्शिताको कमीजस्ता समस्याहरू रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । साथै, सामाजिक सुरक्षा ऐन, २०७५ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ लाई एकीकृत गरी एउटा फराकिलो र सार्वभौम सामाजिक सुरक्षा प्रणाली निर्माण गर्नुपर्ने सिफारिस गरिएको छ । अध्ययनमा नेपालका वर्तमान सामाजिक सुरक्षा कार्यक्रमहरूमा देखिएका प्रमुख चुनौतीहरू पहिचान गर्दै सुधारका लागि नीति, कानुन र संस्थागत संरचनामा एकरूपता ल्याउन जोड दिइएको छ ।

स्वास्थ्य बीमा र सामाजिक बीमालाई अनिवार्य बनाउने, निजी सेवा प्रदायकलाई समावेश गर्दै प्रतिस्पर्धात्मक सेवा सुनिश्चित गर्ने, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई एकीकृत गरी साझा संरचना निर्माण गर्ने सुझाव अध्ययनमा प्रस्तुत गरिएको छ । साथै, अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई लक्षित योजना मार्फत समेट्ने, स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि गर्ने र डिजिटल प्रणाली मार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषयहरू पनि अध्ययनको सिफारिसहरूमा समावेश छन् । समग्रमा, सामाजिक सुरक्षालाई मानव अधिकारको अभिन्न अङ्गका रूपमा लिँदै राज्यको वित्तीय दायित्व सन्तुलित राखी दिगो, समावेशी र प्रभावकारी सामाजिक सुरक्षा प्रणाली निर्माण गर्नुपर्ने निष्कर्ष अध्ययन मार्फत प्रस्तुत गरिएको छ ।

### ४.१.२ सोत्रपत्र

- Socialism-Oriented Policies at the Local Level in Nepal: Ideas, Challenges and Way Forward १

### ४.१.२.१ Socialism-Oriented Policies at the Local Level in Nepal: Ideas, Challenges and Way Forward

नेपालको संविधानको प्रावधानअनुरूप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरूलाई सार्वजनिक सेवा नियमन तथा प्रदान गर्ने मात्र नभई आर्थिक, सामाजिक र विकाससम्बन्धी गतिविधिहरूमा प्रत्यक्ष रूपमा संलग्न हुने अधिकार प्रदान गरेको छ । स्थानीय सरकारहरूलाई सार्वजनिक उद्यम सञ्चालन गर्ने, सहकारी संस्था सञ्चालन गर्ने, स्थानीय स्रोत साधन परिचालन गर्ने, आधारभूत पूर्वाधार, स्वास्थ्य, शिक्षा तथा अन्य आवश्यक सेवाहरूमा लगानी गर्ने अधिकार प्राप्त भएको र संविधानले नै समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा आधार दिएको सन्दर्भमा ती प्रावधानहरूलाई स्थानीय तहहरूले कसरी व्यवहारमा उतार्न सक्छन् भन्ने विषयमा यो सोचपत्र केन्द्रित छ ।

यस सोचपत्रले समाजवादको मूल विचारलाई ऐतिहासिक परिप्रेक्ष्यमा पुनरावलोकन गर्दै नेपालका संवैधानिकरूपमा सशक्त स्थानीय सरकारहरू कसरी समाजवादमुखी रूपान्तरणका संवाहक बन्न सक्छन् भन्नेबारे राय दिएको छ । “नगर समाजवाद” का वैश्विक अनुभवहरूमा आधारित रही, नेपालका नीति तथा कानुनी संरचनाभित्र रहँदै सोचपत्रले लोकतान्त्रिक व्यवस्थापन प्रवर्धन गर्ने, सहकारी उद्यमलाई समर्थन गर्ने तथा समावेशी सेवा प्रवाहका लागि स्रोत परिचालन गर्ने रणनीतिहरू पनि प्रस्तुत गरेको छ ।

## ४.१.३ परियोजना समीक्षा प्रतिवेदन

| ➢ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समीक्षा | १ |
|---|---|

### ४.१.३.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मध्यावधि समीक्षा

यस अध्ययनमा आर्थिक सहयोग तथा विकास सङ्गठन (Organisation for Economic Co-operation and Development [OECD]) को मूल्याङ्कन मापदण्डअनुसार परियोजनाको सान्दर्भिकता, प्रभावकारिता, कुशलता, प्रभाव र दिगोपनाको विश्लेषण गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक तथ्याङ्कलाई गुणात्मक र गणनात्मक दुवै विधिद्वारा विश्लेषण गरिएको थियो ।

अध्ययनको क्रममा कुल ९ सय ५१ घरधुरीमा सर्वेक्षण, ६३ वटा समूह केन्द्रित छलफल र ४१ वटा मुख्य सूचनादातासँगको अन्तर्वार्ताद्वारा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो । परियोजनाले सुपरजोन, जोन, ब्लक र पकेटजस्ता क्षेत्र स्थापना गरी आधुनिक प्रविधि, उन्नत बीउ, यान्त्रीकरण र बजार पहुँचका माध्यमबाट सघन कृषि उत्पादनलाई प्रवर्धनतर्फ राम्रा काम भएको देखाएको छ ।

परियोजनाले कृषकको आम्दानी वृद्धि, खाद्यान्न उत्पादनमा बृद्धि, गरिबी न्यूनीकरणमा सकारात्मक प्रभाव देखाएको छ भने महिला तथा युवा कृषकलाई आकर्षण गर्ने प्रयास पनि उल्लेखनीय देखाएको छ । यद्यपि,

बीउ तथा मलको आपूर्ति, व्यवस्थापन पक्ष, बजार पूर्वाधारको अभाव, अनुगमन तथा मूल्याङ्कन प्रणालीको कमजोरी र परियोजनाको वित्तीय तथा प्रशासनिक कार्यान्वयनमा कमजोरी देखाएको छ ।

परियोजनाको प्रभावकारिता वृद्धि गर्न अध्ययनले विभिन्न सिफारिसहरू प्रस्तुत गरेको छ । प्रमुख सिफारिसहरूमा बीउ र मलको सुनिश्चित आपूर्ति, निजी क्षेत्रको सहभागिता वृद्धि, कस्टम हायरिङ सेन्टर र शीत भण्डारको दक्ष व्यवस्थापन, कृषि यान्त्रीकरण प्रवर्धन, गुणस्तरीय खाद्य सामग्रीको प्रवर्धन, स्मार्ट सिँचाइ प्रणालीको प्रयोग तथा कृषि अनुसन्धान-प्रसारको एकीकृत प्रणाली विकास गरिनुपर्ने छन् । साथै, परियोजनाका कार्यान्वयनमा तीन तहका सरकारबिच कार्यगत समन्वय र समुचित व्यवस्थापन सूचना प्रणालीको स्थापना अपरिहार्य रहेको सुझाव दिइएको छ। परियोजनाको सन्दर्भमा आर्थिक प्रतिफल सकारात्मक देखिए तापनि हालको कार्यान्वयन स्थितिलाई ध्यानमा राख्दै परियोजनालाई कम्तिमा पाँच वर्ष थप अवधि विस्तार गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने सिफारिस गरिएको छ ।

### ४.१.४ छलफल पत्र

➢ Improving Public Expenditure System in Nepal: Critical Areas of Reform १

#### ४.१.४.१ Improving Public Expenditure System in Nepal: Critical Areas of Reform

यस अध्ययनले नेपालको सार्वजनिक खर्च व्यवस्थापन प्रणालीमा सुधार ल्याउन आवश्यक सुधारका महत्त्वपूर्ण क्षेत्रहरू पहिचान गर्नुका साथै सार्वजनिक खर्च तथा वित्तीय व्यवस्थापन प्रणालीसँग सम्बन्धित नीति, नियम, कानुन तथा संस्थागत संरचनामा विगत केही वर्षमा तीनै तह (संघ, प्रदेश र स्थानीय) मा भएका प्रमुख पहलहरूको समीक्षा गरेको छ । यसले सार्वजनिक खर्च तथा वित्तीय व्यवस्थापन प्रणाली सुधारमा नीति, नियम, कानुन तथा संस्थाहरूको प्रभाव र परिणामको विश्लेषण गर्दै सार्वजनिक खर्च तथा वित्तीय व्यवस्थापन प्रणालीमा महत्त्वपूर्ण सुधार ल्याउन आवश्यक नीतिगत तथा कानुनी सुधारहरू पनि सिफारिस गरेको छ ।

योजना र बजेट निर्माण प्रक्रियामा दीर्घकालीन सोचको अभाव, पुँजीगत खर्च न्यून र प्रायः वर्षको अन्त्यमा खर्च हुने पद्धति र चालु खर्च लगातार बढ्दै जाने प्रवृत्तिले आर्थिक असन्तुलन सिर्जना गरेको अध्ययनको निष्कर्ष रहेको छ। परियोजना छनोट, कार्यान्वयन, र निगरानी प्रणाली समेत प्रभावकारी नभएको तथा संस्थागत संरचनामा राजनीतिक हस्तक्षेप, पारदर्शिताको कमी र जबाफदेहीताको अभावलाई प्रमुख चुनौतीहरूको रूपमा अध्ययनले देखाएको छ ।

अध्ययनले बजेट निर्माण, सार्वजनिक खर्च र वित्तीय व्यवस्थापन प्रणालीमा सुधार ल्याउन कानुनी, संस्थागत, योजना र बजेट तथा डिजिटल गरी चार मुख्य क्षेत्रहरूमा सुधारका सिफारिसहरू दिएको छ। यसमा, जबाफदेही र पारदर्शी कानुनी प्रावधान; मेरिटमा आधारित नियुक्ति प्रणाली; संसद र नियमनकारी

निकायहरूको सक्रियता; अनुगमनमा प्रभावकारिता र भ्रष्टाचार नियन्त्रणका लागि विशेष निकायहरूलाई प्रभावकारी बनाउन जोड दिइएको छ। बजेट निर्माणमा नीतिगत लागत निर्धारण प्रणाली; कार्यसम्पादनमा आधारित बजेटिङ; आर्थिक वर्गीकरणको पुनरावलोकन; सामाजिक सुरक्षा अनुदान र अनुदान प्रणालीमा स्पष्टता आवश्यक रहेको पनि अध्ययनमा सुझाइएको छ। डिजिटल प्रणालीहरू (जस्तै LMBIS, TSA, SuTRA) को प्रयोग भए तापनि डेटाबेस व्यवस्थापन, पारदर्शी जानकारी प्रवाह र भुक्तानी तथा लेखा प्रणालीजस्ता विषयमा अझै सुधार गर्नुपर्ने सिफारिस अध्ययनमा प्रस्तुत गरिएको छ।

### ४.१.५ स्रोत पुस्तिका

- नेपालमा बौद्धिक सम्पत्ति अधिकार संरक्षणसम्बन्धी व्यवस्था

१

#### ४.१.५.१ नेपालमा बौद्धिक सम्पत्ति अधिकार संरक्षणसम्बन्धी व्यवस्था

नेपालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार बौद्धिक सम्पत्ति संरक्षण गर्न प्रतिबद्धता जनाइसकेको हालको सन्दर्भमा बौद्धिक सम्पत्तिसम्बन्धी नेपालको विद्यमान कानुनी, संस्थागत र कार्यान्वयन पक्षहरूको समग्रतामा विश्लेषण गर्ने उद्देश्यले तयार गरिएको यस स्रोत पुस्तिकामा विशेष गरी प्याटेन्ट, औद्योगिक डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार, इन्टिग्रेटेड सर्किट, व्यापार गोपनीयता लगायतका प्रमुख अधिकारका आयामहरूलाई तथ्यपरक व्याख्या र विश्लेषण छ। यसका अतिरिक्त यस स्रोत पुस्तिकामा बौद्धिक सम्पत्तिको अवधारणा, यसको औचित्य, सम्बद्ध अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू, नेपालका सम्बद्ध कानुन र नीतिहरू, कार्यान्वयन संयन्त्र तथा नेपालको सन्दर्भमा बौद्धिक सम्पत्ति संरक्षणका चुनौतीहरूको विवेचना छ।

## ४.२ नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष नीति सिफारिस

७

- पर्यटन नीति २०८१ को मस्यौदामा थप सुधार तथा परिमार्जनका लागि सुझाव
- ई-गभर्नेन्स ब्लुप्रिन्ट (मस्यौदा) मा सुधार तथा परिमार्जनका लागि सुझाव
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा सुधारका लागि सुझाव तथा पृष्ठपोषण
- प्रतिलिपि अधिकार ऐन, २०८१ (मस्यौदा) मा थप सुधार तथा परिमार्जनका लागि सुझाव
- राष्ट्रिय संस्कृति नीति, २०८१ (मस्यौदा) मा सुधार तथा परिमार्जनका लागि सुझाव
- श्रम आप्रवासन नीति (मस्यौदा), २०८१ मा थप सुधार तथा परिमार्जनका लागि तयार गरिएको सुझाव
- वातावरण संरक्षण नियमावली, २०७७ (पहिलो संशोधन, २०८१) को मस्यौदामा थप सुधारका लागि राय तथा सुझावहरू

अनुसन्धान र सार्वजनिक ज्ञानको आधारमा आवश्यक नीति सिफारिस गर्ने काम पनि प्रतिष्ठानको कार्यादेशभित्र पर्ने भएकाले अध्ययन विश्लेषणबाट प्राप्त निष्कर्षमा आधारित भई आ.व. २०८१/८२ मा प्रतिष्ठानले जम्मा सात वटा मस्यौदा नीति, ऐन तथा नियमावली सुधारका लागि पृष्ठपोषण प्रदान गऱ्यो जसको सङ्क्षिप्त विवरण निम्नानुसार छ ।

### ४.२.१ पर्यटन नीति २०८१ को मस्यौदामा थप सुधार तथा परिमार्जनका लागि सुझाव

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयार गरेको "पर्यटन नीति, २०८१" को मस्यौदाउपर सुझावका लागि नीति अनुसन्धान प्रतिष्ठानलाई अनुरोध गरेबमोजिम प्रतिष्ठानले मस्यौदाको विस्तृत अध्ययन विश्लेषण गरी उक्त मन्त्रालयलाई २०८१ फागुनमा एक सुझाव प्रतिवेदन पेस गऱ्यो ।

उक्त मस्यौदाउपर आवश्यक अध्ययन विश्लेषणका लागि प्रतिष्ठानले आन्तरिक विज्ञहरूको टोली गठन गरेको थियो भने उक्त मस्यौदा नीति आफ्नो वेबसाइट मार्फत सार्वजनिक गरी त्यसबाट प्राप्त सुझावहरू लगायत प्रतिष्ठानमा आयोजित सार्वजनिक नीति संवाद मार्फत सरोकारवालाहरूबाट प्राप्त राय सुझावको आधारमा सो प्रतिवेदन तयार गरेको थियो ।

सामान्य तथा दफावार रूपमा सुझावहरू प्रस्तुत गरिएको सो प्रतिवेदनले विगतको पर्यटन नीति २०६५ को समीक्षा नगरी नयाँ नीति निर्माणको प्रक्रिया अघि बढेको र प्रस्तावित नीतिमा आवश्यक ढाँचा नसमेटिएको जनाउँदै आन्तरिक पर्यटन, छिमेकी मुलुकहरूसँगको समन्वय, पर्यटक सेवा, सुरक्षा र प्रचारप्रसारजस्ता विषयहरूलाई समग्र रूपमा सम्बोधन गर्नुपर्ने औँल्याएको थियो । त्यसै गरी, पर्यटन प्रवर्धनका तीन आयामहरू - विकास, प्रचारप्रसार र व्यवस्थापनलाई नीति निर्माणमा स्पष्ट रूपमा समेट्नुपर्ने, सरकारी निकायहरूबिच प्रभावकारी समन्वय आवश्यक पर्ने र राष्ट्रिय विकास योजनासँग नीति मिल्नुपर्ने सुझावहरू पनि दिइएको थियो । दफावार सुझावहरूमा दफा/उपदफामा भएका कमजोरी, अस्पष्टता, दोहोरिएका बुँदा, संरचनागत त्रुटि र भाषिक अशुद्धिहरू सच्याउन तथा नीति कार्यान्वयनका लागि व्यावहारिक र समन्वित व्यवस्था गर्ने सिफारिसहरू थिए । साथै, पर्यटनमा कार्यरत पेसागत संघसंस्थाहरू, दक्ष जनशक्ति विकास, गन्तव्य स्तरोन्नति, वित्तीय तथा कानुनी सहजीकरण, अन्तर्राष्ट्रिय सहकार्य र डिजिटल प्रणालीलाई प्राथमिकतामा राख्नुपर्ने सिफारिसहरू पनि उक्त प्रतिवेदनमा थिए ।

### ४.२.२ ई-गभर्नेन्स ब्लुप्रिन्ट (मस्यौदा) मा सुधार तथा परिमार्जनका लागि सुझाव

नेपाल सरकार, ई-गभर्नेन्स बोर्ड, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत ई-गभर्नेन्स ब्लुप्रिन्ट (मस्यौदा) मा सुझावका लागि नीति अनुसन्धान प्रतिष्ठानलाई गरिएको अनुरोधअनुरूप प्रतिष्ठानले आवश्यक अध्ययन, विश्लेषण गरी २०८२ वैशाखमा उक्त बोर्डलाई एक सुझाव प्रतिवेदन पेस गऱ्यो ।

अध्ययन विश्लेषणका लागि प्रतिष्ठानले उक्त मस्यौदालाई आफ्नो वेबसाइट मार्फत सार्वजनिक गरेको थियो भने सरोकारवालाहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषण र नीति संवादबाट प्राप्त सुझावहरूलाई प्रतिष्ठानको एक विज्ञ समूहले गरेको संश्लेषणको आधारमा सुझाव प्रतिवेदन तयार गरेको थियो ।

उक्त सुझाव प्रतिवेदनले नेपालको संविधान र विभिन्न कानुनी संरचनाहरूले पारदर्शी, उत्तरदायी तथा प्रविधिमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिए तापनि सोका लागि एकीकृत प्रणालीको अभाव रहेको, साइबर सुरक्षा चुनौतीको रूपमा रहेको एवम् डिजिटल पहुँचको कमीजस्ता समस्याहरू विद्यामान रहेको जनाएको थियो । त्यसै गरी, प्रतिवेदनले डिजिटल सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले विद्यमान कानुन, नीति तथा पूर्वाधारहरूको पुनरावलोकन गर्दै दीर्घकालीन योजना, रणनीति र संरचना निर्माण गर्नुपर्ने आवश्यकता पनि औँल्याएको थियो । प्रतिवेदनमा ब्लुप्रिन्टको भाषिक जटिलता, कार्यान्वयन योजना, बजेट अनुमान, रणनीतिक पक्षहरू, स्थानीय सरकारको भूमिका र सङ्घीयतालाई सम्बोधन गर्नुपर्ने विषयमा सुधार आवश्यक रहेको सुझाइएको थियो । उक्त प्रतिवेदनमा ब्लुप्रिन्टलाई केवल नीतिगत दस्तावेज नबनाई एक स्पष्ट मार्गचित्रका रूपमा परिभाषित गर्दै र SMART सूचकहरू, सम्भावित जोखिम र नागरिकको उपयोग अनुभवलाई प्राथमिकता दिन सुझाव दिइएको थियो । साथै, निजी क्षेत्र, स्टार्टअप, र अन्तर्राष्ट्रिय अभ्याससहरूसँग सहकार्य, खुला स्रोत प्रविधिको उपयोग तथा "Bottom–Up Approach" अपनाउन पनि प्रतिवेदनले सिफारिस गरेको थियो । नेपालमा विद्युतीय सुशासन प्रणालीलाई मजबुत र नागरिकमैत्री बनाउन उक्त ब्लुप्रिन्टलाई व्यावहारिक, समावेशी र दीर्घकालीन योजनासँग समन्वय गरी परिमार्जन गर्नुपर्ने सुझावहरू पनि प्रतिवेदन मार्फत दिइएको थियो ।

### ४.२.३ अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा सुधारका लागि सुझाव तथा पृष्ठपोषण

अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा सुझाव तथा पृष्ठपोषणका लागि नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा नीति अनुसन्धान प्रतिष्ठानलाई भएको अनुरोध अनुसार प्रतिष्ठानले यस विषयमा आवश्यक अध्ययन गरी उक्त मन्त्रालयमा मङ्सिर, २०८१ मा सुझावहरूसहितको प्रतिवेदन पठाएको थियो । प्रतिष्ठानले उक्त प्रतिवेदन प्रतिष्ठानको स्थापित मान्यता र कार्यविधिको अनुसरण गरी सरोकारवालाहरूको सुझावका लागि अनुरोधसहित सार्वजनिक आह्वानबाट प्राप्त सुझाव, विज्ञ परामर्श र नीति संवादबाट आएका सुझावहरूको संश्लेषण गरी तयार गरेको थियो ।

यस प्रतिवेदनले मूलतः अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजना, २०८१ लाई अधिकारमा आधारित शिक्षाको दृष्टिकोणबाट विश्लेषण गर्दै आवश्यक सुधार सुझावहरू प्रस्तुत गरेको छ । नेपालको संविधान र अन्तर्राष्ट्रिय सन्धिहरू अनुसार आधारभूत शिक्षा हरेक नागरिकको मौलिक अधिकार हो भन्ने मान्यताका आधारमा कार्य योजनाको मस्यौदाले अझै स्पष्ट, समावेशी र व्यवहारिक दृष्टिकोण अपनाउन आवश्यक देखिएको प्रतिवेदनमा प्रस्तुत गरिएको छ । साथै, प्रतिवेदनले संघ, प्रदेश

र स्थानीय तहबिचको भूमिकालाई स्पष्ट गरी समन्वय र कार्यान्वयनमा साझा जिम्मेवारी आवश्यक रहेको औँल्याएको छ । त्यसैगरी प्रतिवेदनले कार्य योजनामा सुधार गर्नुपर्ने ठोस विषयहरू जस्तै– परिभाषा, कार्यान्वयन रणनीति, बजेट व्यवस्था, शिक्षक व्यवस्थापन र अनुगमन प्रणालीलाई दफावार रूपमा प्रस्तुत गर्दै वित्तीय स्रोत व्यवस्थापनका लागि शिक्षा कोषको स्थापना, निजी क्षेत्र तथा विकास साझेदारको सहभागिता र पारदर्शी बजेट प्रणालीको आवश्यकता पनि औँल्याएको छ । यस प्रतिवेदन मार्फत कार्य योजनालाई चरणबद्ध रूपमा कार्यान्वयन गर्न दुई वटा विकल्पहरू (पालिकामा आधारित र आवश्यकतामा आधारित मोडेल) पनि प्रस्ताव गरिएको छ ।

समग्रमा, प्रस्तावित कार्य योजना अत्यन्त महत्त्वाकाङ्क्षी भए तापनि सोही अनुसारको पूर्वतयारी कमजोर रहेको, स्रोतको सुनिश्चितता नरहेको र कार्यान्वयन संयन्त्रको अभाव रहेका कारण यसको प्रभावकारी कार्यान्वयनका लागि संरचनागत र नीतिगत सुधार अनिवार्य रहेको सुझावहरू प्रतिवेदनमा सिफारिस भएका छन् ।

### ४.२.४ प्रतिलिपि अधिकार ऐन, २०८१ (मस्यौदा) मा थप सुधार तथा परिमार्जनका लागि सुझाव

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रतिलिपि अधिकार ऐन, २०८१ (मस्यौदा) मा थप सुधार तथा परिमार्जनका लागि सुझावहरू सङ्कलन गर्ने उद्देश्यले नीति अनुसन्धान प्रतिष्ठानलाई गरेको अनुरोधअनुरूप प्रतिष्ठानले यो सुझाव प्रतिवेदन तयार गरेको हो । नीति सिफारिस प्रक्रियामा विषयविज्ञ, सरोकारवालाबाट प्राप्त राय, प्रतिष्ठानद्वारा गरिएको अध्ययन तथा विश्लेषणबाट प्राप्त सुझावका आधारमा सिफारिसहरू तय भएका थिए ।

यस सुझाव प्रतिवेदनमा ऐनको समग्र संरचना, प्रावधानहरू र कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने मुख्य सिफारिश प्रस्तुत गरिएको छ । विशेषगरी बर्न महासन्धिका दफाहरूसँग सुसम्बद्धता सुनिश्चित गर्न, लगानी सुरक्षाको प्रत्याभूति गर्न, रोयल्टी व्यवस्थालाई स्पष्ट बनाउन र कृत्रिम बौद्धिकता (artificial intelligence) प्रयोगमा आधारित रचनाको हक सुनिश्चित गर्न आवश्यक रहेको सुझाव प्रतिवेदनमा उल्लेख गरिएको छ। साथै, प्रतिलिपि अधिकारसम्बन्धी विषयहरूमा नेपाल सरकारको अन्तर्राष्ट्रिय समन्वय र प्रतिनिधित्व गर्ने जिम्मेवारी प्रतिलिपि अधिकार कार्यालयलाई दिनुपर्ने र संस्थाको नामलाई अन्तर्राष्ट्रिय अभ्यासअनुसार परिमार्जन गर्नुपर्ने सुझाव पनि दिइएको छ। त्यसैगरी, प्रतिवेदनले कार्यान्वयन सजिलो हुने किसिमको भाषाको प्रयोग, समावेशी प्रक्रिया र विभिन्न सरोकारवालाको सुझावलाई ऐनमा प्रतिविम्बित गर्नुपर्नेमा जोड दिएको छ । चलचित्र, श्रव्य/दृश्य रचनाहरूमा रचनाकार, निर्माता, कलाकारहरूबिचको भूमिका स्पष्ट पार्नुपर्ने, लोकपरम्परामा आधारित रचनाहरूमा प्रतिलिपि अधिकार दाबी नगर्नुपर्ने र विवाद समाधानका लागि मेलमिलाप प्रक्रिया ऐन वा नियमावलीमा व्यवस्था गर्नुपर्ने सिफारिस गरिएको छ ।

### ४.२.५ राष्ट्रिय संस्कृति नीति, २०८१ (मस्यौदा) मा सुधार तथा परिमार्जनका लागि सुझाव

नीति अनुसन्धान प्रतिष्ठानलाई नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत "राष्ट्रिय संस्कृति नीति, २०८१" को मस्यौदालाई परिमार्जन तथा सुधार गर्नका लागि अनुरोध भए बमोजिम, प्रतिष्ठानले आवश्यक अध्ययनद्वारा पृष्ठपोषण भएका सुझावहरू उक्त मन्त्रालयलाई ११ असोज, २०८१ मा सिफारिस गरेको हो। "राष्ट्रिय संस्कृति नीति, २०६७" लाई प्रतिस्थापन गर्ने उद्देश्य राखेको उक्त राष्ट्रिय संस्कृति नीति, २०८१ (मस्यौदा) मा सरोकारवालाहरू सम्मिलित नीति संवाद, नीति सार्वजनिकिकरण र विज्ञ समीक्षाबाट सङ्कलन गरिएका सुझावहरू समावेश थिए।

यस प्रतिवेदन मार्फत मूलरुपमा वर्तमान नीतिले सङ्घीय संरचनाको मागअनुरूप आवश्यक परिमार्जन नगरेकाले नीति कार्यान्वयन कमजोर भएको, संस्कृति प्रवर्धनको संवैधानिक व्यवस्थाका बाबजुद पनि सांस्कृतिक सम्पदाको संरक्षणमा चुनौतीहरू रहेको र संस्थागत संरचना तथा स्रोतको अभाव रहेको अवस्था औंल्याइएको छ। समावेशी, रणनीतिक र दिगो सांस्कृतिक नीति निर्माणको आवश्यकता प्रतिवेदनमा प्रस्तुत गरेको छ। प्रतिवेदनले नीति मस्यौदाको संरचना र विषयवस्तुमा देखिएका प्रमुख कमजोरीहरूको समालोचनात्मक विश्लेषण गर्दै संशोधनका लागि ठोस सिफारिसहरू प्रस्तुत गरिएको छ। नीतिमा नीति निर्माणको विधि, स्पष्ट परिभाषा, मार्गदर्शक सिद्धान्त, कार्यान्वयन संरचना, अन्तरसरकारी समन्वय, जोखिम व्यवस्थापन, नीति पुनरावलोकन आदि विषयहरू समेटिन नसकेको देखाइएको छ। साथै, संस्कृति र अर्थतन्त्रबिचको सम्बन्ध विस्तार, डिजिटल प्रविधिको उपयोग, युवाको सहभागिता, स्थानीय सम्पदाको अभिलेख, अन्तर्राष्ट्रिय दायित्वहरू तथा पाठ्यक्रम सुधारजस्ता विषयहरू समावेश गरी समावेशी र व्यावहारिक नीति निर्माण गर्नु आवश्यक रहेको निष्कर्ष प्रतिवेदनले प्रस्तुत गरेको छ र सोही अनुसारका सुझावहरू सिफारिस पनि गरेको छ।

### ४.२.६ श्रम आप्रवासन नीति (मस्यौदा), २०८१ मा थप सुधार तथा परिमार्जनका लागि तयार गरिएको सुझाव

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार व्यवस्थापन शाखाबाट "श्रम आप्रवासन नीति (मस्यौदा), २०८१" उपर आवश्यक सुझाव पृष्ठपोषणका लागि नीति अनुसन्धान प्रतिष्ठानलाई अनुरोध भएकोमा प्रतिष्ठानले आवश्यक अध्ययन विश्लेषण गरी उक्त मन्त्रालयलाई २०८१ असोजमा नीति सुझाव पठाएको हो। उक्त सुझावहरू नीति सार्वजनिकीकरण, विज्ञ समीक्षा, सरोकारवाला समावेशी संवाद तथा सङ्कलित सुझावहरूको संश्लेषणको आधारमा तयार गरिएको थियो।

प्रतिष्ठानका सुझावहरू श्रम आप्रवासन नीति संरचनात्मक रूपमा राम्रो देखिए तापनि नीति निर्माण विधि, कार्यान्वयन साधन, कानुनी आधार, समन्वय संयन्त्र र मूल्याङ्कन प्रणाली स्पष्ट नभएकाले नीतिको प्रभावकारिता कमजोर हुन सक्नेसँग सम्बन्धित थिए। खासगरी, भारत र नेपालको विशेष सम्बन्ध, आन्तरिक तथा बाह्य आप्रवासन, G2G प्रणाली, श्रमिकको सुरक्षा र गुनासो सम्बोधन संयन्त्रका व्यवस्था सम्बन्धमा सिफारिसहरू थिए।

त्यसैगरी, श्रम बजारको प्राथमिकता निर्धारण, रोजगारी परिवर्तन अधिकार, निःशुल्क भिसा/हवाई टिकट व्यवस्था, स्वदेश फिर्ताको हक, मनोसामाजिक सेवा तथा श्रमिकका सामाजिक सुरक्षासम्बन्धी विषयहरूलाई नीतिमा स्पष्ट उल्लेख गर्नु आवश्यक भएको प्रतिवेदनमा भनिएको छ। प्रतिवेदनले श्रम आप्रवासनसँग सम्बन्धित नीतिगत सामञ्जस्यता, नीति कार्यान्वयनको योजना, मूल्याङ्कन सूचकहरू र श्रमिकहरूको आवश्यकताअनुरूप संस्थागत पुनर्संरचना आवश्यक भएको सिफारिस गरेको छ। साथै, भारत जाने श्रमिकको तथ्याङ्क व्यवस्थापन, महिला श्रमिकको सुरक्षा, श्रमिकको पुनःएकीकरण र श्रमिकद्वारा अर्जित सिप र पुँजीको उत्पादक क्षेत्रमा उपयोगसम्बन्धी स्पष्ट रणनीतिहरू पनि प्रतिवेदनमा समावेश छन् । ढाका सिद्धान्त, अन्तर्राष्ट्रिय श्रम अधिकार, मानव अधिकारका सन्दर्भमा नीतिको सामञ्जस्यता, आन्तरिक श्रम बजारमा विदेशी श्रमिकको व्यवस्थापन, सिप प्रमाणीकरण, स्वास्थ्य सुरक्षाको व्यवस्था तथा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकका लागि दीर्घकालीन पुनःएकीकरण कार्यक्रम आवश्यक रहेको यस प्रतिवेदनमा उल्लेख छ।

### ४.२.७ वातावरण संरक्षण नियमावली, २०७७ (पहिलो संशोधन, २०८१) को मस्यौदामा थप सुधारका लागि राय तथा सुझावहरू

नीति अनुसन्धान प्रतिष्ठानलाई वातावरण संरक्षण नियमावली, २०७७ (पहिलो संशोधन, २०८१) को मस्यौदामा थप सुधारका लागि राय तथा सुझावहरू माग गरी नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयद्वारा भएको अनुरोधअनुरूप प्रतिष्ठानले आवश्यक अध्ययन विश्लेषण गरी उक्त मन्त्रालयलाई सुझाव प्रतिवेदन पठाएको हो। प्रतिष्ठानले उक्त मस्यौदाको थप सुधार तथा परिमार्जनका तयारीका लागि प्रतिष्ठानको वेबसाइट मार्फत सार्वजनिक गर्दै सरोकारवालासँगको परामर्श, नीति संवाद र विज्ञको संलग्नताबाट सुझावहरू सङ्कलन गरेको थियो।

यस प्रतिवेदनमा मूल रुपमा वातावरण संरक्षण ऐन, २०७६ को सैद्धान्तिक कमजोरीहरूलाई उजागर गर्दै यस ऐनको पूर्ण पुनरावलोकनको आवश्यकता औँल्याइएको छ। प्रतिवेदनमा उक्त ऐनको वर्तमान प्रावधानले विकास र वातावरणबिचको सन्तुलनको उद्देश्यलाई स्पष्ट रूपमा समर्थन गरे तापनि, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, कार्बन व्यापारजस्ता जटिल विषयहरूको प्रभावकारी कार्यान्वयनका लागि छुट्टै कानुनी संरचना आवश्यक रहेको सुझाव पेस गरिएको छ। वातावरणीय अध्ययनमा दोहोरो प्रक्रिया, अस्पष्ट मापदण्ड, समन्वयको अभाव र सिफारिस प्रणालीको झन्झटपूर्ण संरचनाले ऐन र नियमावलीको प्रभावकारिता घटाएको यस प्रतिवेदनले जनाएको छ। यसका साथै, विभिन्न निकायबिचको अधिकार क्षेत्र स्पष्ट नहुँदा स्वार्थ बाझिने समस्या देखिएको उल्लेख गर्दै वातावरणीय अध्ययन प्रक्रियालाई सहज, पारदर्शी र जबाफदेही बनाउन व्यावहारिक सुधारका सुझावहरू पनि प्रस्तुत गरिएको छ।

त्यसैगरी, प्रतिवेदनमा कार्बन व्यापार व्यवस्थापनका सन्दर्भमा निजी क्षेत्रलाई समावेश गरी नेपाल सरकारले नियमनकारी र समन्वयकर्ताको भूमिका निर्वाह गर्नुपर्ने सुझाव प्रस्तुत छ। साथै, स्वच्छ विकास संयन्त्र र स्वैच्छिक बजारको सन्दर्भमा कार्बन क्रेडिटको मापन, दर्ता, वितरण र लाभ

बाँडफाँटका लागि स्पष्ट नीति र प्रक्रिया निर्माणको आवश्यकता औँल्याइएको छ भने ऐन तथा नियमावलीलाई समकालीन आवश्यकताअनुरूप व्यावहारिक, समन्वित र सेवाग्राहीमैत्री बनाउने गरी विस्तृत सुधारका सिफारिस लगायत दफावार सुझावहरू प्रस्तुत गरिएका छन् ।

## ४.३ मस्यौदा तयार भई आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययन प्रतिवेदनहरू

आ.व. २०८१/८२ मा जम्मा ४७ वटा अनुसन्धान परियोजनाहरूका मस्यौदा प्रतिवेदनहरू तयार भई तीमध्ये केही प्रतिवेदनहरू आन्तरिक तथा वाह्य समीक्षाको तहमा रहे भने केही प्रतिवेदनहरू प्रकाशोन्मुख रहे । आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययन परियोजनाहरूको पूर्णविवरण अनुसूची २ मा दिइएको छ ।

## ४.४ प्रतिष्ठानको जर्नल 'Nepal Public Policy Review' को प्रकाशन




प्रतिष्ठानले Nepal Public Policy Review (NPPR) नामक जर्नल प्रकाशन गर्दै आएको छ । सार्वजनिक नीतिका विभिन्न विधामा गुणस्तरीय अनुसन्धानात्मक कृतिहरू प्रकाशन गरी देश विदेशका नीति सरोकारवाला तथा प्राज्ञिक वर्गमा सहज रूपमा उपलब्ध गराउने उद्देश्यले यस जर्नलले नेपालको नीति सरोकारसँग सम्बन्धित र विश्वका जुनसुकै भागबाट प्राप्त भए तापनि आवश्यक गुणस्तर कायम भएका र विज्ञ समीक्षाबाट प्रकाशनयोग्य भनी राय प्राप्त भएका सामग्रीहरू प्रकाशित गर्दै आएको छ । जर्नलका हालसम्म चार वटा संस्करणका भौतिक प्रतिहरू समेत गरी जम्मा ५१ वटा लेखहरू प्रकाशित छन् ।

जर्नलको पाँचौं संस्करण प्रकाशनको तयारीमा रहेको छ । यस जर्नलको वेबसाइट www.nppr.org.np मा गई जर्नलको अघिल्ला अङ्कहरू अध्ययन गर्न सकिन्छ भने लेखहरूसमेत यही माध्यम मार्फत पनि प्रकाशनको लागि सम्प्रेषण गर्न सकिन्छ ।

## ४.५ समझदारीपत्रमा हस्ताक्षर

५

- सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके सँग नीति अनुसन्धान सहयोग तथा क्षमता विकासका लागि समझदारीपत्रमा हस्ताक्षर
- नेपाल-चीन रणनीतिक साझेदारीसम्बन्धी संयुक्त गोष्ठी तथा चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीबिच सहयोगको लागि समझदारीपत्रमा हस्ताक्षर
- नेपाली एकेडेमिक्स इन अमेरिकासँग सहयोग तथा सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर

- नेपाल उद्योग परिसंघसँग सहयोग र अनुसन्धान सहकार्यको लागि समझदारीपत्रमा हस्ताक्षर
- नेपाल विकास अनुसन्धान प्रतिष्ठानसँग नीति अनुसन्धानमा सहयोग र सहकार्यको लागि समझदारीपत्रमा हस्ताक्षर

### ४.५.१ सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके सँग नीति अनुसन्धान सहयोग तथा क्षमता विकासका लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र बेलायतस्थित नेपाली पेसागत विज्ञहरूको संस्था सोसाइटी अफ नेपालिज प्रोफेशनल्स-यूके बिच नीति अनुसन्धान, क्षमता विकास र ज्ञान आदान प्रदानमा सहकार्य प्रवर्धन गर्ने उद्देश्यले २०८२ जेठ २१ गते समझदारीपत्रमा हस्ताक्षर भयो ।

समझदारीपत्रमा संयुक्त प्रशिक्षण, कार्यशाला तथा नीति विश्लेषणसम्बन्धी सिप अभिवृद्धि कार्यक्रमहरू गर्ने; अनुसन्धान निष्कर्ष, नीतिसम्बन्धी अन्तर्दृष्टि र सफल अभ्यासहरूको आदानप्रदान गर्ने; सहलेखकत्वमा नीति अध्ययन, प्रकाशन गर्ने र भर्चुअल प्रवचन, वेबिनार, संस्था भ्रमण तथा सञ्जाल विस्तार गर्ने विषयहरू छन् ।

उक्त समझदारीपत्रमा प्रारम्भमा समझदारी चार वर्षका लागि मान्य हुने र कुनै पक्षले पूर्व-लिखित सूचना नदिएसम्म स्वत: थप चार वर्षका लागि नवीकरण हुने प्रावधान रहेको छ । नेपाल र बेलायतमा रहेका पेसागत र विधागत विज्ञहरूलाई जोड्दै उक्त सहकार्यले व्यापक नीति अनुसन्धान संस्कृति विकास गर्ने लक्ष्य लिएको छ ।

### ४.५.२ नेपाल-चीन रणनीतिक साझेदारीसम्बन्धी संयुक्त गोष्ठी तथा चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीबिच सहयोगको लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीको सहकार्यमा २०८२ जेठ ६ गते काठमाडौँमा एक संयुक्त गोष्ठी सम्पन्न भयो । "नेपाल-चीन रणनीतिक साझेदारीको समीक्षा र सम्भावना: साझा भविष्यतर्फको यात्रा" शीर्षकमा आयोजित उक्त कार्यक्रमले नेपाल र चीनबिचको कूटनीतिक सम्बन्धको ७०औँ वार्षिकोत्सव समेत स्मरण गऱ्यो ।

गोष्ठी प्रारम्भ हुनुअघि पहिलो चरणमा नीति अनुसन्धान प्रतिष्ठान र चाइनिज एकेडेमी अफ सोसल सायन्सेस अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजीबिच प्रकाशन आदानप्रदान, संयुक्त अनुसन्धान, द्विपक्षीय संवाद तथा गोष्ठी र अध्ययन भ्रमणजस्ता क्रियाकलाप आयोजना गर्ने समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो ।

### ४.५.३ नेपाली एकेडेमिक्स इन अमेरिकासँग सहयोग तथा सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र अमेरिकास्थित नेपाली प्राज्ञिक पेसाकर्मीहरूको सङ्गठन नेपाली एकेडेमिक्स इन अमेरिकाबिच अनुसन्धान सहकार्य, ज्ञान साटासाट र प्राज्ञिक सहयोगको लागि प्रतिष्ठानको कार्यालयमा २०८१ चैत १ गते एक समझदारीपत्रमा हस्ताक्षर भयो ।

समझदारीपत्रमा दुई संस्थाहरूबिच क्षमता विकास, ज्ञान प्रसार, संगोष्ठी, नीति समीक्षा र पृष्ठपोषण, अनुसन्धान सहजीकरण र सहसिकाइका अवसर लगायतका क्षेत्रमा सहयोग र सहकार्य हुने उल्लेख छ। हस्ताक्षर गरिएको समझदारीपत्रको अवधि दुई वर्षको हुने र यस अवधिका उपलब्धिहरू तथा आपसी चाहनाको आधारमा समझदारीपत्रको नवीकरण गरिने समझदारीमा उल्लेख छ ।

### ४.५.४ नेपाल उद्योग परिसंघसँग सहयोग र अनुसन्धान सहकार्यको लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र नेपाल उद्योग परिसंघबिच आपसी सहयोग र अनुसन्धान सहकार्यको लागि २०८१ फागुन ८ गते एक समझदारीपत्रमा हस्ताक्षर भयो । समझदारीपत्रमा उद्योग, सेवा एवम् सम्बद्ध सबै क्षेत्रका सार्वजनिक नीति सान्दर्भिक अनुसन्धान र नीति प्रयोगशालासम्बन्धी क्रियाकलापहरू; सार्वजनिक नीतिमा प्राज्ञिक संवाद; तालिम, गोष्ठीलगायतका अनुसन्धान क्षमता विकास कार्यक्रम; प्राज्ञिक तथा औद्योगिक सभा-सम्मेलन; अनुसन्धान प्रसार तथा प्रकाशन; मानव स्रोत र बौद्धिक सम्पत्ति लगायतका स्रोतहरूमा सहयोग आदानप्रदान र सहकार्य एवम् राष्ट्रिय महत्त्वका र आपसी सहमतिमा गर्न सकिने अन्य कार्यहरूमा सहकार्य गर्ने उल्लेख छ ।

### ४.५.५ नेपाल विकास अनुसन्धान प्रतिष्ठानसँग नीति अनुसन्धानमा सहयोग र सहकार्यको लागि समझदारीपत्रमा हस्ताक्षर

नीति अनुसन्धान प्रतिष्ठान र नेपाल विकास अनुसन्धान प्रतिष्ठानबिच २०८१ मङ्सिर २५ गते नीति अनुसन्धानमा सहयोग र सहकार्य गर्ने समझदारीपत्रमा हस्ताक्षर भयो । समझदारीपत्र उच्च गुणस्तरीय र प्रभावकारी अनुसन्धानको लागि प्रभावकारी र रूपान्तरणकारी नीति निर्माणमा सहकार्य गर्नेमा केन्द्रित छ ।

## ४.६ सार्वजनिक नीति संवाद

प्रतिष्ठानले नीति अनुसन्धानसँग सम्बन्धित साझा चासोका मुद्दाहरूमा नीतिनिर्माता, अनुसन्धानकर्ता, विश्लेषक, आम नागरिक र अन्य सरोकारवालाहरूलाई संवाद र अन्तरक्रियामा संलग्न गराउने तथा ती मुद्दाहरूमा उनीहरूको राय तथा सुझाव लिई सार्वजनिक नीतिमा सम्बन्धित सबैको स्वामित्वको भावना वृद्धि गर्ने उद्देश्यले यस आर्थिक वर्षमा अध्ययनसँग सम्बन्धित विषयहरूमा स्थलगतरूपमा

सम्पन्न गरिएका समेत गरी निम्नानुसारका २७ वटा सार्वजनिक नीति संवादहरू आयोजना गऱ्यो । सम्पन्न केही नीति संवादहरूका विस्तृत विवरण ४.६.१ देखि ४.६.१७ सम्म दिइएको छ ।

२७

- व्यक्तिगत डाटा संरक्षण नीति २०८२ को मस्यौदामा सुझाव सङ्कलनका लागि नीति संवाद
- नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वयसम्बन्धी नीति संवाद
- अन्तरभाषिक शिक्षण पद्दतिसम्बन्धी नीति संवाद
- नेपालमा कृषि बीमा कार्यक्रम कार्यान्वयन र यसको प्रभावकारितासम्बन्धी नीति संवाद
- प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी रोम महासन्धि १९६१ को अनुमोदनबाट पर्न सक्ने प्रभावसम्बन्धी संवाद
- नेपालमा राइड सेयरिङको नीतिगत व्यवस्था र चुनौती सम्बन्धमा नीति संवाद
- गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकारसम्बन्धी नीति संवाद
- स्थानीय तहमा कानुन निर्माण प्रक्रिया र कार्यान्वयन अवस्थासम्बन्धी अध्ययनको प्रारम्भिक नतिजाको प्रस्तुति र छलफल
- भूमिसम्बन्धी विद्यमान समस्याहरू तथा समाधानका उपायसम्बन्धी नीति संवाद
- ई-गभर्नेन्स ब्लुप्रिन्टको मस्यौदामा पृष्ठपोषणको लागि नीति संवाद
- पर्यटन नीति २०८१ को मस्यौदामा पृष्ठपोषणको लागि नीति संवाद
- राष्ट्रिय उर्जा सुरक्षा नीतिमा समावेश गर्नुपर्ने विषयवस्तुसम्बन्धी नीति संवाद
- प्रतिलिपि अधिकार ऐन २०८१ (मस्यौदा) मा पृष्ठपोषणको लागि नीति संवाद
- राष्ट्रिय संस्कृति नीति २०८१ को मस्यौदामा सार्वजनिक संवाद
- श्रम आप्रवासन नीति २०८१ को मस्यौदामाथि नीति संवाद
- अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा नीति संवाद
- वातावरण संरक्षण (पहिलो संशोधन) नियमावली, २०८१ को मस्यौदामा सुझाव सङ्कलनका लागि नीति संवाद
- माध्यमिक शिक्षा परीक्षाको नतिजा र विद्यालय शिक्षा प्रणालीका विषयमा नीति संवाद

**स्थलगत रूपमा सम्पन्न भएका नीति संवाद**

- स्थानीय सरकारका निर्वाचित पदाधिकारीहरू तथा विधायन समितिसँग नीति संवाद

- स्थानीय तहका निर्वाचित महिला, दलित सदस्य एवम् सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने सभा एवम् समिति सदस्य र विभिन्न दलका प्रतिनिधिहरूसँग नीति संवाद
- प्रमुख प्रशासकीय अधिकृत, न्यायिक समिति र कानुन तथा सामाजिक शाखामा कार्यरत कर्मचारीहरूसँग नीति संवाद
- नेपालको औद्योगिक विकास रणनीति तर्जुमाका लागि राजर्षी जनक विश्वविद्यालयसँग नीति संवाद
- नेपालको औद्योगिक विकास रणनीति तर्जुमाका लागि पूर्वाञ्चल विश्वविद्यालयसँग नीति संवाद
- नेपालको औद्योगिक विकास रणनीति तर्जुमाका लागि क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, तरहरासँग नीति संवाद
- नेपालको औद्योगिक विकास रणनीति तर्जुमाका लागि झापा जिल्ला सहकारी संघसँग नीति संवाद
- नेपालको औद्योगिक विकास रणनीति तर्जुमाका लागि सूर्योदय नगरपालिका, फिक्कलसँग नीति संवाद
- नेपालको औद्योगिक विकास रणनीति तर्जुमाका लागि खानी तथा भूगर्भ विभाग, काठमाडौँसँग नीति संवाद

### ४.६.१ व्यक्तिगत डाटा संरक्षण नीति २०८२ को मस्यौदामा सुझाव सङ्कलनका लागि नीति संवाद

प्रतिष्ठानले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको ई-गभर्नेन्स बोर्डले तयार पारेको व्यक्तिगत डाटा संरक्षण नीति २०८२ को मस्यौदामा राय तथा सुझावका लागि २०८२ असार ३० गते एक नीति संवाद कार्यक्रम आयोजना गऱ्यो ।

व्यक्तिगत डाटा सङ्कलन, प्रशोधन, विश्लेषण, सार्वजनिकीकरण तथा विसर्जन कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने विभिन्न संघसंस्थाहरू; सम्बन्धित मन्त्रालय र विभागहरू, नियामक तथा सुरक्षा निकाय; अनुसन्धान कार्यमा संलग्न विश्वविद्यालय, निजी क्षेत्र तथा गैरसरकारी संस्थाहरूको सहभागितामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

मस्यौदामा रहेका विभिन्न विषयवस्तुको स्पष्ट परिभाषा; डाटा प्रयोग, स्थानान्तरण र वर्गीकरणमा स्पष्टता; डाटा चुहावट वा चोरी र अन्य उल्लङ्घनको अवस्थामा आपत्कालीन कार्यविधि र सङ्कट व्यवस्थापनजस्ता विषयहरूमा सुझाव प्राप्त भए । त्यसैगरी, कसुर र सजाय; नीतिको कार्यान्वयन, नीतिले प्रस्ताव गरेको नयाँ संस्थागत संरचनाको औचित्य; सचेतना कार्यक्रम; सामाजिक सञ्जालमा आधारित अल्गोरिदिम, सीमापार डाटा हस्तान्तरण आदि विषयमा नीतिले लिनुपर्ने दिशा र प्रावधानबारे पनि सहभागीहरूबाट रायहरू प्राप्त भएका थिए ।

### ४.६.२ नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वयसम्बन्धी नीति संवाद

प्रतिष्ठानले २०८२ असार १८ गते आफ्नो सभा हलमा "नेपालको आर्थिक वृद्धिमा वित्त र मौद्रिक नीतिबिचको समन्वय" विषयक नीति संवाद सम्पन्न गऱ्यो । प्रतिष्ठानबाट सञ्चालन भइरहेको सोही विषयको अध्ययनको लागि तथ्याङ्क सङ्कलन, विज्ञ राय सङ्कलन तथा अध्ययनलाई प्रभावकारी बनाउनका लागि सुझाव सङ्कलन गर्ने उद्देश्यले आयोजित उक्त नीति संवाद कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंकलगायत सरकारी निकायका प्रतिनिधिहरू, नेपाल धितोपत्र बोर्ड, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालयका पदाधिकारी तथा प्रतिनिधि र अन्य प्राज्ञिक व्यक्ति लगायत विषयविज्ञहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठ, नेपाल सरकारका पूर्वअर्थसचिव तथा उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका अध्यक्ष रामेश्वर खनालले प्रस्तुतीकरण दिनुभएको थियो ।

प्रस्तुतिहरूपछि सहभागीहरूले प्रतिष्ठानले गर्दै आएको उक्त अध्ययनलाई उपयोगी र थप प्रभावकारी बनाउन आफ्ना महत्त्वपूर्ण राय र सुझावहरू प्रस्तुत गर्नुभएको थियो । सहभागीहरूले कोभिड-१९ को महामारीपछि मौद्रिक नीति बढी उदारमुखी र विस्तारमुखी हुँदा अहिलेको आर्थिक समस्या आएको र मौद्रिक नीतिहरू स्थायीत्व केन्द्रित हुनुपर्ने तर वित्त नीति भने विस्तारमुखी र आर्थिक वृद्धिको लक्ष्य राख्ने किसिमको हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । केही सहभागीहरूले अबका वित्त नीति प्रतिचक्रीय (counter–cyclic) हुनुपर्नेमा जोड दिनुभयो । त्यसैगरी, नेपालका मौद्रिक तथा वित्त नीतिमा भएका सफलताका उदाहरणहरू र अहिलेसम्म भएका नीतिगत कमजोरीहरू अध्ययनले उजागर गर्नुपर्ने धारणा व्यक्त गर्दै ऋणपत्र बजार, सरकारी बोन्ड बजारका समस्या तथा चुनौतीहरू र मौद्रिक एवम् वित्त नीतिसँगको अन्तरसम्बन्ध पनि अध्ययन हुन आवश्यक रहेको उहाँहरूले उल्लेख गर्नुभयो ।

### ४.६.३ अन्तरभाषिक शिक्षण पद्दतिसम्बन्धी नीति संवाद

नीति अनुसन्धान प्रतिष्ठानले "नेपाली कक्षाकोठामा अन्तरभाषिक शिक्षण पद्दतिः नीतिदेखि व्यवहारसम्म" शीर्षकमा २०८२ असार १५ गते एक नीति संवाद आयोजना गऱ्यो । त्रिभुवन विश्वविद्यालय (नेपाल) र साउथह्याम्पटन विश्वविद्यालय (बेलायत) को संयुक्त पहल र ब्रिटिश काउन्सिलको आर्थिक सहयोगमा गरिएको अनुसन्धान परियोजनामा आधारित उक्त कार्यक्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, भाषा आयोग, युनेस्को, युनिसेफ, ब्रिटिश काउन्सिलका प्रतिनिधिहरू, त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका प्राध्यापक, नेपाल भाषाविज्ञान समाज, टिचर एजुकेटर्स सोसाइटी नेपाल लगायत भाषा र शिक्षाको क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

प्रस्तुतिपछि सहभागीहरूले नेपालका विविध समुदायहरूको वास्तविकता झल्काउने नीति सिफारिस तयार गर्न अनुसन्धानकर्ताहरूलाई सुझाव दिनुभयो । अधिकांश देशहरू द्विभाषिक र त्रिभाषिक शिक्षण पद्धतिमा केन्द्रित भइरहँदा नेपालमा भने यसको सांस्कृतिक र भाषिक विविधताका कारण एउटै कक्षामा धेरै भाषा समावेश गर्नु चुनौतीपूर्ण रहेको सहभागीहरूको मत रहेको थियो ।

सहभागीहरूले संवैधानिक प्रावधानदेखि पाठ्यक्रम विकाससम्म विभिन्न तहमा केही आंशिक प्रयासहरू भएको उल्लेख गर्दै ती प्रयासहरूलाई एउटै रूपरेखामा समेटी, मातृभाषाहरूको प्रवर्धन र शिक्षाको गुणस्तर पुनःपरिभाषित गर्ने दोहोरो उद्देश्यसहितको नीति हस्तक्षेप गर्नु आवश्यक रहेको सुझाव दिनुभयो । साथै, उहाँहरूले भाषा प्राथमिकतामा आधारित भएर शिक्षाको विकासक्रमको अध्ययन, अभिभावकहरूको प्राथमिकताको सर्वेक्षण तथा भाषिक दक्षताको अन्तरपुस्ता भिन्नताको विश्लेषणजस्ता विषयमा विस्तृत अनुसन्धानको आवश्यकता रहेको पनि औंल्याउनु भयो ।

### ४.६.४ नेपालमा कृषि बीमा कार्यक्रम कार्यान्वयन र यसको प्रभावकारितासम्बन्धी नीति संवाद

प्रतिष्ठानले २०८२ असार १२ गते “नेपालमा कृषि बीमा कार्यक्रम कार्यान्वयनको अवस्था, समस्या र समाधानको उपाय” विषयक नीति संवाद कार्यक्रम आयोजना गर्‍यो । नेपालमा कृषि बीमाको नीतिगत उपकरणहरूको कार्यान्वयन ढाँचा, अवस्था र चुनौतीहरूको विश्लेषण गर्ने; कृषि बीमामा साना कृषकहरूको सहभागिता, पहुँच र सुरक्षणका उपायहरूको खोजी गर्ने; अन्तर्राष्ट्रिय असल अभ्यासको समीक्षा र उपयुक्त सिकाइको पहिचान गर्ने, अनुदान व्यवस्थापन, बीमा दाबी-भुक्तानी प्रक्रियाको मूल्याङ्कन र नीतिगत सिफारिस गर्ने उद्देश्य लिई प्रतिष्ठानले गर्दै रहेको अध्ययनको शिलसिलामा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

संवादमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल बीमा प्राधिकरण, कृषि विभाग, पशु सेवा विभाग, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधिहरू, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रतिनिधिहरू, किसान आयोग, बीमा कम्पनी, नागरिक समाजका प्रतिनिधिहरू र प्राज्ञिक विज्ञहरूको उपस्थिति रहेको थियो ।

संवादमा सहभागीहरूले मस्यौदा प्रतिवेदनमा आफ्नो राय सुझावहरू र सुधारका उपायहरू प्रस्तुत गर्दै तीन तहका सरकारहरूबिच नीतिगत सामञ्जस्य र व्यावहारिक सहकार्य आवश्यक रहेको र सहकार्यको अभावले भुक्तानी प्रक्रियामा ढिला-सुस्ती र जटिलता आएको बताउनुभयो । कृषि बीमालाई प्रभावकारी बनाउन र यसको व्यापक कार्यान्वयन र सफलताका लागि विशेष गरी स्थानीय सरकारलाई नै जिम्मेवार र सबल बनाउनुपर्नेमा धेरै सहभागीहरूले जोड दिनुभयो । सङ्घीयतामा आधारित कृषि बीमाका लागि विशेष संस्थागत र संरचनात्मक व्यवस्था नभएकाले यसको संस्थागत विकासका साथै स्थानीय सरकारलाई बीमाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका निम्ति सबलीकरण गर्न आवश्यक रहेको उहाँहरूको राय थियो । त्यसैगरी, कृषि बीमामा नैतिक जोखिम उच्च रहेको र यसको

न्यूनीकरणका उपायहरूमा जोड दिनुपर्ने भन्दै जोखिम, प्रिमियम शुल्क लगायत किसानहरूलाई पनि उनीहरूसँग भएको जग्गाको क्षेत्रफल र आर्थिक अवस्थाको आधारमा वर्गीकरण गरेर बीमा नीति आउनुपर्नेमा सहभागीहरूको जोड रहेको थियो ।

साथै, भुक्तानी विधि र कागजी प्रक्रिया छिटोछरितो र झन्झटरहित हुनुपर्ने र यस प्रक्रिया पनि डिजिटल हुनुपर्ने पनि उहाँहरूको राय थियो । त्यस्तै, कृषि बीमाको २०७९ को निर्देशिका र २०८१ को कार्यविधिमा रहेको नीतिगत अस्पष्टता र बीमामा सरकारले दिने गरेको अनुदानको प्रभावकारिताजस्ता विषयहरू पनि अध्ययनमा समेटिनुपर्ने सुझावहरू सहभागीहरूबाट प्राप्त भए ।

### ४.६.५ प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी रोम महासन्धि १९६१ को अनुमोदनबाट पर्न सक्ने प्रभावसम्बन्धी संवाद

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोधमा नीति अनुसन्धान प्रतिष्ठानले गरिरहेको "प्रस्तोता, ध्वनीअङ्कन उत्पादक र प्रसारण संस्थाहरूको अधिकार संरक्षणसम्बन्धी रोम महासन्धि, १९६१ को अनुमोदनबाट पर्नसक्ने प्रभावहरू" विषयक अध्ययनका लागि सान्दर्भिक सूचना सङ्कलन गर्ने उद्देश्यले प्रतिष्ठानले २०८२ असार ९ गते आफ्नो सभा हलमा नीति संवाद कार्यक्रम सम्पन्न गर्‍यो ।

कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका पदाधिकारीहरू, विभिन्न प्रसारण संस्था, सङ्गीत तथा चलचित्र उत्पादक संस्थाहरू, प्रस्तोता संघ-संस्था र समाजका प्रतिनिधिहरू, प्राज्ञिक र विषयविज्ञ व्यक्तिहरू र प्रतिष्ठानका अनुसन्धानकर्ता एवम् अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागीहरूबाट रोम महासन्धि अनुमोदन नगरी रोकेर राख्नु आवश्यक नरहेकाले अब ढिला नगरी अनुमोदन गरिनुपर्ने सुझावहरू प्राप्त भए । केही सहभागीहरूले हाल सरकारी निकायले नै आफ्ना उत्पादनहरू सुरक्षित गर्न नसकेको अवस्थामा संस्थागत वा व्यक्तिगत रूपमा सिर्जित सामग्रीहरू अझ बढी जोखिममा रहेका धारणा राख्दै र राष्ट्रियस्तरमा सिर्जनाको संरक्षणमा रहेका कमजोरीहरू समेत औँल्याउँदै आफ्ना सुझावहरू प्रस्तुत गर्नुभएको थियो । हालको प्रतिलिपि अधिकार ऐनका केही प्रावधानका कारण प्रस्तोता र उत्पादकलाई अझै पनि कानुनी संरक्षणबाट बाहिर राखेको केही वक्ताहरूको राय थियो । तथापि, अन्य केही वक्ताहरूले भने नेपालका आन्तरिक कानुनी प्रावधानहरू रोम महासन्धिका प्रावधानहरूभन्दा पनि अघि रहेको उल्लेख गर्दै त्यसबाट लिन सकिने लाभबारे पनि विभिन्न सुझावहरू दिनुभएको थियो । त्यसैगरी, अनुमोदनले करलगायत राजस्वका क्षेत्रमा राज्यलाई सहयोग पुग्ने सन्दर्भमा पनि आफ्ना धारणा राख्नुभएको थियो ।

नेपालको प्रतिलिपि ऐनले समेटिसकेको विषयहरूलाई सुदृढ गर्दै सिर्जनाको स्वामित्व र अधिकार सुरक्षित गर्ने उपायहरू, सर्जक र प्रवर्द्धकले आफ्नो अधिकार सुनिश्चित गर्नेतर्फ रोम महासन्धि

अनुमोदनको भूमिका र असरबारे छलफल गर्दै नेपालले रोम महासन्धिमा पक्षराष्ट्र बनेपछि गर्नुपर्ने कार्यहरूलाई प्राथमिकतामा राख्ने विषयमा पनि सहभागीहरूले आफ्ना राय दिनुभएको थियो । उत्पादन, प्रसारण, पुनः प्रसारण, पुनरुत्पादन र वितरणजस्ता विषयहरूमा स्पष्टता आवश्यक रहेको एवम् यी पक्षहरूमा नेपालले अनुमोदनपश्चात् प्राप्त गर्ने स्वीकृति सूचना (communication) समेतमा भरपर्ने बताउँदै सहभागीहरूले त्यस सम्बन्धमा पनि सुझावहरू दिनुभएको थियो । त्यसैगरी, महासन्धिको अनुमोदनका सन्दर्भमा बोल्दै वक्ताहरूले नेपालमा विदेशीले सिर्जना गरेका सामग्रीहरूको संरक्षण तथा सिर्जनाको प्रवर्धन गर्ने विषयमा रिजर्भेसनको विषय आधुनिक समयमा गौण हुन गएको पनि बताउनुभयो ।

### ४.६.६ नेपालमा राइड सेयरिङको नीतिगत व्यवस्था र चुनौती सम्बन्धमा नीति संवाद

प्रतिष्ठानले २०८२ असार ५ गते “नेपालमा राइड सेयरिङः नीतिगत व्यवस्था, चुनौती र अगामी बाटो” विषयक नीति संवाद आयोजना गऱ्यो । विभिन्न समसामयिक विषयहरूमा नीति अध्ययन गर्नुपर्ने अवस्था भएमा प्रतिष्ठानले सोको पहिचान गरी विविध क्षेत्रका सरोकारवालाहरूलाई एकै स्थानमा बोलाई अर्थपूर्ण छलफल गर्ने गरेकामा र राइड सेयरिङ विषयमा प्रतिष्ठानले नीति सङ्क्षेप तयार गर्न लागेको सन्दर्भमा सरोकारवालाहरूको धारणा र आवश्यक तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

संवादमा सार्वजनिक यातायात व्यवसायी, राइड सेयरिङ प्लेटफर्महरूको व्यवस्थापकीय नेतृत्व गर्ने निजी व्यवसायी लगायत यातायातसम्बद्ध प्रादेशिक र सङ्घीय निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सार्वजनिक यातायात व्यवसायीहरूको प्रतिनिधित्व गर्ने कार्यक्रमका सहभागीहरूले नयाँ प्रविधिले ल्याएको सहजताको कदर गर्दै गर्दा लामो समयदेखि चल्दै आएको सार्वजनिक यातायातको व्यवसायमा परेको प्रभाव र नीतिगत पहलकदमी नहुँदा देखिएका अनियमितताबारे पनि ध्यानाकर्षण हुनुपर्नेमा जोड दिनुभएको थियो । राइड सेयरिङ प्लेटफर्मको निर्माण र प्रसार गर्दै आएका व्यवसायीहरूले प्रविधिको प्रयोगलाई नीतिगत रूपमा स्वीकार गरी आवश्यक नियमन गरेमा त्यसको पालना गर्न तयार रहेको उल्लेख गर्नुभयो ।

लुम्बिनी, कर्णाली तथा बागमती प्रदेशबाट आउनुभएका यातायात मन्त्रालयका पदाधिकारीहरूले राइड सेयरिङको वैधानिकता र नियमनका लागि प्रादेशिक कानुनहरू बनाउन पहल भइरहेको बताउनुभयो ।

राइड सेयरिङ प्रदेशको एकल अधिकारभित्र पर्ने भएकाले यस विषयमा सङ्घीय तहबाट ठोस कार्य हुन नसकेको भए तापनि नीतिगत स्पष्टता र एकरूपताका लागि सरोकारवालाहरूसँग छलफल र परामर्श आवश्यक रहेकामा सबै सहभागीहरूको एकमत रहेको थियो । सार्वजनिक यातायात तथा राइड सेयरिङ

प्लेटफर्महरूको भूमिकालाई प्रतिस्पर्धाको रूपमा नभई परिपूरकको रूपमा लिई नीतिगत पहल र समझदारीका लागि सबैले हातेमालो गर्दै अगाडि बढ्नुपर्ने निष्कर्षसहित कार्यक्रम सम्पन्न भएको थियो ।

### ४.६.७ गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकारसम्बन्धी नीति संवाद

प्रतिष्ठानले गैरआवासीय नेपाली नागरिकताप्राप्त व्यक्तिहरूलाई प्रदान गर्न सकिने सम्पत्तिको अधिकारसम्बन्धमा छलफल गर्ने उद्देश्यले २०८२ जेठ २९ गते नीति संवाद कार्यक्रम सम्पन्न गऱ्यो । प्रतिष्ठानको परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्रका अनुसन्धानकर्ताहरूले गैरआवासीय नागरिकताप्राप्त नेपालीहरूलाई प्रदान गर्न सकिने आर्थिक अधिकारअन्तर्गत सम्पत्तिको अधिकारसम्बन्धी अध्ययन गर्दै रहेको सन्दर्भमा गुणात्मक तथ्याङ्कका रूपमा नेपालका राजनीतिक दलहरूको नीति र विचार सङ्कलन गर्ने उद्देश्यले उक्त नीति संवाद आयोजना गरिएको थियो ।

कार्यक्रममा सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दल, गैरआवासीय नेपाली संघ (एनआरएनए), र परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरूका साथै नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता एवम् अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै सहभागीहरूले संविधानबमोजिम नागरिकता पाएपछि नेपाली नागरिकसरह व्यवहार गरिनुपर्ने, कल्याणकारी व्यवस्थाबाहेक अन्य सबै अधिकारहरू सुनिश्चित गरिनुपर्ने र सम्पत्तिको किनबेच, लगानी आदिजस्ता कार्यमा सीमा तोक्न नहुने सुझाव दिनुभएको थियो । त्यसैगरी, दोहोरो नागरिकता स्वीकृत गर्ने राष्ट्रका गैरआवासीय नेपालीहरूलाई नागरिकता प्रदान गर्नुमा कुनै समस्या नहुने तर सोसम्बन्धी व्यवस्था नभएका राष्ट्रहरूको हकमा परिचयपत्र आवश्यक पर्ने भएकाले नागरिकता र परिचयपत्र दुवैको व्यवस्था गरिनुपर्ने विषयमा पनि विचारहरू प्रस्तुत भएका थिए । गैरआवासीय नेपालीहरू नेपाली नागरिक नभई अन्य देशका नागरिक भइसकेको हुनाले राष्ट्रिय सुरक्षा, भू-राजनीति र राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर यसबारे निर्णय लिनुपर्ने पनि केही सहभागीहरूको राय थियो ।

### ४.६.८ स्थानीय तहमा कानुन निर्माण प्रक्रिया र कार्यान्वयन अवस्थासम्बन्धी अध्ययनको प्रारम्भिक नतिजाको प्रस्तुति र छलफल

स्थानीय तहमा कानुन निर्माण प्रक्रिया र यसको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययनको प्रारम्भिक निष्कर्षहरू प्रस्तुत तथा छलफल गर्ने उद्देश्यले २०८२ जेठ २३ गते नीति अनुसन्धान प्रतिष्ठानको सभा हलमा एक कार्यक्रम सम्पन्न भयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा प्रतिष्ठान अन्तर्गतको शासकीय प्रबन्ध तथा सङ्घीय मामिला नीति अध्ययन केन्द्रले गरेको उक्त अध्ययनले

स्थानीय सरकारहरूले अपनाउने कानुन निर्माण प्रक्रियाहरूको विश्लेषण गर्नुका साथै स्थानीय, प्रादेशिक तथा सङ्घीय कानुनी संरचनाको सन्दर्भमा तिनको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरेको छ ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, नेपाल कानुन आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र अन्य मन्त्रालयका विभिन्न प्रतिनिधिका साथै स्थानीय सरकारका प्रतिनिधिहरू, गाउँपालिका तथा नगरपालिका महासंघ, जिल्ला समन्वय समितिका प्रतिनिधि तथा अन्य विषय विज्ञहरूको सहभागिता रहेको थियो ।

प्रस्तुतिपछि सहभागीहरूले अध्ययनको उपलब्धिहरूमा आफ्ना धारणा तथा सुझावहरू राख्दै अध्ययनको नमुना आकार र केस स्टडीको समीक्षा गर्नुका साथै नीति अनुसन्धान प्रतिष्ठानको संस्थागत दृष्टिकोणलाई प्रतिबिम्बित गर्न अध्ययनको दायरालाई विस्तार गर्न सुझावहरू दिनुभयो । छलफलमा स्थानीयस्तरमा विधायिकी र नीति कार्यान्वयन प्रक्रियाहरूलाई प्रभावित र नियन्त्रण गर्ने तीन-तहका सरकारहरूको कानुनको द्वन्द्वको बारेमा पनि चिन्ता व्यक्त गरिएको थियो ।

### ४.६.९ भूमिसम्बन्धी विद्यमान समस्याहरू तथा समाधानका उपायसम्बन्धी नीति संवाद

प्रतिष्ठानले २०८२ वैशाख २३ गते, भूमिसम्बन्धी विद्यमान व्यावहारिक र नीतिगत समस्याहरू तथा समाधानका उपायसम्बन्धी नीति संवाद सम्पन्न गर्‍यो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा प्रतिष्ठानबाट गर्न लागिएको “कृषियोग्य भूमि खण्डीकरण तथा कृषिभूमि गैरकृषि क्षेत्रमा प्रयोग” सम्बन्धी अध्ययन, तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको अनुरोधमा गरिएको “भूउपयोग नीति २०७२ र राष्ट्रिय भूमि नीति २०७५ को समीक्षा” का लागि सान्दर्भिक सूचना सङ्कलनको लागि उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधिहरू, भूमि समस्या समाधान आयोग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गुठी संस्थान, राष्ट्रिय तथ्याङ्क कार्यालय, लि-बर्ड, विश्व बैंक समूह, नेपाल विकास अनुसन्धान प्रतिष्ठानका प्रतिनिधिहरू, प्राज्ञिक र विषय विज्ञहरूका साथै अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

सहभागीहरूले भूउपयोग योजना निर्माण तथा कार्यान्वयनमा भुइँ तहमा देखिएका प्राविधिक तथा संस्थागत समस्याहरूमा प्रकाश पार्दै स्थानीय तहको क्षमता अभिवृद्धि र निरन्तर व्यावसायिक विकासको आवश्यकता पहिल्याउनु भएको थियो । साथै, सामाजिक न्याय, उत्पादन वृद्धि र वातावरण संरक्षणका उद्देश्यलाई समेट्ने गरी भूमिसम्बन्धी सम्पूर्ण नीतिहरूमा तादात्म्य कायम गर्दै समन्वित नीतिगत पहल आवश्यक भएकोमा जोड दिइएको थियो ।

लगत सङ्कलन, वास्तविक भूमिहीनहरूको पहिचान, उपयोगका आधारमा भूमिको वर्गीकरण र नक्साङ्कन, भूमि उपयुक्तता योजना लगायतका विषयमा हालसम्म भएका कार्यहरूको समीक्षा गर्ने

क्रममा सहभागीहरूले दिनुभएका सुझावहरूले समस्याको पहिचान गर्न, समाधानका उपायहरू निर्धारण गर्न र आगामी दिनमा ध्यान आकृष्ट गरिनुपर्ने विषयहरू पहिचान गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने छन्।

## ४.६.१० ई-गभर्नेन्स ब्लुप्रिन्टको मस्यौदामा पृष्ठपोषणको लागि नीति संवाद

नेपाल सरकारको ई-गभर्नेन्स बोर्डले तयार गरेको ई-गभर्नेन्स ब्लुप्रिन्ट को मस्यौदामा पृष्ठपोषण गर्ने उद्देश्यले प्रतिष्ठानले २०८१ फागुन २७ गते एक नीति संवादको आयोजना गऱ्यो । उक्त कार्यक्रममा ई-गभर्नेन्स बोर्डका प्रतिनिधि, विभिन्न विश्वविद्यालयका प्राज्ञिक प्रतिनिधिहरू, आन्तरिक राजस्व विभाग, नेपाल टेलिकम, आइएसप्यान, नेपाल प्रहरी साइबर ब्युरो, स्वास्थ्य सेवा विभाग र डिजिटल राइटस् नेपालका प्रतिनिधिहरूसहित अन्य विषय विज्ञ र प्रतिष्ठानका कर्मचारीहरू उपस्थित हुनुहुन्थ्यो ।

छलफलमा सहभागीहरूले ई-गभर्नेन्स ब्लुप्रिन्टलाई स्वागतयोग्य कदम भन्दै यसको प्रभावकारी कार्यान्वयन र सरकारी संस्थाहरूबिच समन्वयबारे विचार व्यक्त गर्नुभयो। सहभागीहरूले ई-गभर्नेन्सको सफल कार्यान्वयनका लागि संस्थागत संरचना, प्रविधि पूर्वाधार, डेटा सुरक्षा तथा नागरिक सहभागितालाई प्राथमिकता दिनुपर्ने सुझाव दिनुभएको थियो ।

## ४.६.११ पर्यटन नीति २०८१ को मस्यौदामा पृष्ठपोषणको लागि नीति संवाद

पर्यटन नीति २०८१ को मस्यौदाउपर पृष्ठपोषणको लागि विषयसँग सम्बन्धित सरोकारवाला र विज्ञहरूको सहभागितामा २०८१ फागुन १२ गते प्रतिष्ठानको सभा हलमा एक नीति संवाद कार्यक्रम आयोजना भयो । उक्त कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भक्तपुर नगरपालिका, नेपाल एसोशिएसन अफ टूर एन्ड ट्राभल एजेन्टस, होटल व्यवसायी महासङ्घ नेपाल, गैरआवासीय नेपाली संघ, नेपाल पर्यटन तथा होटेल व्यवस्थापन प्रतिष्ठान, नेपाल हस्तकला महासंघ, रेस्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल, होटेल एसोसिएसन नेपाल, पाटन सङ्ग्रहालयका प्रतिनिधिहरू र प्रतिष्ठानका अनुसन्धानकर्ता लगातन अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

उक्त नीति संवादमा उपस्थित सरोकारवालाहरूले आफ्नो धारणा राख्दै संस्कृति, परम्पराको संरक्षण र प्रवर्धन गर्न स्थानीय सरकारलाई नै जिम्मेवार बनाउनुपर्ने राय व्यक्त गर्नुभएको थियो। त्यसैगरी, उहाँहरूले प्रशासनिक हैरानी, असुरक्षित आकाश, आपराधिक पर्यटकको पहिचानजस्ता कार्यलाई मध्यनजर गर्नुपर्ने पनि बताउनुभयो। नीति मस्यौदामा उल्लेख भएका संस्थामा मात्र सीमित नभई पर्यटनसम्बन्धी अन्य संस्थाहरूलाई पनि प्रोत्साहन गर्नुपर्ने, कार्यनीतिमा जीवन्त कला प्रदर्शनी र सूचना केन्द्रहरू व्यवस्थापन थप गर्नुपर्ने, साधारण बिक्री एजेन्ट (general sales agent) र यात्रीसम्बन्धी बिक्री एजेन्ट (passenger sales agent) को क्षेत्राधिकार स्पष्ट पार्नुका साथै मूल्य अभिवृद्धि कर, प्रस्थान कर लगायतका विषयहरू पर्यटन नीतिको मस्यौदामा समावेश गर्नुपर्ने लगायतका सुझावहरू सहभागिहरूबाट प्राप्त भएका थिए ।

## ४.६.१२ प्रतिलिपि अधिकार ऐन २०८१ (मस्यौदा) मा पृष्ठपोषणको लागि नीति संवाद

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रतिलिपि अधिकार ऐन २०५९ लाई प्रतिस्थापन गर्न तयार गरेको प्रतिलिपि अधिकार ऐन २०८१ को मस्यौदामा पृष्ठपोषणको लागि सरोकारवालाहरू र विज्ञहरूको सहभागितामा नीति अनुसन्धान प्रतिष्ठानले २०८१ असोज २२ गते एक नीति संवादको आयोजना गऱ्यो । सो संवाद कार्यक्रममा गीत, सङ्गीत, चलचित्र, अनुवाद, प्रकाशनगृह र प्रस्तोता क्षेत्रका प्रतिनिधिहरू, रोयल्टी सङ्कलन समाजका प्रतिनिधिहरू, कानुनविदहरू र विभिन्न निकायका अधिकारीहरूको सहभागिता थियो ।

संवादका सहभागीहरूले गीत, सङ्गीत, चलचित्र, अनुवाद, प्रकाशनगृह र कला एवम् रोयल्टी सङ्कलन समाजका प्रतिनिधिहरूले प्रतिलिपि अधिकार सम्बन्धमा हालसम्म भोगेका समस्याहरू र आगामी दिनका चुनौतीहरू एवम् ऐनको नयाँ मस्यौदाले समेत सबै प्रकारका रचना एवम् रचयितालाई स्पष्टताका साथ नसमेटेको राय व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागी कानुनविद्हरूले प्रतिलिपि ऐनको आधारभूत अवधारणा, अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँगको सुसङ्गति, प्रतिलिपि अधिकारसम्बन्धी मुद्दाका न्याय निरूपणमा देखिएका अवधारणागत र कार्यविधिगत समस्याहरूबारे राय पेस गर्नुभएको थियो । त्यसैगरी, कानुनी अस्पष्टता र अन्तरविरोधको बारेमा बोल्दै उहाँहरूले जोखिम, नेपालको विशिष्ट परिस्थितिमा लोकगीत र अमूर्त सम्पदाको स्वामित्व र उपयोगको जटिलता समाधान गर्ने लगायत मध्यस्थतासहितको विवाद समाधान संयन्त्रको आवश्यकता रहेको बताउनु भयो । त्यसैगरी, अधिकार हस्तान्तरण र प्रयोग अनुमतिका दायरा, क्रियटिभ कमन्स (creative commons) अनुमति, कम्प्युटर प्रोग्राम र डाटाबेस, कृत्रिम बौद्धिकता आदि विषयमा मस्यौदाको मिहिन अध्ययन र परिमार्जन आवश्यक रहेको पनि उहाँहरूको राय थियो ।

कार्यक्रममा ऐनको परिभाषा खण्डलाई थप स्पष्टताको लागि धेरै शब्दावलीलाई एकीकृत र पुनर्लेखन गर्ने, उदाहरणको प्रयोजनको लागि राखिएका सूची सो सूचीमा मात्र सीमित नहुने विषयमा थप प्रस्टता स्थापित गर्ने, कम्प्युटर प्रोग्राम र कृत्रिम बौद्धिकताको विषयमा प्राविधिक जटिलता र नेपाल विकासशील राष्ट्रको श्रेणीमा पुग्दा यससँगै जोडिएर आउने विषयलाई छुट्टै कानुनबाट सम्बोधन हुनु जायज हुने सुझावहरू प्राप्त भए । त्यसैगरी, सरोकारवालाहरूको गैरआवासीय नागरिकको प्रतिलिपि अधिकारसम्बन्धी व्यवस्थालाई यथार्थमा आधारित बनाउने, रोयल्टी सङ्कलनलाई व्यावहारिक र लाभ वितरणलाई समानुपातिक र न्यायपूर्ण बनाउनुपर्ने, विवाद निरूपणको लागि कि त स्रोतसम्पन्न संरचना हुनुपर्ने कि त अदालतमै बौद्धिक सम्पत्तिसम्बन्धी इजलास हुनु व्यावहारिक हुने लगायतका राय व्यक्त गर्नुभएको थियो ।

### ४.६.१३ राष्ट्रिय संस्कृति नीति २०८१ को मस्यौदामा सार्वजनिक संवाद

मौजुदा राष्ट्रिय संस्कृति नीति २०६७ लाई प्रतिस्थापन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयार गरेको राष्ट्रिय संस्कृति नीति २०८१ को मस्यौदामा पृष्ठपोषण प्रदान गर्नका निम्ति २०८१ असोज २ गते नीति अनुसन्धान प्रतिष्ठानले संस्कृति सरोकारवालाहरूको सहभागितामा एक संवाद कार्यक्रमको आयोजना गऱ्यो । सो कार्यक्रममा प्राज्ञहरू, संस्कृतिविद्हरू, संस्कृति अभियानीहरू र विभिन्न निकाय र संघसंस्थाका अधिकारीहरूको सहभागिता थियो ।

सहभागीहरूले सम्पदा अपचलन, विवाद समाधानको वैकल्पिक संरचना, सम्पदामैत्री खरिद नियम, जीवित सङ्ग्रहालय, अनिवार्य अभिलेखन, राजनीतिमुक्त नियुक्ति, उमेर-समूह-सचेत संस्कृति आदि विषयमा मस्यौदा थप स्पष्ट हुनुपर्ने राय व्यक्त गर्नुभयो । त्यसैगरी, सहभागिहरूले अन्तर्राष्ट्रिय र राष्ट्रिय मापदण्डको अन्तर, पुनर्प्राप्त गरिएका सम्पदाको पुनःस्थापन, रैथाने वास्तुकलासहितको भवन निर्माण संहिता, निजी क्षेत्रको सहभागिता, संस्कृतिमैत्री विकास र प्रशासन, डिजिटल सङ्ग्रहालय, तीर्थ पर्यटन, अक्षयकोष, अमूर्त सांस्कृतिक सम्पदा सूचीकरण, संस्कृतिजन्य पारिभाषिक शब्दावली, सांस्कृतिक विशुद्धता र चलायमानशीलता, सांस्कृतिक रूपान्तरण, नेपाली वर्णमालाको अक्षुण्णता, विज्ञान वा जनस्वास्थ्य र संस्कृतिको अन्तरद्वन्द्व सम्बोधन लगायतका विषयहरूमा थप स्पष्टता आवश्यक रहेको पनि बताउनुभयो ।

### ४.६.१४ श्रम आप्रवासन नीति २०८१ को मस्यौदामाथि नीति संवाद

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार नीति, २०६८ लाई विस्थापन गर्ने उद्देश्यले तयार पारेको गरी श्रम आप्रवासन नीति २०८१ को मस्यौदा नीतिलाई थप पृष्ठपोषण गर्ने उद्देश्यले सुझाव, राय तथा टिप्पणी सङ्कलन गर्न नीति अनुसन्धान प्रतिष्ठानले २०८१ भदौ २० गते सरोकारवालाहरू र विषयविज्ञहरूको सहभागितामा नीति संवाद कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा सहभागी वक्ताहरूले नेपालले १२ वटा देशहरूसँग मात्रै श्रम सम्झौता गरेको भए तापनि १ सय ७८ देशमा श्रमका लागि जान अनुमति दिने व्यवस्था गरेको, भारतमा ठुलो सङ्ख्यामा नेपाली श्रमिक रहेको, विद्यार्थी प्रवेशाज्ञामा जानेले पनि काम नै गर्ने गरेको भन्दै नीतिले ती सबै विषयलाई समेट्नुपर्ने राय सुझावका रूपमा राख्नुभएको थियो ।

त्यसैगरी, आप्रवासनसम्बन्धी एक बृहत् नीति निर्माण गरी श्रम आप्रवासन त्यसैको एक अंशको रूपमा समावेश गर्नुपर्ने सुझाव प्रस्तुत गर्नुभएको थियो । गैरआवसीय नेपाली महासंघका प्रतिनिधिहरूले भने नेपालको दूतावास नभएका अधिकांश मुलुकहरूमा गैरआवसीय नेपाली महासंघले दूतावासको भूमिका खेलिरहेको हुँदा उक्त नीतिले गैरआवासीय नेपाली महासंघको भूमिकालाई समेटनुपर्ने विषयलाई पनि सुझावको रूपमा राख्नुभएको थियो । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तथा अन्य मन्त्रालयका प्रतिनिधिहरू, राष्ट्रिय योजना आयोग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, श्रम अदालत, श्रम रोजगार पत्रकार समूह, गैरआवसीय नेपाली

महासंघ, नेपाल ट्रेड यूनियन काँग्रेस, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, आप्रवासी नेपाली समन्वय समिति लगायत विभिन्न क्षेत्रका सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

### ४.६.१५ अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजनाको मस्यौदामा नीति संवाद

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको "अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजना, २०८१" को मस्यौदामा सरोकारवालाहरूको सुझाव सङ्कलानार्थ नीति अनुसन्धान प्रतिष्ठानले विषयविज्ञ र सरोकारवालाहरूको सहभागितामा २०८१ भदौ १९ गते एक नीति संवाद सम्पन्न गऱ्यो ।

सहभागीहरूले कार्य योजनामा निःशुल्क शिक्षा सार्वजनिक विद्यालयमा मात्र सीमित रहने वा निजी विद्यालयमा पनि लागु हुने भन्ने स्पष्ट परिभाषाको आवश्यकता औँल्याएका थिए । उनीहरूले स्थानीय सरकारको अग्रसरता, तीन तहका सरकारहरूबिचको सहकार्य र विद्यार्थी लागतका आधारमा निःशुल्क शिक्षा प्रदान गर्ने उपायलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको पनि बताए । अधिकांश सहभागीहरूबाट स्रोतको कमी भएका स्थानीय तहलाई केन्द्र सरकारले वित्तीय सहयोग उपलब्ध गराएर ऐनको कार्यान्वयन गर्नुपर्ने सुझाव अधिकांश सहभागीहरूबाट प्राप्त भए । साथै, विभिन्न देशका निःशुल्क शिक्षाका मोडलहरूको सन्दर्भमा नेपालले उपयुक्त मोडल छनौट गरी कार्यान्वयन गर्नुपर्नेमा पनि सहभागीहरूको जोड थियो ।

अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि वित्तीय स्रोतको सुनिश्चितता मुख्य कुरा भएको हुँदा यसका लागि विभिन्न स्रोतहरूका आधारमा एक राष्ट्रिय स्तरको कोष खडा गरेर त्यसै मार्फत यसको व्यवस्थापन गर्नुपर्ने सरोकारवालाहरूको धारणा थियो । तीनै तहका सरकारबिचको समन्वय, निजी क्षेत्रको सहभागिता, संस्थागत सामाजिक उत्तरदायित्वको सदुपयोग, कर/शुल्क लगायतका व्यवस्थाको कार्यान्वयन आदि मार्फत यस कामलाई सहजीकरण गर्नुपर्नेमा पनि सहभागीहरूले जोड दिएका थिए ।

अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि हाल भइरहेको खर्च, यसको पूर्ण कार्यान्वयनका लागि लाग्ने अतिरिक्त र सङ्क्रमणकालीन खर्च तथा त्यसपछि यसको निरन्तरता र दिगोपनाका लागि लाग्ने खर्चको विश्लेषण गरेर वस्तुगत रूपमा कार्य योजनालाई अन्तिम स्वरूप दिनुपर्ने सुझावहरू संवादबाट प्राप्त भएका थिए । साथै, स्रोतको सुनिश्चिततासहित यस कार्यका लागि स्थानीय तहलाई नै जिम्मेवार बनाउनुपर्नेमा अधिकांश सहभागीहरू सहमत थिए ।

### ४.६.१६ वातावरण संरक्षण (पहिलो संशोधन) नियमावली, २०८१ को मस्यौदामा सुझाव सङ्कलनका लागि नीति संवाद

वन तथा वातावरण मन्त्रालयले अनुरोध गरे बमोजिम सो मन्त्रालयले तयार गरेको वातावरण संरक्षण (पहिलो संशोधन) नियमावली, २०८१ को मस्यौदामा सुझाव दिनको लागि २०८१ भदौ ९ गते नीति

अनुसन्धान प्रतिष्ठानले विषय विज्ञ र सरोकारवाला सहभागितामा एक नीति संवाद कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा वातावरण कानुनविद, विषयविज्ञ र निजी क्षेत्रका प्रतिनिधिले छलफल गरी सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

वातावरण संरक्षणसम्बन्धी कानुनको परिमार्जन ऐनबाट नै सुरु गर्नुपर्ने, वातावरणलाई वनमा सीमित नराखी वातावरणका सम्पूर्ण आयामहरूमा विस्तार गर्नुपर्ने, जलवायु परिवर्तनलाई छुट्टै कानुनद्वारा सम्बोधन गर्नुपर्ने, नियामक निकायलाई उत्तरदायी बनाउनुपर्ने, कार्बन ट्रेडलाई अन्तरराष्ट्रिय सन्धि अनुसार निजी क्षेत्रको लागि खुला र राज्यको समन्वयकारी भूमिकामा सीमित राख्नुपर्ने लगायतका विषयहरूमा सूक्ष्म सुझावहरू सहभागीहरूबाट प्राप्त भएका थिए ।

### ४.६.१७ माध्यमिक शिक्षा परीक्षाको नतिजा र विद्यालय शिक्षा प्रणालीका विषयमा नीति संवाद

माध्यमिक शिक्षा परीक्षा प्रणालीमा भएका परिवर्तन र नतिजाको प्रवृत्तिलाई विद्यालय शिक्षाको समग्र अवस्था र प्रणालीको सन्दर्भमा कसरी व्याख्या गर्न सकिन्छ र विद्यालय शिक्षा र माध्यमिक शिक्षा परीक्षाको नतिजा सुधारको लागि अवलम्बन गर्नुपर्ने उपायहरू सम्बन्धमा छलफल गर्न नीति अनुसन्धान प्रतिष्ठानले सरोकारवालाहरूसँग २०८१ साउन ९ गते एक नीति संवाद कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा विद्यालय पाठ्यक्रम, परीक्षा र शिक्षक आपूर्तिसँग सम्बन्धित नियामक निकायहरू, राजनीतिक दलहरूका प्रतिनिधिहरू, सामुदायिक विद्यालयका शिक्षकहरू, संस्थागत विद्यालय सङ्गठनका प्रतिनिधिहरू, स्थानीय तहका अधिकारीहरू र शिक्षाविद्हरू गरी ३० जनाको सहभागिता थियो ।

कार्यक्रममा माध्यमिक शिक्षा परीक्षाका पूर्ववर्ती प्रवेशिका परीक्षाहरूमा उत्तीर्णदर सरदर ४३.५ प्रतिशत रहेकाले पछिल्ला उत्तीर्णदरहरू पनि धेरै फरक नभएका तर वार्षिक नतिजाहरू उतारचढावपूर्ण भएकाले उतारचढावको कारक निर्धारण गर्न नसकिने अवस्था रहेको छलफल भयो । सार्वजनिक विद्यालयका माध्यमिक शिक्षा परीक्षाका न्यून उत्तीर्णदर समग्र शिक्षण सिकाइको कमजोरीकै प्रतिबिम्ब भएको र त्यसको लागि शिक्षकमा गरिने न्यून लगानी, सामाजिक राजनीतिक कारणहरू, नीतिका उद्देश्य र अभ्यासमा देखिएका अन्तर लगायतका बहुकारकहरू जिम्मेवार रहेकाले यिनै पक्षहरूमा सुधार गरी समग्र विद्यालय शिक्षा प्रणालीको सुधार आवश्यक रहेको सहभागीहरूले व्यक्त गरे ।

त्यसैगरी, पाठ्यक्रममा विषयवस्तुहरूको मात्रा अत्यधिक भएको र अधिसंज्ञान (metacognition) कम भएको, कन्टेन्ट-आधारित शिक्षण र ग्रिड प्रणालीमा आधारित परीक्षणबिच तालमेल नभएको, व्यक्तिगत आवश्यकतामा आधारित शिक्षक तालिमको अभाव आदि पनि छलफल भए । त्यसैगरी, अभिभावकको न्यून सहभागिताका पुराना समस्यादेखि वर्तमान संविधानले तोकेको स्थानीय तहको जिम्मेवारीको कार्यान्वयनमा देखिएका समस्याबारेमा पनि सहभागीहरूका राय सुझाव थिए । त्यस्तै, संस्थागत विद्यालयहरूको तुलनात्मक अधिक सफलताले शिक्षामा नवउदारवाद सफल भएको र समाजवादोन्मुखता ओझेलमा परेको कोणले हेर्नुपर्ने विचार पनि अभिव्यक्त भयो । माध्यमिक शिक्षा परीक्षालाई यसको

लागत, लाभ र विद्यार्थी अनुत्तीर्ण गर्दाको नोक्सानी समेत विश्लेषण गरी यसको औचित्यमा पुनर्विचार गर्नुपर्ने विचार पनि व्यक्त भए ।

## ४.७ नीति प्रवचन

प्रतिष्ठानले सार्वजनिक नीतिसम्बन्धी अवधारणागत तथा सैद्धान्तिक पक्षमा आफ्ना अनुसन्धानकर्ता तथा कर्मचारीहरूलाई अभ्यस्त बनाउने र सरकारी मन्त्रालय तथा अन्य निकायहरूसँग समन्वय गरी छलफल चलाउने लगायतका कार्य गर्दै आएको छ । त्यसका अतिरिक्त अनुसन्धान योजनामा परेका नीति अनुसन्धानसँग सम्बन्धित विषयहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूबाट विशेष प्रवचन र अभिमुखीकरणहरू पनि आयोजना गर्दै आएकामा आर्थिक वर्ष २०८१/८२ मा प्रतिष्ठानबाट निम्नानुसारका तीन वटा प्रवचन सम्पन्न गरिए ।

६

- नीति अनुसन्धान प्रतिष्ठानमा श्रम आप्रवासन र विप्रेषणसम्बन्धी नीति प्रवचन
- भारत-नेपाल रणनीतिक हितमा बदलिएका अवधारणाहरू विषयक प्रवचन र छलफल कार्यक्रम
- नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ विषयमा नीति प्रवचन
- नेपालका जलाधार क्षेत्रहरूमा प्रतिस्पर्धात्मक र व्यावसायिक कृषिको पुनर्स्थापना विषयमा नीति प्रवचन
- अनुसन्धानकर्ताहरूको लागि गुणात्मक शोधविधि तथा तथ्याङ्क विश्लेषणसम्बन्धी प्रवचन तथा कार्यशाला गोष्ठी
- मिश्रित शोधविधिसम्बन्धी प्रवचन आयोजना

### ४.७.१ नीति अनुसन्धान प्रतिष्ठानमा श्रम आप्रवासन र विप्रेषणसम्बन्धी नीति प्रवचन

प्रतिष्ठानले २०८२ जेठ १३ गते "नेपालमा श्रम आप्रवासन निर्णय र त्यसको विप्रेषणमा प्रभाव: नीतिगत कार्यहरूको लागि अन्तर्दृष्टि" शीर्षकमा एक नीति प्रवचन आयोजना गऱ्यो । उक्त प्रवचनमा अतिथि विज्ञको रूपमा उत्तरी एरिजोना विश्वविद्यालयको स्कुल अफ पब्लिक अफेयर्स एण्ड एडिमनिस्ट्रेसनका प्राध्यापक डा. उदयराज वाग्लेले प्रतिष्ठानका अनुसन्धानकर्ताहरूबिच प्रस्तुति दिनुभएको थियो ।

कार्यक्रममा डा. वाग्लेले व्यक्ति वा परिवारहरूले गन्तव्य छनोट गर्दा लागत र लाभको सावधानीपूर्वक मूल्याङ्कन गर्दै निर्णय लिने विषय, मानव पुँजी र वित्तीय सम्पत्तिका आधारमा विप्रेषण प्राप्त हुने देश र क्षेत्रहरूको सन्दर्भ, यस्ता आप्रवासन प्रवृत्तिहरूमा आमूल परिवर्तन नआएसम्म (जस्तैः आप्रवासन

पहुँच, द्विपक्षीय सम्झौता, शिक्षा, आन्तरिक रोजगारी र उद्यमशीलता) ती प्रवृत्तिहरू उल्टिने सम्भावना कम रहने अवस्थाबारे अध्ययनका निष्कर्षहरू प्रस्तुत गर्नुभएको थियो ।

### ४.७.२ भारत-नेपाल रणनीतिक हितमा बदलिएका अवधारणाहरू विषयक प्रवचन र छलफल कार्यक्रम

प्रतिष्ठानले आफ्नो सभा हलमा २०८२ वैशाख १६ गते “भारत-नेपाल रणनीतिक हितमा बदलिएका अवधारणाहरू” शीर्षकमा एक प्रवचनको आयोजना गऱ्यो । उक्त कार्यक्रममा विज्ञ वक्ताको रूपमा प्रा.डा. संगीता थपलियाललाई आमन्त्रित गरिएको थियो। सन् २००८ देखि नयाँ दिल्लीस्थित जवाहरलाल नेहरु विश्वविद्यालयसँग आबद्ध रहनुभएको उहाँ हाल भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को तर्फबाट काठमाडौं विश्वविद्यालयमा चेयरको रूपमा कार्यरत हुनुहुन्छ ।

उहाँले नेपाल-भारत सम्बन्धको अवधारणामा आएको परिवर्तनसँगै नेपाललाई भूपरिवेष्टित मुलुकको रूपमा मात्र सीमित नराखी उत्तरी र दक्षिणी अर्थतन्त्रको पुलको रूपमा स्थापित गर्ने अवधारणाको विकास हुँदै गएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय सम्बन्धका बदलिँदा प्रवृत्तिहरूको सन्दर्भमा अनुसन्धानकर्ताहरूले नेपालले भूपरिवेष्टित राष्ट्रको रूपमा अपनाउनुपर्ने रणनीति तय गर्नुपर्ने बताउनुभयो । त्यसैगरी, आन्तरिक मामिलाहरू र विदेश नीतिले एक अर्कोमा पार्ने प्रभावहरू; नेपाल र भारतको आपसी लाभ सुनिश्चितताका लागि विवाद समाधानमा समन्वयको आवश्यकता जस्ता विषयमा शोध गर्नुपर्ने पनि उहाँको तर्क रहेको थियो ।

### ४.७.३ नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ विषयमा नीति प्रवचन

प्रतिष्ठानले २०८१ चैत २६ गते “नेपालको जनसाङ्ख्यिक पूर्वानुमान र तिनका नीतिगत निहितार्थ” शीर्षकमा नीति प्रवचन आयोजना गऱ्यो । सो प्रवचनका विज्ञ वक्ता इन्टर्नेशनल इन्स्टिच्युट फर अप्लाइड सिस्टम एनालाइसिस, अष्ट्रियाका वरिष्ठ अनुसन्धानकर्ता प्रा.डा. समिर केसी हुनुहुन्थ्यो । प्रा. केसी जनसङ्ख्या-आधारित प्रणाली मोडेल (Population-based Systems Model, PopSyM) को विस्तारित उपयोग गर्दै तथ्याङ्कीय सचेतनाको माध्यमबाट नेपाललाई सु-सूचित समाजतर्फ लैजाने उद्देश्य राखेको संस्था, ‘जनसङ्ख्या र तथ्याङ्क अध्ययन अनुसन्धान हब’ का संस्थापक पनि हुनुहुन्छ ।

त्यसैगरी, उहाँले आफ्नो अध्ययन प्रतिवेदनमा प्रयोग भएको हाइरार्किकल कोहोर्ट कम्पोनेन्ट मोडेलका बारेमा विस्तृत जानकारी दिँदै तीन वटा कल्पित जनसाङ्ख्यिक परिप्रेक्ष्य - मध्यम परिप्रेक्ष्य (प्रगतिशील नेपाल), उच्च परिप्रेक्ष्य (सम्पन्न दिगो नेपाल) र न्यूनतम परिप्रेक्ष्य (अति कम विकसित देश नेपाल) - का आधारमा आकलन गरिएका जनसङ्ख्या प्रवृत्तिहरू प्रस्तुत गर्नुभएको थियो । स्वास्थ्य क्षेत्र (जस्तै, खोपको आवश्यकता अनुमान), शिक्षा क्षेत्र (आधारभूत तहमा भर्ना दर पूर्वानुमान), सहरी योजना,

आर्थिक क्षेत्र र जातीय तथा लिङ्गमा आधारित विश्लेषण लगायतका विषयहरू पनि उहाँका प्रस्तुतिकरणमा समावेश थिए ।

### ४.७.४ नेपालका जलाधार क्षेत्रहरूमा प्रतिस्पर्धात्मक र व्यावसायिक कृषिको पुनर्स्थापना विषयमा नीति प्रवचन

प्रतिष्ठानले २०८१ चैत २२ गते आफ्नो सभा हलमा "नेपालका जलाधार क्षेत्रहरूमा प्रतिस्पर्धात्मक र व्यावसायिक कृषिको पुनर्स्थापना" विषयमा नीति प्रवचन आयोजना गर्‍यो । प्रवचनको मुख्य विषयवस्तु गोरखा जिल्लाको दरौंदी नदीको जलाधार क्षेत्रमा गरिएको एक अनुसन्धानात्मक अध्ययनमा आधारित रहेको थियो । नेपाल सरकारका पूर्वसचिव एवम् प्रतिष्ठानको प्राकृतिक स्रोत र प्रविधि नीति केन्द्रका वरिष्ठ विधागत विज्ञ डा. सुरज पोखरेल उक्त प्रवचनका वक्ता हुनुहुन्थो ।

कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता र इन्टर्नहरूले छलफल सत्रमा सहभागी हुँदै कृषि उत्पादनमा आत्मनिर्भरताको महत्त्व तथा व्यापार उदारीकरण र विश्वव्यापीकरणको वर्तमान युगमा उच्च मूल्य जाने स्थानीय-विशिष्ट वस्तुहरूको व्यावसायिकीकरणको आवश्यकता सम्बन्धमा आफ्ना धारणाहरू व्यक्त गर्नुभएको थियो ।

### ४.७.५ अनुसन्धानकर्ताहरूको लागि गुणात्मक शोधविधि तथा तथ्याङ्क विश्लेषणसम्बन्धी प्रवचन तथा कार्यशाला गोष्ठी

नीति अनुसन्धान प्रतिष्ठान र नेपाली एकेडेमिक्स इन अमेरिकाको सहकार्यमा नीति प्रवर्धनका लागि गुणात्मक अनुसन्धान पद्धति तथा तथ्याङ्क विश्लेषण: कथाको महत्त्व शीर्षकमा २०८१ चैत १३ गते प्रतिष्ठानको सभा हलमा एक प्रवचनमूलक कार्यशाला आयोजना भयो । कार्यक्रममा प्रतिष्ठानका पदाधिकारीहरू र अनुसन्धानकर्ताहरूको उपस्थिति रहेको थियो ।

प्रतिष्ठानका कर्मचारीहरूलाई प्रशिक्षण गर्न आयोजना गरिएको उक्त प्रवचन तथा कार्यशालाको सहजीकरण ओहायो स्टेट विश्वविद्यालयको सोसियल वर्क कलेजका सहप्राध्यापक तथा नेपाली एकेडेमिक्स इन अमेरिकाका महासचिव डा. आरती मलेकुले गर्नुभएको थियो । विषयवस्तुको समृद्ध र सान्दर्भिक तवरले विश्लेषण गरी नीति निर्णयहरूमा प्रभाव पार्न र परिवर्तनलाई उत्प्रेरित गर्नका लागि गुणात्मक अनुसन्धानले पुर्‍याउन सक्ने योगदानको बारेमा छलफल गरी जानकारी प्रदान गर्नु सो कार्यशालाको मुख्य उद्देश्य रहेको थियो ।

उक्त गोष्ठीमा व्यक्तिका भोगाइ र अनुभवहरू समेट्न, पैरवीका लागि बलियो आधार निर्माण गर्न र सहभागितामूलक दृष्टिकोणलाई समर्थन गर्न मद्दत पुर्‍याउँदै नीति अनुसन्धानमा गुणात्मक विधिहरूले कस्तो भूमिका खेल्छ भन्ने बारेमा महत्त्वपूर्ण छलफल भएको थियो । कार्यक्रममा खास गरी गुणात्मक

अनुसन्धान पद्धतिहरू, गुणात्मक अनुसन्धान विधि र प्रक्रिया, अनुसन्धान नैतिकता, गुणात्मक तथ्याङ्क विश्लेषण लगायत नीति अभ्यासमा गुणात्मक अनुसन्धानको प्रयोगबारे छलफल भएको थियो ।

### ४.७.६ मिश्रित शोधविधिसम्बन्धी प्रवचन आयोजना

प्रतिष्ठानले २०८१ फागुन १९ गते "मिश्रित शोधविधिको रूपान्तरणात्मक शक्तिको उपयोग: नीति अभ्यासमा तथ्याङ्कदेखि कार्यसम्म" विषयक एक अनुसन्धान प्रवचन आयोजना गऱ्यो । उक्त प्रवचनका वक्ता  ओहायो स्टेट युनिभर्सिटी कलेज अफ सोसल वर्कका सहप्राध्यापक तथा नेपाली एकेडेमिक्स इन अमेरिकाको कार्यकारी परिषद्का महासचिव डा. आरती मलेकु हुनुहुन्थ्यो ।

कार्यशालाले मिश्रित शोधविधिका ऐतिहासिक तथा दार्शनिक जग, गुणात्मक र गणनात्मक तथ्याङ्कहरूका अनुसन्धान योजना तहमा, विधि तहमा र विश्लेषण तथा प्रतिवेदन तयारीको तहमा एकीकरण गर्ने तरिका र नीति अभ्यासबारेमा प्रकाश पारेको थियो । त्यसैगरी, कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानमा अभ्यास हुने गरेका सार्वजनिक नीति संवाद र बहुचरणात्मक सूचना सङ्कलन लगायतका नीति अनुसन्धान विधिहरू तथा यस्ता विधिहरूको सैद्धान्तिकीकरणबाट मिश्रित शोधविधिको सिद्धान्तमा गर्न सकिने सम्भावित योगदानहरूका बारेमा छलफल भएको थियो । कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी लगायत अनुसन्धानकर्ताहरू सहभागी थिए ।

## ४.८ तालिम तथा अभिमुखीकरण

प्रतिष्ठानले आर्थिक वर्ष २०८१/८२ मा निम्नानुसारका पाँच वटा तालिम तथा अभिमुखीकरण सम्पन्न गऱ्यो ।

- क्षेत्रगत सार्वजनिक नीतिको तर्जुमा र परिवर्तनको सिद्धान्तको प्रयोगसम्बन्धी एक दिने तालिम
- नवनियुक्त अनुसन्धानकर्ता र इन्टर्नहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम
- विभिन्न विश्वविद्यालयहरूमा अध्ययनरत कानुन विद्यार्थीहरूका लागि सार्वजनिक नीतिका विविध आयाम र कानुन निर्माण प्रक्रियाका व्यावहारिक पक्षहरूसम्बन्धी अभिमुखीकरण

३

### ४.८.१ क्षेत्रगत सार्वजनिक नीतिको तर्जुमा र परिवर्तनको सिद्धान्तको प्रयोगसम्बन्धी एक दिने तालिम

प्रतिष्ठानले मिति २०८२ जेठ ८ गते कार्यालयको सभा हलमा क्षेत्रगत सार्वजनिक नीतिको तर्जुमा र परिवर्तनको सिद्धान्तको प्रयोगसम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् विभिन्न मन्त्रालयमा नीति तथा योजना निर्माणमा प्रत्यक्ष संलग्न प्रतिनिधिहरूलगायत नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्ता, विश्लेषक तथा इन्टर्नहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सहजीकरण नीति निर्माण, अनुगमन तथा

मूल्याङ्कनमा लामो अनुभव रहेका नेपाल सरकारका पूर्वसचिव डा. तीर्थराज ढकालले गर्नुभएको थियो ।

उक्त प्रशिक्षणमा राष्ट्रिय नीति, सार्वजनिक नीति र क्षेत्रगत सार्वजनिक नीतिको अवधारणा; क्षेत्रगत सार्वजनिक नीतिको प्रचलित संरचना; नतिजा शृङ्खलाका अवयवहरू; दूरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्य लेखन शैली; नीति, रणनीति, कार्यनीति, कार्यान्वयन कार्य योजना तथा माइलस्टोन; सार्वजनिक नीति निर्माणमा परिवर्तनको सिद्धान्त तथा लगफ्रेमको प्रयोग र केही प्रचलित नीतिहरूको अवलोकन, समीक्षा र देखाइ/बुझाइ आदिबारे घनीभूत छलफल भएको थियो ।

### ४.८.२ नवनियुक्त अनुसन्धानकर्ता र इन्टर्नहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम

प्रतिष्ठानले नवनियुक्त अनुसन्धानकर्ता र इन्टर्नहरूको लागि आधा दिनको अभिमुखीकरण कार्यक्रम २०८१ चैत ६ गते बुधवार प्रतिष्ठानकै सभा हलमा आयोजना गऱ्यो । उक्त कार्यक्रमको उद्देश्य नवनियुक्तहरूलाई एकापसमा परिचय गराउने लगायत संस्थाको संरचना र कार्यप्रणाली, अनुसन्धान प्रक्रिया एवम् प्रशासनिक प्रावधानहरूको बारेमा जानकारी प्रदान गर्नु रहेको थियो ।

### ४.८.३ विभिन्न विश्वविद्यालयहरूमा अध्ययनरत कानुन विद्यार्थीहरूका लागि सार्वजनिक नीतिका विविध आयाम र कानुन निर्माण प्रक्रियाका व्यावहारिक पक्षहरूसम्बन्धी अभिमुखीकरण

नीति अनुसन्धान प्रतिष्ठानले विभिन्न उच्च शैक्षिक संस्थाहरूमा कानुन सङ्कायमा अध्ययनरत विद्यार्थीहरूका लागि सार्वजनिक नीतिका विविध आयामहरू र कानुन निर्माण प्रक्रियाका व्यावहारिक पक्षहरूबारे २०८१ भदौ १६ गते एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गऱ्यो । कानुन विषयका विद्यार्थीहरूको सामाजिक संस्था 'Youth for Legal Awareness' को सहकार्यमा आयोजित उक्त कार्यक्रममा सहयोगी संस्थामा आबद्धसहित त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयसँग आबद्ध विभिन्न उच्च शैक्षिक संस्थाहरूमा कानुन विषयमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रतिष्ठानका तर्फबाट तीन वटा विषयगत प्रस्तुतीकरण गरिएको थियो । ती प्रस्तुति मार्फत सहभागीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानको सङ्क्षिप्त परिचय, प्रतिष्ठानको कार्यादेश र प्रतिष्ठानले गर्ने मुख्य कार्यहरू, सार्वजनिक नीति र नेपालमा नीति निर्माण प्रक्रिया, नेपालमा कानुन निर्माण प्रक्रिया र यसमा देखिएका समस्याका बारेमा जानकारी गराइएको थियो ।

कार्यक्रमबाट सहभागीहरूलाई सार्वजनिक नीतिका विविध पक्षहरू र नेपालमा कानुन निर्माण प्रक्रियाका सैद्धान्तिक तथा व्यावहारिक पक्षहरूबारे थप ज्ञान हासिल गर्ने र नीति अनुसन्धान प्रतिष्ठान र यसका कार्यक्रमका बारेमा पनि प्रष्ट हुने मौका मिलेको थियो ।

## ४.९ सरकारका मन्त्रालयहरू र अन्य निकायहरूसँगको अन्तरक्रिया तथा समन्वय

प्रतिष्ठानले आर्थिक वर्ष २०८१/८२ मा सरकारका विभिन्न मन्त्रालयहरू र अन्य निकायहरूसँग निम्नानुसारका अन्तरक्रिया तथा समन्वय सम्पन्न गऱ्यो ।

९

- नीति अनुसन्धान प्रतिष्ठान बोर्ड तथा कर्मचारीबिच परिचय तथा अन्तरक्रिया
- आर्थिक कूटनीतिको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरणसम्बन्धी अध्ययनको लागि अन्तरक्रिया कार्यक्रम
- राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा भएको राष्ट्रिय निकुञ्जसम्बन्धी नीतिगत विषयको छलफलमा नीति अनुसन्धान प्रतिष्ठानको सहभागिता
- स्कुल अफ आर्टसका विद्यार्थीहरूसँग नीति अन्तरक्रिया
- सङ्घीय संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन संयुक्त समितिमा माननीय सदस्यज्यूहरूसँग नीति अनुसन्धान प्रतिष्ठानको अन्तरक्रिया
- नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ विधागत विज्ञहरूसँग अन्तरक्रिया तथा छलफल
- नेपाल सरकारको मन्त्रालयहरूका नीति तथा योजना हेर्ने महाशाखा/शाखाका प्रमुखहरूसँगको अन्तरक्रिया
- नेपाल उद्योग परिसंघका अधिकारीहरूसँग आपसी सहकार्यको लागि भेटघाट र छलफल
- सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारीहरूको भेटघाट

### ४.९.१ नीति अनुसन्धान प्रतिष्ठान बोर्ड तथा कर्मचारीबिच परिचय तथा अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान विकास समितिका सदस्यहरू र कर्मचारीबिच २०८२ असार १ गते प्रतिष्ठानको सभा हलमा परिचय तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नीति अनुसन्धान प्रतिष्ठान (गठन) आदेश २०७५ बमोजिम गठित प्रतिष्ठानमा अनुसन्धान समूहमा २२ र अन्य गरी ३५ जनाको दरबन्दी रहेकामा केही समयदेखि विभिन्न पदहरू रिक्त रही पछिल्लो समयमा ती सबै रिक्त पदहरूमा नियुक्ति भएको सन्दर्भमा उक्त अन्तरक्रिया गरिएको थियो । प्रतिष्ठानले दुई चरणमा गरी १ जना वरिष्ठ अनुसन्धानकर्ता, ५ जना अनुसन्धानकर्ता, ४ जना सहअनुसन्धानकर्ता, ३ जना विश्लेषक, ३ जना वरिष्ठ सहायक लगायत वार्षिक रूपमा सञ्चालन गरिने इन्टर्नसिप कार्यक्रम अन्तर्गत ९ जना इन्टर्नहरूको नियुक्ति गरी सम्पूर्ण पदहरू पूर्ति गरेको छ ।

### ४.९.२ आर्थिक कूटनीतिको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरणसम्बन्धी अध्ययनको लागि अन्तरक्रिया कार्यक्रम

नीति अनुसन्धान प्रतिष्ठान र परराष्ट्र मन्त्रालयका कर्मचारीहरूबिच "आर्थिक कूटनीति प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरण" विषयमा २०८२ वैशाख ३ गते परराष्ट्र मन्त्रालय, सिंहदरबारमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

नेपालले आर्थिक कूटनीति प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरण अत्यावश्यक पूर्वसर्त रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो सम्बन्धमा एक सङ्क्षिप्त अनुसन्धान प्रतिवेदन तयार गर्न लागेको सन्दर्भमा तथ्याङ्क सङ्कलन गर्ने सिलसिलामा उक्त छलफल आयोजना गरिएको थियो ।

परराष्ट्र मन्त्रालयमा आयोजना गरिएको सो छलफलमा मन्त्रालयका तर्फबाट सहसचिव, उपसचिवहरू र शाखा अधिकृतहरूको उपस्थिति रहेको थियो ।

### ४.९.३ राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिमा भएको राष्ट्रिय निकुञ्जसम्बन्धी नीतिगत विषयको छलफलमा नीति अनुसन्धान प्रतिष्ठानको सहभागिता

राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले राष्ट्रिय निकुञ्जसम्बन्धी नीतिगत समस्या र समधानका उपायहरूबारे २०८१ पुस ३ गते नीति अनुसन्धान प्रतिष्ठानसँग सङ्घीय संसद सचिवालय, सिंहदरबारमा छलफल गऱ्यो । सो छलफलमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले "राष्ट्रिय निकुञ्जसम्बन्धी नीतिगत समस्या र समाधानः संरक्षण र विकासमा प्रयोग" विषयक एक सङ्क्षिप्त प्रस्तुति दिनुभयो । प्रस्तुतिमा नेपालमा संरक्षित क्षेत्रहरूको वर्तमान अवस्था, नीति र कानुनहरूको फेहरिस्त, राष्ट्रिय निकुञ्ज र संरक्षणसम्बन्धी नीतिगत र व्यावहारिक समस्याहरू, विवादका विषयहरू र नीतिगत समाधानका आयामहरू समेटिएका थिए ।

तत्पश्चात् समितिका माननीय सदस्यहरूले राष्ट्रिय निकुञ्ज, संरक्षण, विकास, नीति अनुसन्धान र नीति निर्माणसम्बन्धी विविध विषयमा जिज्ञासा र विचारहरू राख्नुभएको थियो ।

### ४.९.४ स्कुल अफ आर्टसका विद्यार्थीहरूसँग नीति अन्तरक्रिया

प्रतिष्ठानले काठमाडौँ विश्वविद्यालय स्कुल अफ आर्ट्सको विकास अध्ययन विभागका विद्यार्थीहरूसँग २०८१ मङ्सिर १६ गते नीतिगत अन्तरक्रिया गऱ्यो । उक्त अन्तरक्रियामा काठमाडौँ विश्वविद्यालय स्कुल अफ आर्टस्का विद्यार्थीहरू सहभागी थिए । सो अन्तरक्रियाको उद्देश्य सार्वजनिक नीतिको अवधारणा, नीति अनुसन्धानका चुनौतीहरू र प्रभाव, अनुसन्धान सहकार्यका सम्भावना र विशिष्ट नीति मुद्दाको अद्यावधिक अवस्थाबारे विद्यार्थीको बुझाइलाई समृद्ध बनाउनु थियो ।

कार्यक्रममा नीति अनुसन्धानमा विषयवस्तुहरूको पहिचान, प्राथमिकीकरण, सरोकारवाला, चुनौती तथा योगदान; सार्वजनिक नीति निर्माणको परिचय, असन्तुलित संस्थागत भूमिका, मुद्दाहरू र विकल्प लगायत सार्वजनिक नीति, नीति अनुसन्धान प्रतिष्ठान र संस्थागत सहकार्यजस्ता विषयमा छलफल भएको थियो ।

### ४.९.५ सङ्घीय संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन संयुक्त समितिमा माननीय सदस्यज्यूहरूसँग नीति अनुसन्धान प्रतिष्ठानको अन्तरक्रिया

सङ्घीय संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन संयुक्त समितिमा प्रतिष्ठानले समितिका माननीय सदस्यहरूसँग प्रतिष्ठानले २०८१ असोज ४ गते नेपालमा सार्वजनिक नीति कार्यान्वयनका समस्या, चुनौती र आगामी बाटो विषयमा एक अन्तरक्रिया गऱ्यो ।

समितिका सभापति माननीय श्री ठाकुर प्रसाद गैरेले सञ्चालन गर्नुभएको सो कार्यक्रममा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले नेपालमा "सार्वजनिक नीति कार्यान्वयनका समस्या, चुनौती र आगामी बाटो" विषयक एक प्रस्तुति दिनुभएको थियो । प्रस्तुतिमा प्रतिष्ठानको मानव संसाधन, क्रियाकलाप र उपलब्धिको चिनारीसम्बन्धी छोटो खण्डपछि सार्वजनिक नीतिका सैद्धान्तिक जानकारी र नेपालमा सार्वजनिक नीति कार्यान्वयनमा देखिएका साझा समस्याहरू, चुनौती र आगामी बाटोबारेमा प्रस्तुति एवम् अन्तिम खण्डमा संसदीय समितिहरूको कामबारे अन्तर्राष्ट्रिय अभ्यास, नेपालको संसदीय समितिहरूको निर्देशनहरूको कार्यान्वयनको अवस्था र समितिहरूको प्रभावकारिता वृद्धि गर्ने उपायहरूबारे अनुसन्धान नतिजाहरू प्रस्तुत गरिएको थियो ।

प्रस्तुति पछि माननीय सदस्यहरूले विभिन्न जिज्ञासाहरू र अनुरोधहरू राख्नुभएको थियो । माननीय सदस्यहरूले नीति अनुसन्धान प्रतिष्ठान र विश्वविद्यालयहरूको सम्बन्ध, नीति अनुसन्धान प्रतिष्ठान र राष्ट्रिय योजना आयोगको सम्बन्ध, संसद र सांसदहरूसँग प्रतिष्ठानको संलग्नता, सार्वजनिक नीतिको रूपरेखा र प्राथमिकीकरण विषयमा जिज्ञासा राख्नुभएको थियो । राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिले आ.व. २०८१/८२ को लागि बनाइरहेको वार्षिक कार्य योजनामा पृष्ठपोषण दिन र सहकार्य जारी राख्न पनि माननीय सदस्यहरूले अनुरोध गर्नुभयो ।

### ४.९.६ नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ विधागत विज्ञहरूसँग अन्तरक्रिया तथा छलफल

प्रतिष्ठानले आफ्ना विधागत अनुसन्धान केन्द्रहरू अन्तर्गत गरिने नीतिक्षेत्र विशेषका अनुसन्धान, सार्वजनिक नीतिको समीक्षा लगायतका कार्यहरूमा अनुसन्धान केन्द्रलाई सल्लाह, सुझाव र मार्गदर्शन दिइरहनुभएका वरिष्ठ विधागत विज्ञ सल्लाहकारहरूसँग २०८१ साउन १४ गते एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । प्रतिष्ठानको आ.व. २०८०/८१ मा सम्पन्न कार्यक्रमहरूको प्रगतिबारे जानकारी गराई प्रतिष्ठानका लागि चालु आ.व. २०८१/८२ का लागि अनुसन्धान गर्नुपर्ने नीतिगत

विषय, प्रतिष्ठानको आगामी कार्यदिशा तथा उहाँहरूसँगको सहकार्य र सहयोगलाई थप प्रभावकारी बनाउन सल्लाह, सुझाव र परामर्श लिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

प्रतिष्ठानले पाँच वर्ष काम गरिसकेको सन्दर्भमा यसले गरेका कार्यहरूको प्रगति, रणनीतिक योजना तथा प्रतिष्ठानको कार्यको सरकारद्वारा अपनत्व भएका विषयहरूमा पनि प्रतिष्ठानले स्व-मूल्याङ्कन गर्नुपर्ने विषयमा पनि विज्ञहरूबाट सुझाव प्राप्त भएको थियो । त्यसै गरी हालसम्म नीति अनुसन्धान प्रतिष्ठानको ऐन बन्न नसकेकोमा यस कार्यले चाँडै पूर्णता पाउनुपर्नेमा जोड दिँदै विज्ञहरूले आगामी दिनमा प्रतिष्ठानको भूमिका अझ व्यापक र प्रभावकारी बनाई सार्वजनिक निकायहरूबिच हुने अनुसन्धानमा देखिने दोहोरोपना समेतलाई नियन्त्रण गर्ने गरी प्रतिष्ठानले अनुगमनको पाटोलाई पनि ध्यान दिनुपर्ने सुझाएका थिए ।

### ४.९.७ नेपाल सरकारको मन्त्रालयहरूका नीति तथा योजना हेर्ने महाशाखा/शाखाका प्रमुखहरूसँगको अन्तरक्रिया

प्रतिष्ठानले नेपाल सरकारको सङ्घीय मन्त्रालयहरूसहित मुख्य सङ्घीय निकायका नीति तथा योजना हेर्ने महाशाखा/शाखाका प्रमुखहरूसँग २०८० साउन ११ गते एकदिने अन्तरक्रिया सम्पन्न गऱ्यो । उक्त कार्यक्रमको मुख्य उद्देश्य प्रतिष्ठानसँग मुख्य सरोकार राख्ने सङ्घीय मन्त्रालय र निकायहरूलाई प्रतिष्ठानका गतिविधिहरू जानकारी गराई सुधारका लागि पृष्ठपोषण लिनु, नेपाल सरकारको नीतिगत तहमा भइरहेका प्रयासहरूबारे आवश्यक जानकारी लिनु, नेपाल सरकारको नीतिगत आवश्यकता तथा समसामयिक नीतिगत परिवेशमा प्रतिष्ठानको योगदान सम्बन्धमा पृष्ठपोषण लिनु, प्रतिष्ठानका अनुसन्धान परियोजनाहरूमा सहकार्यको वातावरणबारे छलफल गर्नु, प्रतिष्ठानको आगामी कार्यदिशाबारे पृष्ठपोषण लिनु र नेपाल पब्लिक पोलिसी रिभ्यू जर्नलका सम्बन्धमा जानकारी गराई आपसी सहकार्यको सम्भाव्यता खोजी गर्नु रहेको थियो ।

कार्यक्रममा सहभागी कर्मचारीहरूले आ-आफ्नो मन्त्रालयगत आवश्यकताका आधारमा विभिन्न अनुसन्धानका विषयहरू उठाउनु भएको थियो । अधिकांश सहभागीहरूले आ-आफ्ना मन्त्रालयका पाँच वर्ष अवधि पूरा भइसकेको क्षेत्रगत सार्वजनिक नीतिहरूको कार्यान्वयनको अवस्था पुनरावलोकन र नीति समीक्षा गर्नुपर्नेमा जोड दिनुभएको थियो । यसका साथै, नीति अनुसन्धान प्रतिष्ठानले आफैँले पनि प्रतिष्ठानका सुझावहरू मन्त्रालयले कति ग्रहण गरे भन्ने विषयमा समेत समीक्षा गर्नुपर्ने बारेमा पनि कार्यक्रममा चर्चा भयो । नीति बनाउन चार-पाँच वर्ष लाग्ने अवस्था, क्षेत्रगत नीति र ऐन एक आपसमा सम्बन्धित भए तापनि यिनको तर्जुमाका चरण तथा संलग्न/जिम्मेवार संयन्त्र तथा अन्तर्यका विषयवस्तु फरक हुने गरेको लगायतका महत्त्वपूर्ण विषयहरूको बारेमा पनि प्रतिष्ठानले समीक्षा गर्नुपर्ने सुझावहरू कार्यक्रमबाट प्राप्त भए । मन्त्रालयको अधिकतम ध्यान जनशक्ति व्यवस्थापन लगायत अन्य प्रशासनिक कामहरूमा भएकाले अनुसन्धानमा धेरै समय दिन नसक्ने सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानको भूमिका मन्त्रालयहरूका लागि महत्त्वपूर्ण रहेको सहभागीहरूको धारणा थियो ।

### ४.९.८ नेपाल उद्योग परिसंघका अधिकारीहरूसँग आपसी सहकार्यको लागि भेटघाट र छलफल

प्रतिष्ठान र नेपाल उद्योग परिसंघका अधिकारीहरूबिच २०८१ पुस १७ गते उद्योग, वाणिज्य र अन्य सम्बद्ध क्षेत्रहरूमा नीति अनुसन्धानमा सहयोग र सहकार्य तथा ज्ञान व्यवस्थापनमा आपसी सहयोगको लागि दोस्रो छलफल भयो । यस अघि २०८१ जेठ २२ गते पाँचौं पूर्वाधार सम्मेलनको तयारीको सन्दर्भमा पनि परिसंघका अधिकारीहरूसँग छलफल भएको थियो र २०८१ भदौ २३-२४ गते आयोजना भएको पूर्वाधार सम्मेलनको ज्ञान साझेदारको रूपमा नीति अनुसन्धान प्रतिष्ठानको आबद्धता रहेको थियो । उक्त छलफलमा परिसंघ र प्रतिष्ठानको सहकार्यलाई अधिक सहज र विस्तारित बनाउन औपचारिक समझदारी कायम गर्न सहमति बन्यो ।

### ४.९.९ सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारीहरूको भेटघाट

नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारीहरूको टोलीले २०८१ भदौ १२ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीसँग भेटघाट गऱ्यो । प्रतिष्ठानको टोलीमा कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा, अनुसन्धान विभाग प्रमुख डा. हरि शर्मा न्यौपाने, सूचना तथा ज्ञान व्यवस्थापन विभाग प्रमुख डा. दीपक कुमार खड्का, कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराई र वरिष्ठ अनुसन्धानकर्ताहरू डा. मुक्ति राम रिजाल, डा. खगनाथ अधिकारी र डा. कल्पना खनाल हुनुहुन्थ्यो भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपाल सरकारका मुख्य सचिव श्री लीलादेवी गडतौला र सचिव राजकुमार श्रेष्ठ तथा सम्माननीय प्रधानमन्त्रीज्यूको स्वकीय सचिवालयका पदाधिकारीहरू हुनुहुन्थ्यो ।

सो अवसरमा सम्माननीय प्रधानमन्त्रीसमक्ष प्रतिष्ठानले हालसम्म सम्पन्न गरेका अनुसन्धान र नीति संवाद लगायतका क्रियाकलापहरूको प्रगति विवरण, प्रतिष्ठानको कार्य योजना र वर्तमान आवश्यकताहरूबारे जानकारी प्रस्तुत गर्नुका साथै यस वर्षदेखि नीति अनुसन्धान प्रतिष्ठान र राष्ट्रिय योजना आयोगबिच सहकार्यमा नीति अनुसन्धानका कार्यक्रमहरू र स्रोत साझेदारी सञ्चालनमा लैजान तयारी गरिरहेको पनि अवगत गराउँदै आगामी दिनमा अवलम्बन गर्नुपर्ने कार्य दिशाका सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट सुझाव र निर्देशनको अपेक्षा गरेको थियो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले नीति अनुसन्धान प्रतिष्ठान ज्ञानको हिसाबले नीति मामिलाहरूमा त्रिकालदर्शी किसिमले सुसूचित र बहुक्षमताको हुनुपर्ने, यसले गरेका अध्ययनहरू नीति निर्माताहरूको ज्ञानवर्धनको लागि मात्र नभएर नीतिको लागि व्यावहारिक रूपमा उपयोगी हुनुपर्ने बताउनुभयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानका फरक-फरक कार्यादेश भएको स्पष्ट पार्नुहुँदै प्रतिष्ठानले आफ्नो कार्यादेश अनुसार 'समृद्ध नेपाल, सुखी नेपाली' को

राष्ट्रिय आकाङ्क्षालाई सघाउने खालका अनुसन्धान गरी नीतिगत सुझाव दिन निर्देशन दिनुका साथै सरकारको लक्ष्य र विकाससँग जोडिएर मन्त्रालय र विश्वविद्यालयसँग समन्वय र संयोजन गरी अनुसन्धान हुनुपर्नेमा जोड दिनुभयो । सम्माननीय प्रधानमन्त्रीज्यूले अनुसन्धानपछि प्राप्त प्रमाणका आधारमा मात्रै नीति तर्जुमा गर्नुपर्ने बताउनु हुँदै प्रतिष्ठानलाई अनुसन्धान एजेन्डा अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नै सबै मन्त्रालयहरूसँग समन्वय गरी मन्त्रिपरिषद्बाटै उपलब्ध गराउने परिपाटी अवलम्बन गर्न निर्देशन समेत दिइने बताउनुभयो ।

## ४.१० सार्वजनिक नीति स्रोतकेन्द्रको विस्तार

प्रतिष्ठानले नीतिसँग सम्बन्धित सामग्रीहरूको पहुँचलाई सहजीकरण गर्न सार्वजनिक नीति स्रोतकेन्द्र (पुस्तकालय) को स्थापना गरी सो केन्द्र संस्थागत हुँदैआएको छ। पुस्तकालयमा नीति अनुसन्धान प्रतिष्ठानका सबै प्रकाशनहरू, सरकारका कानुन, नियमावली, निर्देशिका र नीति तथा कार्यक्रमका दस्ताबेजहरूको सङ्ग्रह, विश्वविद्यालयले जारी गरेका नीतिसँग सम्बन्धित कार्यपत्र र प्रकाशनहरू, निजी वा सार्वजनिक अनुसन्धान केन्द्रका सान्दर्भिक प्रकाशनहरू, सन्धिहरू, अन्तर्राष्ट्रिय सीमा निर्धारणका अभिलेख र नक्साहरू, नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिहरूका प्रतिलिपिहरू, ऐतिहासिक महत्त्वका दस्ताबेजहरू र गैरसरकारी क्षेत्रका महत्त्वपूर्ण प्रकाशनहरूका सङ्ग्रहहरू छन् । यस अवधिमा पुस्तकालयमा निम्नानुसारका सामग्रीहरू सङ्ग्रह गरिए ।

**तालिका ४.१ आ.व. २०८१/८२ मा प्रतिष्ठानको नीति स्रोतकेन्द्रमा सङ्ग्रह गरिएका सार्वजनिक नीतिसम्बन्धी सामग्रीहरूको विवरण**

| क्र.सं. | स्रोतहरू | सङ्ख्या |
|---|---|---|
| १ | पुस्तक (छापा/विद्युतीय)/जर्नल | २८४ |
| २ | मन्त्रिपरिषद्का निर्णयहरू | ३० |
| ३ | नीति/ऐन/नियमावली | ६२ |
| ४ | समाचारपत्रहरू | ३९५ |
| ५ | समाचारका क्लिप्स | ९०७ |
| ६ | श्रव्य/श्रव्य दृश्य सामग्री | ५४ |
| ७ | पावरपोइन्ट प्रस्तुतीकरण | २२ |
| ८ | फोटो | १,४०५ |
| ९ | प्रतिवेदन र अन्य | ६३५ |
| जम्मा | | ३,७९४ |

## ४.११ संस्थागत निर्देशिका र मापदण्डहरूको संशोधन

अघिल्ला आर्थिक वर्षहरूमा निमार्ण भई प्रतिष्ठानले कार्यान्वयनमा ल्याएका केही संस्थागत निर्देशिका तथा औजारहरू प्रतिष्ठानले यस आर्थिक वर्षमा संशोधन गऱ्यो । संशोधित औजारहरू निम्नानुसार छन् ।

- अनुसन्धान समूहका कर्मचारीको पदपूर्ति निर्देशिका २०७८ (पहिलो संशोधन, २०८१)
- नीति अनुसन्धान प्रतिष्ठान, अनुसन्धान प्रतिवेदनहरूको समीक्षा निर्देशिका २०८२
- प्रतिष्ठानमा गरिने खर्चसम्बन्धी मापदण्ड

३

## ४.१२ कर्मचारी तथा इन्टर्नहरूको नियुक्ति

केही समयअघि देखि प्रतिष्ठानमा वरिष्ठ सहायकदेखि वरिष्ठ अनुसन्धानकर्ताहरूसम्मका केही पद र प्रतिष्ठानको गठन आदेश अनुसार नियुक्त गरिनुपर्ने इन्टर्नहरूको पदहरू रिक्त रहेको सन्दर्भमा प्रतिष्ठानले विभिन्न समयमा (२०८१ मङ्सिर १० गते - अनुसन्धान समूहका १० पदका लागि; २०८१ पुस २६ - इन्टर्नशिपको ९ पदको लागि; २०८१ पुस २६ गते - सूचना तथा ज्ञान व्यवस्थापन विभाग अन्तर्गत रहने गरी १ पद र आर्थिक प्रशासन र सामान्य प्रशासन अन्तर्गत रहने गरी अर्को १ पद गरी जम्मा दुई पदको लागि र २०८२ वैशाख १७ गते सूचना तथा ज्ञान व्यवस्थापन विभागको सहअनुसन्धानकर्ता १ र अनुसन्धान विभागको लागि विश्लेषक १ पद गरी दुई पदहरूको लागि) विज्ञापन गरी यस अवधिमा अनुसन्धानकर्ता, कर्मचारी र इन्टर्नहरू गरी निम्नानुसारका जम्मा २५ जना नियुक्ति गऱ्यो । नवनियुक्त कर्मचारी तथा इन्टर्नहरूको पद/सङ्ख्या निम्नानुसार छ ।

### तालिका ४.२: नवनियुक्त कर्मचारी तथा इन्टर्नहरूको पद/सङ्ख्या

| क्र.स | पद | सङ्ख्या |
|---|---|---|
| १ | वरिष्ठ अनुसन्धानकर्ता | १ |
| २ | अनुसन्धानकर्ता | ५ |
| ३ | सहअनुसन्धानकर्ता | ४ |
| ४ | विश्लेषक | ३ |
| ५ | वरिष्ठ सहायक | ३ |
| ६ | इन्टर्न | ९ |
| | जम्मा | २५ |

## ४.१३ नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू

आ.व. २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं. ३० ले सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाइने उल्लेख भएबमोजिम उक्त प्रावधानलाई कार्यान्वयनमा लैजाने सन्दर्भमा नेपाल सरकारले नीति प्रयोगशाला (Policy Lab) स्थापना गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा स्थापना भई २०८१ फागुनदेखि कार्यान्वयनमा आएको उक्त प्रयोगशालाको उद्देश्य निम्नानुसार छन्:

- नेपाल सरकारका मन्त्रालय/निकायहरूबाट प्राप्त भएका नयाँ नीति तर्जुमा र संशोधनसम्बन्धी विषयमा सैद्यान्तिक सहमति प्रदान गर्ने,
- प्राप्त भएका नीतिको अन्य सम्बन्धित नीतिहरूसँग सामन्जस्यता, एकरुपता र अन्तरसम्बन्ध कायम गर्न निर्देशन प्रदान गर्ने,
- नीति कार्यन्वयनका क्रममा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचाहन गरी सुधारका लागि सहजीकरण गर्ने,
- अध्ययन अनुसन्धान गर्नुपर्ने विभिन्न समसामयिक नीतिगत विषयहरूको पहिचान गरी सम्बन्धित निकायहरूलाई अध्ययन अनुसन्धान गराउन निर्देशन दिने,
- अध्ययन अनुसन्धानबाट प्राप्त हुन आएका निष्कर्षलाई भविष्यमा नयाँ नीति निर्माणको क्रममा उपयोग गर्ने

नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा ९ जनाको नीति प्रयोगशाला निर्देशक समिति रहने व्यवस्थाबमोजिम उक्त समितिमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष पनि सदस्य रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो समितिको वैठकमा निरन्तर सहभागी भई कार्य गर्दैआएको छ। नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई (हेर्नुहोस् तालिका ४.४) प्रतिष्ठानले विभिन्न १० वटा नीतिहरूउपर आफ्ना राय सुझाव दिएको थियो ।

छलफलमा सहभागी हुनुपूर्व सम्बन्धित नीतिहरूमा राय सुझावका लागि प्रतिष्ठानले सम्बन्धित विधामा दखल राख्ने अनुसन्धान समूहका अध्येताहरूको आन्तरिक रूपमा अध्ययन टोली गठन गरी राय सुझाव तय गर्दै आएको छ ।

### तालिका ४.३: राय सुझावका लागि नीति प्रयोगशालामा प्रतिष्ठानको उपस्थिति विवरण

| क्र.सं. | नीति प्रयोगशाला निर्देशक समितिको बैठक मिति | छलफल भएको राष्ट्रिय नीति |
|---|---|---|
| १ | २०८२ असार ८ | –मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति २०८२<br>–राष्ट्रिय विज्ञापन नीति २०८२<br>–राष्ट्रिय यातायात नीति २०८२ |

| क्र.सं. | नीति प्रयोगशाला निर्देशक समितिको बैठक मिति | छलफल भएको राष्ट्रिय नीति |
|---|---|---|
| २ | २०८२ वैशाख २३ | –राष्ट्रिय आपूर्ति नीति २०८२<br>–राष्ट्रिय जनसङ्ख्या नीति २०८२<br>–राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८२ |
| ३ | २०८१ चैत १३ | –राष्ट्रिय युवा नीति २०८१<br>–राष्ट्रिय खेलकुद नीति २०८१<br>–पर्यटन नीति २०८१ |
| ४ | २०८१ फागुन २२ | –श्रम आप्रवासन नीति २०८१ |

## ४.१४ बोर्ड बैठकका निर्णयहरूका सङ्क्षिप्त विवरण

आ.व. २०८१/८२ मा नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (बोर्ड) को निम्नानुसारका बैठकहरू सम्पन्न भई उक्त बैठकहरूले विविध विषयहरूमा निर्णय लिएको थियो ।

### ६३औं बैठक (२०८२ वैशाख २५)

- प्रतिष्ठानमा रिक्त रहेको सहअनुसन्धानकर्ता तथा विश्लेषक पदमा नियुक्तिको सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा
- आगामी आ.व. को कार्यक्रम सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको बुदा ३६६ मा वजेटमा समावेश भएका कार्यक्रम तथा आयोजनाका लागि खरिदको तयारी कार्य २०८२ जेठ १६ गतेबाट सुरु गर्न सकिने भएकाले यसै बूँदाको आधारमा व्यवस्थापनबाट पेस भए अनुसार आगामी आर्थिक बर्षका लागि छपाइ कार्यमा अनुमानित रकम बाँडफाँट गर्ने र अन्य कार्यक्रम पछि निर्धारण गर्ने गरी स्वीकृति दिने सम्बन्धमा
- २०८२/८३ को कार्यक्रममा सङ्घीयता र यसको खर्च व्यवस्थापनसम्बन्धी अध्ययन विषय समाबेश गर्ने सम्बन्धमा
- प्रतिष्ठानमा अनुसन्धान समूहतर्फको पदपूर्ति सम्पन्न भएको सन्दर्भमा प्रतिष्ठानका अनुसन्धानकर्ता तथा बोर्ड सदस्यहरूबिच परिचयात्मक तथा अन्तरक्रिया कार्यक्रम गर्ने सम्बन्धमा

### ६२औं बैठक (२०८२ वैशाख ३)

- अनुसन्धान विभाग अन्तरगत रहने केन्द्र मिलान सम्वन्धमा
- प्रतिष्ठानमा सल्लाहकार नियुक्ति र उहाँहरूको कार्यसर्त सम्वन्धमा

- National Institute of International Strategy, Beijing, China (NIIS) सँग समझदारी गर्ने स्वीकृति दिने सम्बन्धमा
- रकमान्तर तथा बजेट संशोधन सम्वन्धमा
- प्रतिष्ठानमा गरिने खर्चसम्वन्धी मापदण्ड सम्बन्धमा
- अनुसन्धान प्रतिवेदनहरूको समीक्षा निर्देशिका, २०८२ (संलग्न) स्वीकृत गर्ने सम्बन्धमा
- कर्मचारीहरूका लागि युनिफर्म निर्धारण गर्ने सम्वन्धमा

## ६१औं बैठक (२०८१ चैत १५)

- प्रशासनतर्फका वरिष्ठ सहायक पदमा नियुक्ति गर्ने सम्वन्धमा
- समकक्षी समीक्षाको पारिश्रमिक सम्वन्धमा
- नयाँ लिने पुरानो दिने (Buy Back Method) प्रणालीद्वारा सट्टापट्टा गरेको सवारीसाधनको नामसारी सम्बन्धमा

## ६०औं बैठक (२०८१ फागुन २२)

- प्रतिष्ठानमा रिक्त रहेका अनुसन्धानतर्फका विभिन्न पदका १० जना अनुसन्धाताहरू करार सेवामा पदपूर्ति सम्बन्धमा
- ईन्टर्नसिप कार्यक्रम सञ्चालन सम्वन्धमा कार्यकारी अध्यक्षलाई आवश्यक संख्यामा ईन्टर्नहरू राखी अनुसन्धान कार्यक्रम सञ्चालन गर्न अधिकार प्रदान गर्ने सम्बन्धमा

## ५९औं बैठक (२०८१ फागुन ५)

- आ व २०८०/८१ को लेखापरीक्षण प्रतिवेदनउपर प्रतिष्ठानको प्रतिक्रिया महालेखा परीक्षकको कार्यालयमा पठाउने सम्बन्धमा
- चालु आ व २०८१/८२ को अनुसन्धान प्रस्ताव पेस हुनआएका प्रस्तावहरू चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने गरी तत्काल अनुसन्धान कार्य अघि बढाउन निर्देशनसहित स्वीकृत गर्ने सम्बन्धमा

## ५८औं बैठक (२०८१ मङ्सिर २०)

- भृकुटीमार्ग, गैरीधारा काठमाडौं महानगरपालिका- २ निवासी हाल १३ वेष्टहम एभिन्यु एबरडीन स्कटल्यान्ड AB१५६AA संयुक्त अधिराज्य बस्दै आउनु भएका प्रा.डा. प्रसन्न चन्द्र गौतमले आफ्ना पिताजी नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर स्वर्गीय लक्ष्मीनाथ गौतमको नामबाट सार्वजनिक नीति अनुसन्धानका क्षेत्रमा संलग्न अनुसन्धानकर्ताको उपलब्धिको कदर स्वरूप रु. २ लाखको “लक्ष्मीनाथ गौतम नीति अनुसन्धान सम्मान” प्रदान गर्न र नीति अनुसन्धान प्रतिष्ठानमा कार्यरत अनुसन्धानकर्ताहरूको क्षमता अभिवृद्धिसँग सम्बन्धित क्रियाकलापमा खर्च गर्न वार्षिक न्यूनतम रु. ६ लाखमा नघट्ने गरी प्रतिष्ठानलाई सहयोग रकम उपलव्ध गराउने र यसरी प्राप्त हुने सहयोग रकम स्वीकार गर्ने सम्बन्धमा

### ५७औँ बैठक (२०८१ कार्तिक २६)

- नीति अनुसन्धान प्रतिष्ठान अनुसन्धान समूहका कर्मचारीको पदपूर्ति निर्देशिका, २०७८ (पहिलो संशोधन, २०८१) आवश्यक परिमार्जनसहित पारित गर्ने र कुल १२ दरबन्दीहरू पूर्ति गर्न सार्वजनिक सूचना प्रकाशित गरी पदपूर्ति प्रक्रिया अघि बढाउने सम्बन्धमा

### ५६औँ बैठक (२०८१ असोज ८)

- प्रतिष्ठान समितिले नेपाल सरकारमा पेस गर्नुपर्ने वार्षिक प्रतिवेदन नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई हस्तान्तरण गर्ने सम्बन्धमा
- प्रतिष्ठानको वार्षिकोत्सवसम्बन्धी जानकारी (कार्यक्रमको प्रमुख आथित्यता, कर्मचारी सम्मान, नीति सम्मान आदि बारे)

## ४.१५ नीतिगत मामिला पहिचान समितिको बैठकका निर्णयहरूको सङ्क्षिप्त विवरण

आ.व. २०८१/८२ मा नीतिगत मामिला पहिचान समितिको निम्नानुसारका बैठकहरू सम्पन्न भई उक्त बैठकहरूले विविध विषयहरूमा निर्णय लिएको थियो ।

### ४६औँ बैठक (२०८२ असार ३)

- आ.व. २०८२/८३ का लागि कार्यक्रम माइलस्टोन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्ने सम्बन्धमा
- आ.व. २०८२/८३ का लागि वार्षिक कार्यक्रम तथा बजेटको प्रस्ताव तयार/निर्धारण गरी स्वीकृतिका लागि प्रतिष्ठान विकास समिति (बोर्ड) समक्ष सिफारिस गर्ने सम्बन्धमा
- नेपाल सरकारबाट प्रतिष्ठानलाई प्राप्त आगामी आ.व. को वार्षिक बजेट विगतको तुलनामा कमी भएको हुँदा आगामी कार्यक्रमको कार्यान्वयनमा अधिकतम् मितव्ययिता अपनाउदैं उपलब्ध सेवा र सुविधाको अधिकतम् सदुपयोग गरेर कार्यक्रम कार्यान्वयनमा जानुपर्ने देखिएकाले यसैअनुरूप विभागीय योजनाहरू निर्धारण गर्न तथा सोहीअनुरूप कार्यान्वयनमा लैजान प्रतिष्ठानका तीनवटै विभागहरूलाई अनुरोध गर्ने सम्बन्धमा

### ४५औँ बैठक (२०८१ चैत १)

- नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आ. व. २०८२/८३ को नीति तथा कार्यक्रममा समावेश गर्नका लागि प्रतिष्ठानसम्बद्ध सुझाव/पृष्ठपोषण उपलब्ध गराउन माग भइआएको सन्दर्भमा सुझाव उपलब्ध गराउने सम्बन्धमा
- चालु आ.व. मा सञ्चालित अनुसन्धान परियोजनाहरूको हालसम्मको प्रगति समीक्षा र आगामी कार्यसम्पादन सम्बन्धमा

- आ.व. २०८०/८१ सम्ममा सम्पन्न नभएका/हुन नसकेका पुराना अनुसन्धान परियोजनाहरूको बाँकी कार्यसम्पादनमा सहजीकरण गर्ने सम्बन्धमा

### ४४औं बैठक (२०८१ फागुन ११)

- आ.व २०८१/८२ को वार्षिक वजेट २०८१ माघ मशान्तसम्म खर्च तथा रोक्का भएको रकमलाई बिचार गरी पहिले स्वीकृत भएको कार्यक्रम वजेटलाई संशोधन गरी कार्यान्वयनमा लैजान अनुसन्धान विभागले समन्वय गरी तुरुन्त संशोधित कार्यक्रम वजेट पेस गर्ने सम्बन्धमा
- नीति अनुसन्धान प्रतिष्ठान विकास समिति गठन आदेश २०७५ को दफा ६(ढ) मा मुलुकका विभिन्न विश्वविद्यालय अध्ययन संस्थान तथा समान उद्देश्य भएका स्वदेशी तथा विदेशी संघ-संस्था वा विश्वविद्यालय वा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क राख्ने तथा सहकार्य गर्न सक्ने गरी समितिको काम कर्तव्य र अधिकार सम्बन्धी प्रावधान रहे अनुसार सहकार्य गर्ने सम्बन्धमा

### ४३औं बैठक (२०८१ मङ्सिर ११)

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त नीति अनुसन्धानका विषयहरू आ.व. २०८१/८२ को वार्षिक अनुसन्धान कार्यक्रममा समावेश गर्ने सम्बन्धमा
- आ.व २०८१/८२ को वार्षिक कार्य योजनामा समावेश गर्ने विषयवस्तुको छनोट सम्बन्धमा

## ४.१६ अध्ययन अनुसन्धान कार्यान्वयन अनुगमन समितिको बैठकहरूका निर्णयहरूको सङ्क्षिप्त विवरण

आ.व. २०८१/८२ मा अध्ययन अनुसन्धान कार्यान्वयन अनुगमन समितिको निम्नानुसारका बैठकहरू सम्पन्न भई उक्त बैठकहरूले विविध विषयहरूमा निर्णय लिएको थियो ।

### २७औं बैठक (२०८२ जेठ २२)

- वक्यौता कार्यक्रम सम्पन्न गर्ने सम्बन्धमा
- अनुसन्धानतर्फ विभाग केन्द्रको पुनसंरचना अनुसार कार्यान्वयन गर्ने सम्बन्धमा

### २६औं बैठक (२०८१ फागुन २७)

- वक्यौता तथा चालु आ.व. का अनुसन्धान परियोजना तथा कार्यक्रम सम्पन्न गर्ने सम्बन्धमा

### २६औं बैठक (२०८१ पुस १२)

- वरिष्ठ सहायक र इन्टर्नहरूको पदपूर्तिका लागि विज्ञापन गर्ने सम्बन्धमा

## ४.१७ तथ्याङ्कमा समग्र कार्यसम्पादन तथा उपलब्धिहरू

प्रतिष्ठानले आर्थिक वर्ष २०८१/८२ मा र आफ्नो स्थापना कालदेखि आर्थिक वर्ष २०८१/८२ सम्म सम्पन्न गरेका तथ्याङ्कीय प्रस्तुति तालिका ४.४ मा दिइएको छ।

### तालिका ४.४: आ.व २०८१/८२ र हालसम्म प्रतिष्ठानबाट सम्पन्न गरिएका कार्यहरूको सङ्ख्यात्मक विवरण

| क्र. सं. | विवरण | आ.व. २०८१/८२ | स्थापना कालदेखि आ.व. २०८१/८२ सम्मको कुल |
|---|---|---|---|
| १ | नेपाल सरकारसमक्ष नीति सिफारिस पेस | ० | ४२ |
| २ | मस्यौदा नीति, ऐन तथा नियमावली सुधारका लागि पृष्ठपोषण पेस | ७ | ७ |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतको नीति प्रयोगशालामा विभिन्न नीतिका अन्तिम मस्यौदाहरूमा भएका बैठकहरूमा सहभागी भई दिइएका नीति सुझावहरू (बैठक सङ्ख्या/सुझाव दिएका नीति सङ्ख्या) | ४/१० | ४/१० |
| ४ | अनुसन्धान प्रतिवेदन | २ | ३३ |
| ५ | परियोजना समीक्षा प्रतिवेदन | १ | १ |
| ६ | नीति सङ्क्षेप | ० | ८ |
| ७ | अनुसन्धान सङ्क्षेप | ० | १३ |
| ८ | सोचपत्र | १ | ९ |
| ९ | छलफलपत्र | १ | ३ |
| १० | कार्यपत्र | ० | १ |
| ११ | स्रोत पुस्तिका | १ | १ |
| १२ | वार्षिक प्रतिवेदन | १ | ४ |
| १३ | नीति सिफारिस सँगालो | ० | ३ |
| १४ | नीति पृष्ठपोषण सँगालो | १ | १ |

| क्र.सं. | विवरण | आ.व. २०८१/८२ | स्थापना कालदेखि आ.व. २०८१/८२ सम्मको कुल |
|---|---|---|---|
| १५ | अन्य प्रकाशनहरू (शैली पुस्तिका, अर्धवार्षिक बुलेटिन, अनुसन्धान सङ्क्षेप सँगालो, कार्यक्रम प्रतिवेदन र अन्यसमेत) | ३ | २६ |
| १६ | जर्नल भौतिक प्रकाशन/आलेख सङ्ख्या | १/६ | ५/५१ |
| १७ | मस्यौदा तयार भई आन्तरिक तथा वाह्य समीक्षामा रहेका अध्ययन प्रतिवेदनहरू | ४७ | – |
| १८ | संस्थागत सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर | ५ | १८ |
| १९ | सार्वजनिक नीति संवाद | २७ | १०४ |
| २० | नीति प्रवचन | ६ | १४ |
| २१ | अभिमुखीकरण | २ | ६ |
| २२ | क्षमता विकास तालिम/कार्यशाला | १ | ४ |
| २३ | सहकार्य र समन्वयका लागि बैठक एवम् अन्तरक्रिया | १० | ४४ |
| २४ | रेडियो कार्यक्रम प्रसारण | ० | १०२ |
| २५ | सार्वजनिक नीति स्रोत केन्द्र (पुस्तकालय) मा ज्ञान सामग्रीहरूको सङ्कलन र सङ्ग्रह | ३,७९४ | २५,०१४ |
| २६ | संस्थागत कार्यविधि निर्देशिका र सम्बन्धित औजारहरूको परिमार्जन | ३ | २७ |
| २७ | बोर्ड बैठक सङ्ख्या | ८ | ६३ |
| २८ | नीतिगत मामिला पहिचान समितिको बैठकका सङ्ख्या | ४ | ४६ |
| २९ | अध्ययन अनुसन्धान कार्यान्वयन अनुगमन समितिको बैठक सङ्ख्या | ३ | २७ |

# परिच्छेद ५

# चुनौती र अवसर

## ५.१ चुनौती

- संस्थागत स्थिरता कायम राख्नका लागि आवश्यक कानुनहरू नबनेका कारण अनुसन्धान प्रतिष्ठानको विकासमा समस्या देखिएको छ । यसअघि सङ्घीय संसद् अन्तर्गतको राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभाले समेत छलफल गरिसकेको नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी विधेयक पारित भएर ऐन बनेको भए यसले प्रतिष्ठानको संस्थागत विकासका लागि ठोस आधार तयार गर्नुका साथै अनुसन्धान प्रतिष्ठानलाई तुलनात्मक रूपमा स्वतन्त्रता दिई प्रतिष्ठानले आफ्ना अनुसन्धान कार्यहरूलाई थप सहज, प्रभावकारी र बृहत् बनाई आफूलाई स्थापित विज्ञ समूहको रूपमा अघि बढाउन सहयोग हुने थियो । त्यसैले, प्रतिष्ठानको आफ्नो छुट्टै ऐन निर्माण गर्ने कार्यलाई प्रतिष्ठानले चुनौतीको रूपमा लिई ऐन निर्माण गर्नेतर्फ प्रतिष्ठान प्रायसरत छ ।
- अनुसन्धानको बजेट प्रशस्त नभएका कारणले प्रतिष्ठानले ठुला र विस्तारित किसिमका अनुसन्धान कार्यहरू गर्न सकिरहेको छैन । त्यसैगरी, स्थानीय तह र प्रदेशस्तरमा अनुसन्धान कार्य विस्तार गर्न पनि सकिरहेको छैन, जसले गर्दा ती तहहरू र अन्तर्गतका निकायहरूले गरेका अपेक्षाहरू सम्बोधन गर्न सकिएको छैन । यस परिस्थितिले अनुसन्धानको प्रभाव र पहुँच बढाउने अवसर गुमिरहेको प्रतिष्ठानले महसुस गर्दै आएको छ ।
- प्रतिष्ठान नेपाल सरकारका लागि सल्लाहकारीय भूमिकामा मात्र रहेको हुँदा अनुसन्धानका उपलब्धि र नीति सिफारिसहरूले सरकारी नीतिहरूलाई प्रभावकारी रूपमा के-कसरी प्रमाण-सुसूचित गरेका छन् र नीतिगत सुधारमा प्रतिष्ठानका सुझाव र सिफारिसहरू कसरी कार्यान्वयनमा आएका छन् भन्ने मुल्याङ्कन गर्न सजिलो छैन । सरकारी पद्धतिमा संस्थागत/संरचनागत परिवर्तनको गति सुस्त रहने र व्यवस्थित प्रभाव मूल्याङ्कन ढाँचाको अभावका कारण अनुसन्धानद्वारा प्रमाणित तथा प्रमाण-सुसूचित नीतिहरूको दीर्घकालीन प्रभाव अभिलेखीकरण गर्न सकिने अवस्था पनि छैन ।
- उच्च दरको तलब व्यवस्था भएका अन्तर्राष्ट्रिय नियोग तथा गैरसरकारी संस्थाहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुँदा योग्य र अनुभवी अनुसन्धानकर्ताहरूलाई आकर्षित गर्नु तथा प्रतिष्ठानमा टिकाइराख्नु चुनौतीपूर्ण बन्दै गएको छ । प्रतिष्ठानजस्ता सरकारी अनुसन्धान संस्था (विशेषज्ञ समूह) हरूलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी बन्न अनुसन्धान विधिहरूको निरन्तर उन्नयन, उन्नत र नवीनतम् प्रविधिहरूको अवलम्बन तथा बलियो नीति परिस्थितिकीय प्रणाली र अन्तर्राष्ट्रिय सञ्जाल कायम राख्न आवश्यक हुन्छ, जुन नीतिगत तथा बजेट सीमाका कारण तत्कालका लागि चुनौतिपूर्ण देखिन्छ ।

## ५.२ अवसर

- नेपाल सरकारले आफ्नो वार्षिक बजेटमा नै नीति अध्ययन गर्ने संस्थाहरूको क्षमता विकासमा सहयोग गर्ने नीति लिई सोहीअनुरूप प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नीति प्रयोगशाला (Policy Lab) स्थापना भई उक्त प्रयोगशालाको निर्देशक समितिको सदस्यको रूपमा प्रतिष्ठानले सम्बन्धित सबै निकायको समन्वय र सहकार्यमा कार्य गर्ने अवसर पनि प्राप्त भएकाले मुलुकको नीति निर्माण प्रक्रियालाई प्रमाणमा आधारित बनाउने कार्यमा प्रतिष्ठानलाई थप अवसर प्राप्त भएको छ ।
- सङ्घीय तहका विधायिकी निकायहरू र अन्तर्गतका संसदीय समितिहरू लगायत अन्तर्राष्ट्रिय तहसम्मका सार्वजनिक नीतिमा कार्य गर्ने संस्थाहरूले प्रतिष्ठानसँग समभ्कदारीमा हस्ताक्षर गरी सहकार्यका केही क्रियाकलापहरू सुरु समेत गरेकाले यसले प्रतिष्ठानको संस्थागत विकास र विस्तारमा सहयोग पुगी संस्थाको उद्देश्यमा थप योगदान दिने देखिन्छ ।
- विभिन्न कानुन वा नेपाल सरकारले स्थापना गरेका संयन्त्र एवम् आयोगहरूमा प्रतिष्ठानको भूमिका थप स्पष्ट हुँदै गई सोही अनुसार प्रतिष्ठानलाई नेपाल सरकारले ती मञ्च र अवसरहरूमा सहभागी गराउँदै आएकाले प्रतिष्ठानले यस भूमिकालाई अवसरको रूपमा लिएको छ ।
- प्रतिष्ठानलाई प्राप्त कार्यादेश अनुसारका अध्ययन तथा अनुसन्धानका लागि विशेषगरी प्राथमिक तथ्याङ्क सङ्कलन, स्थलगत नीति संवाद र समूह केन्द्रित छलफलजस्ता कार्यहरूका लागि अध्ययन टोलीलाई स्थल भ्रमण (फिल्ड) गर्नुपर्ने हुन्छ । तर, फिल्ड भ्रमणका क्रममा होटल बास र खाना/खाजा खर्चका लागि नेपाल सरकारबाट तोकिएको दररेट हालको बजार मूल्यको तुलनामा अत्यन्तै कम भएकाले स्थलगत अनुसन्धान कार्य सञ्चालनमा कठिनाइ देखिएको छ । यस समस्याको समाधानका लागि नेपाल सरकारले भ्रमण खर्चसम्बन्धी छुट्टै दररेट स्वीकृत नगरेसम्म प्राथमिक तथ्याङ्क सङ्कलन कार्य चुनौतीपूर्ण भइरहने देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची १: आ.व. २०८१/८२ मा प्रतिष्ठानबाट प्रकाशित अध्ययन तथा अन्य संस्थागत सामग्रीहरूको सूची

